

# दुई शब्द

राज्यको पुनर्संरचनाको सिलसिलामा स्थापित यस गाउँपालिकाको यथार्थ विद्यमान अवस्था झल्काउने पार्श्वचित्र तयारीले गाउँपालिकाको विकासको वर्तमान अवस्थालाई चित्रण गरेको छ। यस्तो यथार्थ चित्रणले आगामी दिनमा हामीले तर्जुमा गर्नुपर्ने नीति, योजना तथा कार्यक्रमहरूलाई प्राथमिकीकरण गरी उपलब्ध सीमित श्रोत साधनको अधिकतम र किफायती सदुपयोग गरी गाउँपालिकाको दीगो विकासलाई गति प्रदान गर्न आवश्यक सहयोग पुऱ्याउने आशा एवं विश्वास लिएको छु। यस अध्ययन प्रतिवेदनले प्राय: सबै क्षेत्र तथा वस्तुगत यथार्थलाई समेटिएको भएता पनि सीमित समय तथा स्रोत साधनको सीमाभित्र गरिएको अध्ययन आफैमा पूर्ण हुन सक्दैन। यसलाई समय सापेक्ष परिष्कृत र परिमार्जित गर्ने दायित्व हाम्रो काँधमा आएको महशुस गरेका छौँ।

गाउँपालिका क्षेत्रभित्रको योजनावद्ध विकासको मार्ग दर्शनको रूपमा रहने यो पार्श्वचित्र समयमै तयार गर्न महत्वपूर्ण जिम्मेवारी वहन गरी सघाउ पुऱ्याउने गाउँ कार्यपालिकाका कार्यकारी अधिकृत, लगायत वडा कार्यालयका सम्पूर्ण कर्मचारीहरू एवं निर्वाचित जनप्रतिनिधि लगायत तथ्याङ्क उपलब्ध गराउने सम्पूर्ण विषयगत कार्यालय, संघसंस्था तथा अन्य सबैमा गाउँपालिकाको तर्फबाट म आभार प्रकट गर्न चाहन्छु। यसै गरी यो अध्ययन प्रतिवेदन समयमै सम्पन्न गर्ने इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौँलाई हार्दिक धन्यबाद दिन चाहन्छु।

अन्तमा गाउँपालिकाको समृद्धि, दीगो विकास र सुसम्पन्नताको आधार चित्रको खाका तयार गर्न यो प्रतिवेदन फलदायी बनोस र दीर्घकालिन सोचका साथ अगाडि बढ्न हामी सबैलाई दिशा निर्देश प्राप्त होस भन्ने सुभेच्छा प्रकट गर्दछु।



अयोध्या थारु

अध्यक्ष

# मेरो भन्नु

दिगो र योजनाबद्ध विकासलाई गतिशिल बनाउनका लागि गाउँपालिकाको समग्र तथ्याङ्क आवश्यक पर्दछ । यसै आवश्यकतालाई मध्यनजर गरी गाउँपालिकाको पार्श्वचित्र तयार गरिएको छ । जसमा गाउँपालिका क्षेत्रभित्रका विषयगत कार्यालयहरूबाट संकलन गरिएका तथ्यहरूमा आधारित भई उपलब्ध भएसम्मका जनसंख्या, कृषि, शिक्षा, स्वास्थ्य, यातायात, सञ्चार, वन, सिंचाई, खानेपानी, विद्युत आदिका तथ्याङ्क समावेश गरी पार्श्वचित्र तयारी गरिएको छ ।

यस गाउँपालिकाको अध्ययन गर्न चाहने विद्यार्थी, अनुसन्धानकर्ता, योजना निर्माणकर्ता तथा स्थानीयबासीहरूलाई पार्श्वचित्रले सूचना प्रदान गर्न सहयोग पुग्ने छ भन्ने मैले आशा लिएकी छु । पार्श्वचित्रमा उल्लेखित विवरणमा गाउँपालिकाको राजनैतिक तथा प्रशासनिक विवरण छुट्टिने नक्सा, भू-वर्गीकरण तथा भू-उपयोग नक्साका साथै राष्ट्रिय जनगणना २०६८ का विविध पक्षहरू समावेश गरिएको छ ।

अन्तमा प्रस्तुत पार्श्वचित्र तयारी गर्ने सिलसिलामा सूचना संकलन गर्न प्रत्यक्ष र परोक्षरूपमा सहयोग गर्नु हुने गाउँ कार्यपालिकाका कर्मचारीहरू, वडा सचिवहरू, सम्पूर्ण विषयगत कार्यालय, संघ/संस्था, सामाजिक परिचालक, तथा शुरुदेखि तथ्याङ्क संकलन, प्रशोधन गरी पार्श्वचित्रलाई पूर्णता दिनुहुने परामर्शदाता श्री इन्टेन्सिभ स्टडी एण्ड रिसर्च सेन्टर प्रा.लि. काठमाडौंलाई विशेष धन्यबाद दिन चाहन्छु ।

अमृता गुरुङ्ग
उपाध्यक्ष



# भनाई

नेपालको संविधानको धारा २९५ को उपधारा (३) मा व्यवस्था भए बमोजिम सम्वत २०७३/११/२२ गतेको मन्त्रीपरिषदको निर्णयबाट स्थानीय तहको गठन भई सम्वत २०७३/११/२७ गते नेपाल राजपत्रमा प्रकाशन भएसँगै साविकका ५ वटा गाविसहरू (चिल्हिया, मैनहिया, हर्नैया, दयानगर र पश्चिम अमवा) गाभिएर स्थापना भएको हो सियारी गाउँपालिका। वास्तवमा कुनै पनि ठाउँको न्यायोचित एवं समानुपातिक विकासको लागि प्रथमत: उक्त क्षेत्रभित्रको भौगोलिक, सामाजिक, आर्थिक तथा विपद् व्यवस्थापन एवं पूर्वाधार लगायतका पक्षहरुको वारेमा यथार्थ स्थिति एवं वस्तुनिष्ठ जानकारी प्राप्त गर्नु अत्यावश्यक हुन्छ। जव हामीले समृद्धिको परिकल्पना गरेको क्षेत्रको यथार्थ विवरणको चित्रण गर्न सकिन्छ तव त्यस्ता क्षेत्रहरूमा आवश्यकता र औचित्यका आधारमा आम नागरिकले अनुभूत गर्ने किसिमको सेवा प्रवाह गर्नुका साथै सर्वाङ्गीण विकास तथा निर्माणका कार्य मार्फत नागरिकको दैनिक जीवनलाई सहजीकरण तुल्याउन र सुसम्पन्न भौगोलिक क्षेत्रको रुपमा परिवर्तन गरी राष्ट्रिय तथा अन्तराष्ट्रिय स्तरमा चिर परिचित बनाउन सकिन्छ।

मलाई विश्वास छ यस गाउँपालिकाको पार्श्वचित्र (Rural Municipality Profile) मार्फत गाउँपालिका क्षेत्रभित्रका सामाजिक, आर्थिक, भौगोलिक, शिक्षा तथा स्वास्थ्य लगायत अन्य विभिन्न विषयगत क्षेत्रहरुका बारेमा अधिकतम, बस्तुनिष्ठ एवं यथार्थ ज्ञान प्राप्त गर्न सकिनेछ। यद्यपि यो नै पर्याप्त भने हुनेछैन। तसर्थ यस पार्श्वचित्रलाई समयसापेक्ष वार्षिक रुपमा अद्यावधिक गरी निरन्तरता दिएको खण्डमा गाउँपालिकाको वार्षिक योजना, वजेट तथा कार्यक्रम तर्जुमा एवं सामाजिक सुरक्षाका कार्यक्रम र विपद व्यवस्थापनका कार्यलाई व्यवस्थित र उच्चतम फलदायी बनाउन उल्लेखनीय भूमिका खेल्नेछ।

यथार्थमा पार्श्वचित्र गाउँपालिकाको समग्र पक्षहरुको बारेमा समेटेको जानकारी पुस्तिका हो। सही पार्श्वचित्रको निर्माणले आर्थिक, सामाजिक, भौगोलिक लगायतका विभिन्न क्षेत्रहरुमा अतुलनीय विकास निर्माणका कार्य गर्न यसले मार्ग दर्शनको भूमिका खेल्दछ। तसर्थ यस गाउँपालिका क्षेत्रभित्रको बहुजातीय, बहुभाषिक, बहुधार्मिक, बहुसांस्कृतिक तथा भौगोलिक विविधतायुक्त विशेषतालाई विकास निर्माणका माध्यमद्वारा सम्बोधन गरी त्यसको लाभको समान वितरण मार्फत विविधताबीचको एकता, सामाजिक साँस्कृतिक ऐक्यवद्धता कायम गर्दै गाउँपालिकाबासीका आर्थिक उन्नति, समुद्धि र सामाजिक न्याय सुनिश्चित गर्न समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माणमा यस पार्श्वचित्रले आधार प्रदान गर्नेछ भन्ने विश्वास लिएको छु।

विष्णु प्रसाद ढुङ्गाना
कार्यकारी अधिकृत

# विषयसूची


खण्ड १ : भूमिका १

१.१ पृष्ठभूमि १

१.२ पार्श्वचित्र तयारीको उद्देश्यहरू १

१.३ गाउँपालिका पार्श्वचित्र तयारी विधि २

१.४ गाउँपालिका पार्श्वचित्र तयारीका सीमाहरू २

खण्ड २ : सियारी गाउँपालिकाको परिचय ३

२.१ संक्षिप्त परिचय ३

२.२ गाउँपालिकाको स्थापना ५

२.३ भौगोलिक अवस्थिति ७

२.४ राजनैतिक तथा प्रशासनिक केन्द्र ८

२.५ भूक्षेत्र (टोपोग्राफी) ९

२.५.१ माटोको बनावट र उर्वराशक्ति १०

२.५.२ भू-आकृति तथा माटोको बनोट १०

२.५.३ हावापानी १०

२.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर ११

२.७ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू १३

२.८ गाउँपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध १४

२.९ विकासमा देखिएका समस्या तथा चुनौतीहरू १४

२.१० सिमसार क्षेत्र १५

२.११ नदी नालाहरू १५

२.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू १८

२.१३ मुख्य चाडपर्वहरू २०

२.१४ सँस्कृति, कला र भाषा २१

खण्ड ३ : जनसाङ्खिक विवरण २४

३.१ जनसंख्याको विवरण २४

३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण २७

३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण २८
३.४ उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण २९
३.५ उमेर समूहअनुसार जनसख्याको विवरण ३१
३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण ३२
३.७ मातृभाषाअनुसार जनसंख्याको विवरण ३३
आदिवासी ३४
उत्पीडित समुदाय ३५
३.८ धर्मअनुसार जनसंख्याको विवरण ३५
३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण ३७
३.१० घरमुलीको लैङ्गिक विवरण ३८
३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण ३९
३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण ४१
३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण ४२
३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण ४२
३.१५ छानाको आधारमा घरको बनोटको विवरण ४३
३.१६ जगको आधारमा घरको बनोटको विवरण ४४
३.१७ भवन संवेदनशीलता ४५
३.१८ बसाई सराईको अवस्था ४५
३.१९ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण ४६
**खण्ड ४ : भू-उपयोग** ४७
४.१ गाउँपालिकाको भू-उपयोगको विवरण ४८
४.२ शहरीकरणको स्वरूप ४८
४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program) ४९
४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरूप ५१
४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू ५२
४.५ भू-क्षय सम्भावित क्षेत्र ५२
४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण ५३
**खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति** ५५
५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप ५५
५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था ५६

५.३ आश्रित जनसंख्याको विवरण ५६
५.४ कृषि ५७
५.४.३ कृषि बालीमा लाग्ने रोग ५८
५.४.८ बाली पात्रो ५९
५.४.९ कृषि बजारीकरण ५९
५.४.१२ जग्गाको उर्वराशक्ति ६०
५.५ सिंचाइ ६०
५.६ पशुपालन ६०
५.६.१ पशु नश्ल ६१
५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू ६२
५.६.५ गाउँपालिकामा दुग्ध बजारीकरण तथा दुग्ध उत्पादक सहकारी संस्था ६४
५.६.७ मासु बजारीकरण ६५
५.९ व्यापार तथा उद्योगको विवरण ६५
५.१० थोक तथा खुद्रा व्यापार ६६
५.१०.१ निकासी पैठारी स्थिति ६६
५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था ६७
५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा ६७
५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति ६७
५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण ६८
५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू ६८
५.१२ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण ७०
५.१४ सहकारी संस्थाको विवरण ७०
५.१५ संघ संस्था तथा विभिन्न समुहहरू ७३
खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार ७४
६.१ यातायात ७४
६.२ संचार ७६
६.२.२ टेलिफोन/मोबाइल ७६
६.२.३ हुलाक सेवा ७६
६.३ विद्युत ७७

६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण ७७

६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण ७८

## खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा ८०

७.१ शिक्षा ८०

७.१.१ शिक्षक विवरण ८२

७.१.२ विद्यार्थी विवरण ८२

७.२ साक्षरता स्थिति ८३

७.२.१ शैक्षिक जनशक्तिको विवरण ८४

७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण ८५

७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण ८६

७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण ८७

७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू ८८

७.३ स्वास्थ्य ८९

७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers) ८९

७.३.२ सुंडेनी (TBA) ९०

७.३.३ गाउँघर क्लिनीक र नियमित खोप ९०

७.३.४ एच. आई. भी./एडसको अवस्था ९०

७.३.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण ९१

७.३.६ खोपको विवरण ९१

७.३.७ बाल्यकालमा हुने रोगका जोखिम ९२

७.३.८ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर ९२

७.३.९ बालपोषण सम्वन्धी विवरण ९२

७.४ खेलकुद तथा मनोरञ्जन ९३

७.५ नागरिक सुरक्षा सेवा ९४

७.५.१ बृद्धबृद्धाहरूको अवस्था ९४

७.६ महिला तथा बालबालिका ९४

७.६.१ महिला सम्बन्धी विवरण ९४

७.६.२ बालश्रमको अवस्था ९५

७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका ९५

७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति ९६

७.६.५ बालक्लब ९६

७.६.६ बालबालिका तथा महिला हिंसा ९७

७.७ अपाङ्गताको विवरण ९८

७.८ खानेपानी तथा सरसफाई ९९

७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण १००

७.८.२ खानेपानीको विवरण १००

७.८.३ शौचालयको विवरण १०१

७.८.४ वडागत शौचालयको संख्याको विवरण १०२

७.८.४ खुला दिशामुक्त क्षेत्र १०३

७.९ फोहोर मैला व्यवस्थापन १०३

## खण्ड ८ : वन तथा वातावरण १०४

८.१ प्राकृतिक वन तथा वनस्पती १०४

८.२ जैविक विविधता सम्वन्धी विवरण १०४

८.३ गाउँपालिकामा पाईने वन्यजन्तु १०५

८.४ वनजंगल १०६

८.४.१ सामुदायिक वन १०६

८.४.२ धार्मिक वन १०८

८.४.३ सरकारद्वारा व्यवस्थित वन १०८

८.४.४ निजी वन १०९

८.५ वन संरक्षणका लागि चाल्नु पर्ने कदम १०९

## खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति ११०

९.१ मानव विकास सुचकको विवरण (HDI) ११०

९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index) १११

९.३ मानव विकास र गरीबी १११

९.४ गरिबी न्यूनीकरण १११

९.५ समग्र विकास स्थिति ११२

# खण्ड १ : भूमिका

## १.१ पृष्ठभूमि

वैज्ञानिक योजना पद्धतिका लागि विश्वसनीय तथा भरपर्दो तथ्याङ्कीय आधार नै महत्वपूर्ण हुन्छ। सही तथ्याङ्कले तुलनात्मक अध्ययन, अनुसन्धान, विश्लेषण, विवेचना गर्न सम्भावनाहरूको खोजी गर्ने महत्वपूर्ण भूमिका खेल्ने हुनाले गाउँपालिका क्षेत्रमा रहेका विषयगत कार्यालयहरू तथा अन्य संघसंस्थाहरूको तथ्यगत स्थिति झल्कने गरी उपलब्ध भएसम्मका सूचनाहरूलाई व्यवस्थित ढंगले सङ्कलन गरी यो पार्श्वचित्र तयार गरिएको छ।

कुनै पनि स्थानीय तह (नगरपालिका/गाउँपालिका) ले आफ्नो क्षेत्रको विकासको लागि भरपर्दो तथ्याङ्कीय आधार तयार गर्नुपर्ने प्रावधान रहेको छ। चौंधौ योजना (२०७३/०७४-२०७५/०७६) ले पनि गाउँपालिकाहरूको तथ्याङ्कीय आधार तयार गर्ने कार्यलाई नीतिगत प्राथमिकता दिएका र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयको (सचिवस्तर) निर्णयले पनि विकास योजना सम्बोधनका लागि स्थानीयले भौगोलिक सूचना केन्द्र (GIS) स्थापना र मानव स्रोत विकास योजना तर्जुमा गर्नुपर्ने थप दायित्व उल्लेख गरेको छ। यसै प्रयोजनको लागि गाउँपालिकाको वस्तुस्थिति झल्कने गरी गाउँपालिका पार्श्वचित्र (Rural Municipality Profile) तयार गरिएको हो।

## १.२ पार्श्वचित्र तयारीको उद्देश्यहरू

पार्श्वचित्र मूलत: सियारी गाउँपालिकाको आगामी नीति तथा कार्यक्रम, योजना तर्जुमा गर्नका लागि तथ्याङ्कीय आधार सृजना गर्ने सन्दर्भमा तयार गरिएको हो। यसले योजना तथा कार्यक्रमको निर्माण कार्यान्वयन, अनुगमन, मूल्याङ्कनजस्ता कुराको लेखाजोखा गर्न मद्दत गर्दछ। यसका साथै निम्न अनुसारका उद्देश्यहरू रहेका छन्।

क) गाउँपालिकाभित्र रहेका सेवा सुविधाहरूको बारेमा जानकारी गराउने।

ख) गाउँपालिका क्षेत्रभित्रको सम्भावना र चुनौतीहरूको अवगत गराउने।

ग) गाउँपालिकाको जनसांख्यिक तथा विकासात्मक वस्तुस्थितिको बारेमा जानकारी गराउनु।

घ) गाउँपालिका भित्र बसोवास गर्ने मानिसहरूको आर्थिक, सामाजिक, धार्मिक, शैक्षिक, तथा पेशागत स्थितिको बारेमा जानकारी गराउने।

ङ) गाउँपालिका क्षेत्रभित्र रहेका प्राकृतिक स्रोत साधन तथा सीपको पहिचान गरी समष्टिगत विवरण प्रस्तुत गर्ने।

च) गाउँपालिकाको वास्तविक र वस्तुगत सूचना संकलन तथा व्यवस्थापनमा सहयोग गर्ने।

छ) गाउँपालिका क्षेत्रको तथ्याङ्कको आधारमा जिल्ला तथा राष्ट्रिय स्तरसम्म सूचनाको उपलब्धता गराई व्यवस्थापनमा सहयोग गर्ने।

ज) गाउँपालिका स्तरमा सञ्चालित कार्यक्रमको पृष्ठपोषण (Feedback) प्रदान गरी आगामी कार्यक्रमको लागि मार्गनिर्देश गर्ने।

झ) गाउँपालिकाको भावि योजना तथा कार्यक्रम र नीति निर्माणको कामलाई आधार प्रदान गर्ने ।

ञ) स्थानीय आवश्यकता र स्रोत साधनको विनियोजनको अवस्थाको जानकारी गराउने ।

## १.३ गाउँपालिका पार्श्वचित्र तयारी विधि

पार्श्वचित्र तयारीको क्रममा के-कस्ता तरिका र साधनहरूको प्रयोग गरियो त्यसैलाई अध्ययन विधीमा उल्लेख गरिएको छ । गाउँपालिका पार्श्वचित्रका तयारीका विधीहरू निम्नानुसार छन् ।

१. सियारी गाउँपालिकाको विभिन्न क्षेत्रको स्थलगत भ्रमण गरी तथ्याङ्क सङ्कलन गरिएको छ ।

२. यसमा विषयगत कार्यालय तथा विभिन्न संघसंस्थाहरूबाट उपलब्ध तथ्याङ्कहरू समावेश गरिएको छ ।

३. राष्ट्रिय जनगणना, कृषि गणना, विभिन्न सर्वेक्षण, मानव विकास प्रतिवेदन आदिका नतिजाहरू समावेश गरिएको छ ।

४. भौतिक विकास पूर्वाधार विकास, सामाजिक विकास, आर्थिक विकास, वित्तीय व्यवस्थापन तथा संस्थागत विकास आदि, नतिजा, सूचकहरू, पुस्ट्याईका आधारहरू, जोखिम पक्षहरू, कार्यक्रमको पहिचानजस्ता विषयवस्तु समावेश गरिएको छ ।

पार्श्वचित्र तयार गर्ने कार्य प्राथमिक तथा द्वितीय सूचना संकलन गरी गरिएको छ । भू-उपयोग, सडकहरू र सो को गुणस्तर तथा वातावरणीय समस्याहरूजस्ता प्राथमिक तथ्याङ्कहरू, डिजिटल तथ्याङ्क (GIS data), स्थलस्वरूप नक्शा, हवाई नक्शा, नापी नक्शा, स्थलगत निरीक्षण तथा अन्तरर्वाता गरी संकलन गरिएको छ । वडा तहका समस्याहरू र आवश्यकता वडा बासीहरू बीच सहभागितामूलक सहभागिता मुलक मूल्याङ्कन पद्दति (Participatory Rapid Appraisal) अपनाई जानकारी लिइएको छ । यसका साथै गाउँपालिकाको स्थिति विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूका पदाधिकारीहरू, वृद्धिजिवीहरू उपलब्ध प्रतिष्ठित व्यक्तित्वहरूसंग छलफल एवं अर्न्तवार्ता गरी गाउँपालिकाका प्रमुख समस्या एवं विकासका सम्भावनाहरू माथि जानकारी लिईएको छ । गाउँपालिकाका समग्र तथ्याङ्कहरू जस्तै भौतिक, वातावरणीय, सामाजिक, आर्थिक, वित्तीय एवं संस्थागत तथ्याङ्कहरू गाउँपालिका कार्यालय लगायत गाउँपालिका अन्तर्गतका सरकारी एवं गैरसरकारी कार्यालयहरूको रेकर्डबाट र केही तथ्याङ्कहरू विभाग तथा अन्य निकायहरूबाट प्रकाशित प्रतिवेदन एव पुस्तकहरू अध्ययन गरी संकलन गरिएको छ ।


## १.४ गाउँपालिका पार्श्वचित्र तयारीका सीमाहरू

राष्ट्रिय योजना आयोग र सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रालयले निर्धारण गरेबमोजिम गाउँपालिका पार्श्वचित्र तयार गर्दा प्रयोग गरिएका तथ्याङ्कको स्रोत र आधार वर्ष खुलाईएको छ । गाउँपालिकाका विभिन्न सरकारी तथा गैरसरकारी कार्यालय, अन्य संघसंस्थाले उपलब्ध गराएका तथ्याङ्क, केन्द्रीय तथ्याङ्क विभाग, विभिन्न मन्त्रालय र अन्तर्गतका विभागहरू, सम्बन्धित गाउँपालिका आदि स्रोतहरूबाट उपलब्ध तथ्याङ्कको आधारमा यो वस्तुगत विवरण तयार गरिएको छ । पार्श्वचित्रको अवधारणाअनुसार यस दस्तावेजले सियारी गाउँपालिकाको सम्पूर्ण पक्षको यथार्थ जानकारी सरल एवं स्पष्ट रूपमा दिन्छ । अध्ययनलाई यथासक्य वस्तुगत बनाउने प्रयास गरिएको छ । तैपनि स्रोत, साधन तथा समयको परिधिले यस अध्ययनलाई पनि केही सीमिततामा बाँधेएको छ । यस अध्ययनमा निर्धारित उद्देश्यका आधारमा आवश्यकताअनुसार तथ्याङ्क संकलन गरिएको छ ।

# खण्ड २ : सियारी गाउँपालिकाको परिचय

## २.१ संक्षिप्त परिचय

सियारी गाउँपालिका ५ नं प्रदेश अन्तर्गत रूपन्देही जिल्लामा अवस्थित छ। भौगोलिक हिसाबले ८२ डिग्री २० मिनेटदेखि ८२ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेटदेखि २७ डिग्री ३७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित रहेको छ। करीब ६६.१७ वर्ग.कि.मि. क्षेत्रफल रहेको सियारी गाउँपालिकाको उत्तरमा सुद्धोधन गाउँपालिका, पश्चिम र दक्षिणमा मायादेवी गाउँपालिका रहेको छ भने पूर्वमा तिलोत्तमा र ओमसतिया गाउँपालिका रहेका छन्। सियारी गाउँपालिकालाई मिति २०७३ फागुन २२ गते सियारी गाउँपालिकामा साविकको चिल्हिया, मैनहिया, हर्नैया, दयानगर, र पश्चिम अमवा गा.वि.स.हरूलाई समावेश गरी जम्मा ७ वडा कायम गरी सियारी गाउँपालिका घोषण गरिएको हो। गाउँपालिकाको वडा नं २, ३, ४, ५, ६ र ७ वडा छोएर बग्ने सियारी खोला जसले वडा नं २ देखि ७ सम्म सिंचाई सुविधा प्रदान गर्दै आएको छ। यसै खोलाको नामबाट गाउँपालिकाको नामकरण गरिएको हो। सियारीको अधिकतम तापक्रम ४३.४० डिग्री, न्युनतम तापक्रम ८.७८ डिग्री रहेको पाईन्छ । सामुदायिक र संस्थागत गरी ११ वटा माध्यामिक विद्यालय, ४२ आधारभूत विद्यालय र ५७ वटा अन्य गरी जम्मा ११० वटा शिक्षण संस्थाहरू संचालित छन्। रूपन्देही जिल्लामा नयाँ गठन भएका गाउँपालिकाहरूमा विकासका सम्भावना बोकेको गाउँपालिकाको रूपमा सियारी गाउँपालिका रहेको छ। यसका साथै सचेत राजनैतिक दल र उत्प्रेरित गाउँवासी समेत यो गाउँपालिकाको दरिलो अनि दीगो विकासको श्रोतका रूपमा रहेका छन्। यस गाउँपालिकामा विभिन्न जातजाती तथा धर्म मान्ने व्यक्तिहरूको बसोबास रहेको छ। राष्ट्रिय जनगणना २०६८ को तथ्याङ्कअनुसार सबैभन्दा बढी थारु जाति ७,९५८ जना (२०.६९%), दोस्रोमा ब्राम्हण पहाडी ४,७४३ (१२.३३ %) र तेस्रोमा यादव ३,९२१ (८.२०%) हरूको बसोबास रहेको छ। औषत पारिवारिक आम्दानीमा कृषि व्यवसायको सबैभन्दा ठूलो हिस्सा रहेको छ भने स्थानीय बासिन्दाको आम्दानीको मुख्य श्रोतको रूपमा वैदेशिक रोजगारी पनि एक हो। परम्परागत प्रणालीको कृषि ब्यवसायको विकल्प खोजिरहेका यहाँका बासिन्दा आधुनिक जीवनशैलीमा रमाउन थालेका छन्। स्थानीय जनशक्ति रोजगारी तथा अध्यायनका लागि विदेशिने क्रम अत्यधिक बढिरहेको छ। गाउँपालिकाको अधिकांश घरमा विद्युतीकरण भएको भएतापनि केही सिमान्तकृत वर्गमा रहेका नागारिक भने विद्युतीय उपभोगको पहुँचमा पुग्न सकिरहेका छैनन्। योजनाबद्ध विकास कार्यक्रम कार्यान्वयनमा कठिनाई तथा आवश्यक आर्थिक व्यवस्थापनमा कठिनाई हुनुले यस गाउँपालिका क्षेत्रको अपेक्षित विकास हुन सकिरहेको देखिँदैन । विभिन्न समुदाय, जातजातीका मानिसको बसोबास रहेको यस क्षेत्रमा विभिन्न चाडपर्व मनाउने गरिन्छ। दशैं, तिहार, माघि, होलि, गौरा, कृष्णजन्माष्टमी, बकरइद, आईतबारी, छठपर्व, बुद्धजयन्ती, क्रिष्मस आदि यहाँका प्रमुख चाडपर्वको रूपमा रहेको पाईन्छ।




नक्सा नं. १: सियारी गाउँपालिकाको समग्र वस्तुस्थिति


## २.२ गाउँपालिकाको स्थापना

राज्यको पुनसंरचनासँगै नेपालको संविधानको धारा २९५ को उपधारा (३) बमोजिम गठित गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सिमाना निर्धारण आयोगले मिति २०७३ पुस २२ मा पेश गरेको प्रतिवेदनअनुसार माननीय सङ्घीय मामिला तथा स्थानीय विकास मन्त्रीको संयोजकत्वमा गठित समितिले मिति २०७३/११/२० मा पेश गरेको प्रतिवेदनको आधारमा नेपाल सरकारले मिति २०७३/११/२२ मा देहाय बमोजिम साविकका गा.वि.स.हरू ( चिल्हिया, मैनहिया, हर्नैया, दयानगर, र पश्चिम अमवा) लाई समावेश गरी सियारी गाउँपालिका घोषणा गरिएको थियो । हाल सियारी गाउँपालिकाको संरचना यस प्रकार रहेको छ ।

तालिका नं. १ : सियारी गाउँपालिकाको वडा विभाजन


| वडा नं. | समावेश भएका सविक गा.वि.स.हरू | सविकको वडा नं. |
|---|---|---|
| १ | चिल्हिया | १ - ९ |
| २ | मैनहिया | १ - ९ |
| ३ | हर्नैया | १ - ९ |
| ४ | दयानगर | ३,४,६-८ |
| ५ | दयानगर | १,२,५,९ |
| ६ | पश्चिम अमवा | १ -३,९ |
| ७ | पश्चिम अमवा | ४ - ८ |

*स्रोत : सङ्घीय मामिला तथा स्थानिय विकास मन्त्रालय*




नक्सा नं. २: सियारी गाउँपालिकाको वडा विभाजन

## २.३ भौगोलिक अवस्थिति




नक्सा नं. ३: सियारी गाउँपालिकाको उचाइ वितरण

नेपालको ५ नं. प्रदेश रूपन्देही जिल्ला अन्तर्गत अवस्थित ६६.१७ वर्ग कि.मि. क्षेत्रफल फैलिएको यस सियारी गाउँपालिकाको उत्तरमा सुद्धोधन गाउँपालिका, पश्चिम र दक्षिणमा मायादेवी गाउँपालिका रहेको छ भने पूर्वमा तिलोत्तमा र ओमसतिया गाउँपालिका रहेका छन्। समथर तराई क्षेत्रमा पर्ने यस गाउँपालिकाको अधिकांश क्षेत्र खेतीयोग्य अति उर्भर जमीनले ओगटेको भए पनि पछिल्ला वर्षहरूमा सहरीकरणको प्रभावले जग्गा टुक्रिने क्रम बढेको छ। यो गाउँपालिका समुन्द्री सतहबाट १०० देखि १२७ मिटरको उचाइमा रहेको छ।

## २.४ राजनैतिक तथा प्रशासनिक केन्द्र


सियारी गाउँपालिका नेपाल सरकारले मिति २०७३/११/२२ मा साविकका गा.वि.स.हरू ( चिल्हिया, मैनहिया, हर्नैया, दयानगर, र पश्चिम अमुवा) लाई समावेश गरी स्थापना भएको हो। यस गाउँपालिकाको प्रशासनिक केन्द्र साविकको हर्नैया गा.वि.स.को कार्यालय भएको स्थान हाल वडा नं. ३ मा रहेको छ। यस गाउँपालिकामा २०७३ फाल्गुन ९ गतेसम्म १८ वर्ष पुरा भएका मतदाता संख्या २०८९८ जना रहेका छन्। महिलाको तुलनामा पुरुष ७६० जनाले बढि रहेका छन्। जहाँ पुरुषको संख्या १०,८२९ जना र महिलाको संख्या १०,०६९ जना रहेको छ। यस गाउँपालिकामा ७ वटा वडाहरूमा १३ ओटा निर्वाचन केन्द्र रहेका छन्। जसको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. २ : सियारी गाउँपालिकाको मतदाता विवरण

| क्र.सं. | मदान केन्द्र | मदाता संख्या | | | वडा नं |
|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | |
| १ | चिल्हिया मा.वि., चिल्हिया | ७८७ | ८४४ | १६३१ | १ |
| २ | जनता माध्यामिक विद्यालय, चिल्हिया | ७५६ | ८३९ | १५९५ | १ |
| ३ | नवदुर्गा आधारभूत विद्यालय, सेमरा | ७१९ | ५८७ | १३०६ | २ |
| ४ | भगदरी आधारभूत विद्यालय, भगदारी | ५०९ | ४१४ | ९२३ | २ |
| ५ | मैनहिया मा.वि., मैनहिया | ९१९ | ६७० | १५८९ | २ |
| ६ | जहत्था माध्यामिक विद्यालय, हर्नैया | १३५८ | १०९९ | २४५७ | ३ |
| ७ | पब्लिक मा.वि., कृष्णनगर | ७०० | ६६२ | १३६२ | ४ |
| ८ | लिलाधर घिमिरे जनता कलेज, छपिया | ८२२ | ७७८ | १६०० | ४ |
| ९ | विरेन्द्र मा.वि., दुर्गापुर | ५६६ | ६०५ | ११७१ | ५ |
| १० | सिद्ध माध्यामिक विद्यालय, सिद्धपुर | ६३५ | ४६३ | १०९८ | ५ |
| ११ | सिद्धार्थ मा.वि., मदनगंज | १४५८ | १५५२ | ३०१० | ६ |
| १२ | जनता मा.वि., पूर्वटोल | ११३५ | ११४८ | २२८३ | ७ |
| १३ | समय मा.वि., कनरी | ४६५ | ४०८ | ८७३ | ७ |
| | जम्मा | १०८२९ | १००६९ | २०८९८ | |

*स्रोत : निर्वाचन आयोग, २०७४*

## २.५ भूक्षेत्र (टोपोग्राफी)




नक्सा नं. ४: सियारी गाउँपालिकाको भिरालोपना

### २.५.१ माटोको बनावट र उर्वराशक्ति

भौगोलिक हिसाबले ८२ डिग्री २० मिनेटदेखि ८२ डिग्री २८ मिनेट पूर्वी देशान्तर र २७ डिग्री ३१ मिनेटदेखि २७ डिग्री ३७ मिनेट ३० सेकेण्ड उत्तरी अक्षांशमा अवस्थित रहेको छ। प्राकृतिक सम्पदाको हिसाबले यो गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर भूमिको धनी गाउँपालिका हो। यहाँको करिव ८१ प्रतिशत जमिन खेतीपातीको लागि उपयोग भएको देखिन्छ। करीव १६.५५ प्रतिशत जमिन वनजंगलले ओगटेको छ भने २.४९ प्रतिशत जलक्षेत्रले ओगटेको छ। गाउँपालिकाको प्रमुख खाद्यान्न तथा अन्न बालीहरू धान, गहुँ, मकै, मास, मुसुरो, अरहर, आलस, तोरी आदि हुन्।

### २.५.२ भू-आकृति तथा माटोको बनोट

सियारी गाउँपालिका दक्षिणी भागको समथर तराइ क्षेत्र रहेको छ। यस क्षेत्रमा चिम्टाइलो, बलौटे र दोमट माटो पाइन्छ।


### २.५.३ हावापानी

जलवायुको हिसाबले यस गाउँपालिका उष्ण प्रदेशीय प्रकारको हावापानी रहेको छ। उष्ण प्रदेशीय हावापानी पाइयता पनि वसन्त गृष्म र वर्षा ऋतु अर्थात चैतदेखि भाद्रसम्म यहाँ अत्यधिक गर्मी हुन्छ भने आश्विन, कार्तिक, मंसिर, र फागुनमा समशितोष्ण किसिमको हावापनी पाईन्छ। पौष र माघमा हुस्सु लाग्नुको साथै निकै जाडो हुन्छ र असाढदेखि भाद्रसम्म भारी वर्षा हुन्छ। मौसम विभागको तथ्याङ्कअनुसार यस गाउँपालिकाको अधिकतम तापक्रम ४३.४० डिग्री सेल्सियससम्म पुग्छ भने न्युनतम ८.७८ डिग्री सेल्सियससम्म हुन जान्छ। यस रूपन्देही जिल्लाको १२ महिनाको औषत तापक्रम र वर्षाको विवरण तलको तालिकामा दिइएको छ।

तालिका नं. ३ : रूपन्देहीको तापक्रम विवरण (१९८१-२०१०)

| रूपन्देहीको मौसमी विवरण (सन् १९८१-२०१०) | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **महिना** | जनवरी | फ्रेबरी | मार्च | एप्रिल | मे | जुन | जुलाई | अगष्ट | सेप्टेम्बर | अक्टुबर | नभेम्बर | डिसेम्बर |
| अधिकतम औषत तापक्रम °C | २१.० | २५.४ | ३१.३ | ३६.१ | ३६.४ | ३५.५ | ३३.० | ३३.४ | ३३.० | ३२.२ | २८.९ | २४.१ |
| न्यूनतम औषत तापक्रम °C | ८.८ | १०.७ | १४.६ | १९.९ | २३.६ | २५.७ | २५.९ | २५.९ | २४.७ | २०.३ | १४.५ | १०.२ |
| सरदर वर्षा mm | १७.७ | १९.२ | १६.७ | २६.४ | ८२.३ | २६९.४ | ५४५.६ | ३९५.५ | २५३.५ | ७७.५ | ८.२ | १३.३ |

*स्रोत: जल तथा मौसम विज्ञान विभाग, २०६८*




## २.६ गाउँपालिकामा रहेको सम्भाव्यता र अवसर

गाउँपालिका क्षेत्रमा रहेका सम्भाव्यता र अवसर अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार, तालतलैया तथा नदीनालाहरूमा माछापालन व्यवसाय, आधुनिक कृषि व्यवसायजस्ता थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू रहेका छन्।

समग्रमा यस सियारी गाउँपालिका भित्र कृषि पेशा अंगाल्ने घर परिवारको संख्या उच्च रहेको छ। गाउँपालिकामा रहेको खेती योग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी, मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भावनाहरू रहेको छ।

गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वराशक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा बस्न लायक स्थानको जोहो गर्न सकिनेछ।

गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपन्छी (पोल्ट्री फर्म) उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई विस्तार गर्नुको साथै सडकको स्तरोन्नति गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि

विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।

यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणमैत्री प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

गाउँपालिकाको क्षेत्रमा प्राकृतिक नदी तथा खोलाहरू भएको र थप केही अन्य ठाउँहरूमा ताल निर्माण गरी माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र खासगरी भारतबाट आयात हुने माछा प्रतिस्थापन भई स्वदेशकै माछाले बजार लिने सम्भावना रहेको छ।

गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटी खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारीकरण गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

गाउँपालिका तथा नेपालमै बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ। यस गाउँपालिकाको इच्छुक युवाहरूलाई सिपमुलक तालिम प्रदान गर्नसकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठूलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

यसका अतिरिक्त सियारी गाउँपालिकाको विकासका लागि विभिन्न सम्भावनामूलक उपायहरूलाई निम्नानुसार उल्लेख गर्न सकिन्छ ।

- ✓ गाउँपालिका क्षेत्र भित्र रहेका नदी तथा खोलाहरूबाट आधुनिक कुलो तथा नहर मार्फत् पानी सिंचाई गरी व्यावसायिक रूपमा खेती गर्न सके कृषि उत्पादनमा उल्लेखनीय वृद्धि हुन सक्छ ।
- ✓ स्थानीय कच्ची सडकको स्तर वृद्धि गरी कालोपत्रे गर्न सके स्थानीय वासिन्दाले भरपुर सुबिधा लिनुका साथै समग्र गाउँपालिकाको सुन्दरतामा वृद्धि हुन सक्छ ।
- ✓ तरकारी, पशुपालन तथा अन्य कृषि उत्पादनको बजारको लागि समस्या नभएकोले व्यवसायिक कृषि उत्पादनलाई नै जोड दिनु सहज तथा उचित देखिन्छ ।
- ✓ गाउँपालिका क्षेत्रमा थप औद्योगिक विस्तार गर्न सके स्थानीय स्तरमा रोजगारी बृद्धि गर्नसक्ने प्रशस्त सम्भावना देखिन्छ ।
- ✓ यस क्षेत्रमा विभिन्न ऐतिहासिक, धार्मिक, साँस्कृतिक स्थानहरू रहेकाले पर्यटन विकास गर्न सकिने प्रशस्त सम्भावना रहेको छ ।

- ✓ सरकारी, गैरसरकारी तथा निजी संघसंस्थाहरू यस क्षेत्रमा क्रियाशिल रहेकाले गाउँपालिकाको विकासमा साझेदारी हुन सक्ने देखिन्छ।
- ✓ गाउँपालिका क्षेत्रमा उपभोक्ताहरूको वृद्धि भैरहेको सन्दर्भमा उद्योग, व्यापार र वाणिज्यको विकास हुन सक्ने सम्भावना देखिन्छ।

## २.७ गाउँपालिकाको समस्या, चुनौती, अवसर र सम्भावनाहरू

सियारी गाउँपालिकाको सामाजिक तथा भौतिक विकासका लागि विद्यमान चुनौती तथा समस्याहरूलाई निम्न बुँदामा संक्षेपीकरण गर्न सकिन्छ।

- ✓ ताल, वन, उर्बर कृषि जमिन, नदी नाला, सम्म भौगलिक अवस्था र जैविक विविधताजस्ता प्राकृतिक सम्पदाको यथेष्ट उपलब्धता देखिन्छ।
- ✓ शिक्षित मानविय श्रोतमा वृद्धि हुँदै गएको देखिन्छ।
- ✓ युवा जनसमुदायको बाहुल्यता देखिन्छ।
- ✓ राष्ट्रिय राजमार्ग प्रणालीसंग आवद्ध भएको छ।
- ✓ शिक्षा केन्द्रहरूको संचालनमा व्यवस्था
- ✓ पर्यटन क्षेत्रको विकास
- ✓ जनसहभागितामा कमी
- ✓ गाउँपालिकाको क्षेत्रभित्र आवश्यक रोजगारमुलक उद्योगधन्दा, कल कारखाना नहुनु।
- ✓ गाउँपालिका क्षेत्रमा खानेपानी तथा सार्वजनिक चर्पीको अझै पनि उचित व्यवस्थापन हुन नसक्नु।
- ✓ गाउँपालिका क्षेत्रभित्रका धेरै सडकहरू कच्ची तथा कम गुणस्तरको रहनु।
- ✓ प्रचुरमात्रामा कृषियोग्य भूमि भएतापनि व्यावसायिक खेतीको विकास हुन नसक्नु।
- ✓ आयश्रोतको कमिले गाउँपालिकाको स्तरीय विकास प्रकृयामा समस्या उत्पन्न हुनु।
- ✓ बढ्दो शहरीकरणलाई ब्यवस्थित बनाउन नसक्नु।
- ✓ आकासे पानीमा निर्भर सिचाई
- ✓ परम्परागत कृषि प्रणाली
- ✓ वर्षेनी डुवान तथा कटानको समस्या कृषियोग्य भूमि खण्डिकृत हुदै प्रयोग बिहीन हुनु।

## २.८ गाउँपालिकाको अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध

कुनै पनि नगरपालिका तथा गाउँपालिकाको अर्को नगरपालिका अथवा गाउँपालिका बिच कुनै न कुनै रूपमा एक आपसमा सम्बन्ध रहेको हुन्छ। सम्बन्धको प्रकृति र दुरी गाउँपालिका/नगरपालिकाहरू बिच फरक-फरक हुन सक्दछ। मानव विकासको निम्ति विभिन्न स्थानहरूमा आवत जावत गर्नु पर्ने, उपलब्ध स्रोत र साधनको परिचालन गर्ने क्रममा एक गाउँपालिकाले अर्को गाउँपालिकामा निर्भर रहनु पर्ने हुन्छ। ती अन्तरनिर्भताका मुख्य क्षेत्रहरू, यातायात, बसाईसराई, कृषि तथा पशु उपज, वन पैदावर, पर्यटन, रोजगारी, प्राकृतिक स्रोत उपयोग एवं व्यवस्थापन, शिक्षा, स्वास्थ्य आदि हुन्। यस गाउँपालिकामा भएका विविध खाले सुविधा प्राप्त गर्न अन्य गाउँपालिका/नगरपालिकाबाट आउने गरेको देखिन्छ भने यस गाउँपालिका क्षेत्रका बासिन्दा पनि अन्य नगरपालिका तथा जिल्लाहरूमा किन मेल, कृषि उत्पादन तथा अन्य औद्योगिक उत्पादन बिक्री गर्न जाने गरेको तथा अत्यावश्यक स्वास्थ्य सेवा तथा उच्च शिक्षाका लागि पनि अन्य स्थानीय तहमा जाने गरेको पाइन्छ।  यहाँको विभिन्न घरेलु उद्योगबाट उत्पादित वस्तु तथा विभिन्न सेवाहरू अन्य गाउँपालिका/नगरपालिकासम्म निर्यात गर्ने गरेको पाइन्छ जसले गर्दा यहाँका स्थानीय बासिन्दाको आयस्तरमा बृद्धि हुन पुगेको छ। यी विविध कारणले अन्तर नगरपालिका/गाउँपालिका सम्बन्ध अझ बढी सुदृढ भएको देखिन्छ।

साथै, यस गाउँपालिकाको छिमेकी गाउँपालिका/नगरपालिका तथा जिल्ला समन्वय समितिजस्ता सरकारी निकायहरूसँग राम्रो सम्वन्ध रहेको छ। फलत: यस क्षेत्रको विकासात्मक कृयाकलापको सञ्चालनमा समन्वय गर्ने गरिएको छ। त्यसैगरी विभिन्न राष्ट्रिय तथा अन्तराष्ट्रिय गैर सरकारी संस्थासँग समेत राम्रो सम्वन्ध रहेको छ।

## २.९ विकासमा देखिएका समस्या तथा चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीब्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा वर्गीकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यलय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन।

- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रूपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। शहरी बस्तीहरूबाट उत्सर्जन हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।

- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकी पूर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुनु जरुरी रहेको देखिन्छ।

✓ सियारी गाउँपालिकाको बैज्ञानिक बसोबास योजनाको आधार तयार गरी व्यवस्थित विकासमा जोड दिनु आवश्यक देखिन्छ। बस्तीहरूको विकासको लागि गुरुयोजना बनाई आवासीय क्षेत्र, व्यवसायिक क्षेत्रहरू, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेलमैदानजस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र निर्धारण गर्न जरुरी देखिएको छ।

## २.१० सिमसार क्षेत्र

नदी, नाला, तलाउ, पोखरी, कुवा, धाप तथा दलदले क्षेत्रहरू खासगरी जहाँ जमिन लुक्दैन पानी सुक्दैन त्यस्ता क्षेत्रहरूलाई सिमसार भनिन्छ। यस गाउँपालिकामा तिनाउ नदी, सियारी खोला, दानव नदी, नन्द भाउजु ताल र अन्य स-साना खोला तथा पोखरीहरू यस गाउँपालिकाका सिमसार क्षेत्रको रूपमा रहेका छन्। यस गाउँपालिकामा रहेका ताल/पोखरीहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४ : ताल पोखरीहरूको विवरण

| क्र.सं | ताल/पोखरी | वडा नं |
|---|---|---|
| १ | नन्द भाउजु ताल | १ |
| २ | परम्परागत भगदेरी पोखरी (सम्भेट) | २ |
| ३ | कालिका मन्दिरको पोखरी | ४ |
| ४ | समयमाईको पोखरी | ७ |
| ५ | सिद्ध प्रा.वि.को पोखरी | ५ |

*स्रोत : सियारी गाउँपालिका, २०७४*

## २.११ नदी नालाहरू




गाउँपालिकाका विभिन्न भौगोलिक क्षेत्र तथा वडाहरूमा फैलिएर रहेका नदी, नाला, खोला, तालतलैयाहरू र असंख्य पोखरीहरूले प्रशस्त जलभण्डार गर्नुका साथै विभिन्न किसिमका जलचरहरू र पंछीहरूलाई सुरक्षित बासस्थानको रूपमा आश्रय दिइरहेको पाइन्छ। साथै यस्ता तालतलैयाहरूबाट पशुहरूले पानी पिउने र किसानहरूले समेत बेलाबखत आंशिकरूपमा सिंचाईको लागि पानीको प्रयोग गरेको देखिन्छ। मानव वस्तीको विकास र बसाईसराईको चापका साथै अनुत्पादक पशुहरूको अत्यधिक चरीचराउ र उपयोगले प्राकृतिक तालतलैयाहरूमा भूक्षय भई पुरिने क्रम जारी छ यस गाउँपालिकामा रहेका प्रमुख नदी तथा खोलाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५ : **नदी तथा खोलाहरूको विवरण**


| क.सं | नदी/खोला | वडाहरू | प्रकृति |
|---|---|---|---|
| १ | तिनाउ नदी | १, २, ३ र ७ | नदी कटान, ढुंगा, बालुवा खानीको रूपमा रहेको |
| २ | सियारी खोला (तपाहु खोला) | २, ३, ४, ५, ६ र ७ | सिंचाई सुविधा पुऱ्याएको |
| ३ | घाँघरा खोला | १ | सिंचाई सुविधा पुऱ्याएको |
| ४ | दानब खोला | ४ | नदी कटान, ढुंगा, बालुवा खानीको रूपमा रहेको |

*स्रोत : सियारी गाउँपालिका, २०७४*




नक्सा नं. ५: सियारी गाउँपालिकामा रहेका नदीहरूको सञ्जाल

## २.१२ धार्मिक, प्राकृतिक तथा पर्यटकीय महत्वका स्थलहरू




नक्सा नं. ६: सियारी गाउँपालिकामा रहेका धार्मिक स्थलहरू

अनुपम प्राकृतिक सौन्दर्य, प्रचुर जैविक विविधता, बहुजातीय, बहुभाषीय बहुधर्म र सामाजिक विविधता एवं ऐतिहासक तथा साँस्कृतिक सम्पदाले भरिपूर्ण नेपाल विश्व पर्यटन मानचित्रमा प्रमुख पर्यटकीय गन्तव्यस्थलको रूपमा सुपरिचित छ। विज्ञान, प्रविधि र सञ्चार प्रणालीमा भएको अभूतपूर्व विकासले समस्त विश्व नै एउटा नगरको रूपमा परिणत हुँदै गइरहेको अवस्थामा नेपालले यस्ता राष्ट्रिय सम्पदालाई विश्व सामु प्रस्तुत गर्दै विश्व पर्यटन बजारलाई आकर्षित गरी अत्यधिक लाभ लिन सक्ने क्षमता अभिवृद्धि गर्नु आवश्यक छ। पर्यटन व्यवसाय आफैंमा राष्ट्रिय अर्थतन्त्रको विकासको प्रमुख आधार भएकोले यस व्यवसायको विविधीकरण र विस्तारद्वारा आम नागरिकको जीविकोपार्जन र रोजगारीका अवसरमा वृद्धि गरी जनताको जीवनस्तरमा सुधार गर्नु अपरिहार्य भएको छ। यस प्रयोजनार्थ एकातर्फ नेपालका यी विविध सम्पदाको समुचित संरक्षण र सम्वर्द्धन गर्नु अत्यावश्यक भएको छ भने अर्कोतर्फ अन्तर्राष्ट्रिय हवाई यातायात सेवा लगायत पर्यटन सेवासँग सम्बद्ध सबै प्रकारका पूर्वाधार विकास गर्दै पर्यटन सेवा उद्योगको संख्यात्मक एवं गुणात्मक वृद्धि गर्नु आवश्यक छ।



प्राकृतिक ताल, तलैया, सिमसार क्षेत्र तथा नदीहरू र हरियाली, अत्यन्तै नजिकबाट अवलोकन गर्न सकिने रमणीयतामा आन्तरिक तथा बाह्य पर्यटकहरूको भ्रमण हुने गर्दछ। भौगोलिक कालक्रमको इतिहासमा यहाँ बग्ने साना र ठूला खोला तथा नदीहरू र पोखरीहरूको निर्माण हुन गएको छ।

तालिका नं. ६ : सियारी गाउँपालिकामा रहेको मठ, मन्दिर तथा गुम्बाको विवरण

| वडा नं | मन्दिर/गुम्बा/मस्जीद |
|---|---|
| १ | शिव मन्दिर, शिव पार्वतीको प्रतिमा, गोर्खा मनकामना मन्दिर, देवी पान्चायान मन्दिर, भगवान गौतम बुद्ध र हनुमानका मूर्ति, दुर्गा मन्दिर आदि। |
| २ | काली मन्दिर, दुर्गा मन्दिर, मस्जिद, कोटहीमाई मन्दिर आदि। |
| ३ | राम जानकी मन्दिर, बुद्ध विहार आदि। |
| ४ | कृष्ण मन्दिर, प्राचिन कालिका मन्दिर, दुर्गा मन्दिर, विष्णु मन्दिर, शिव मन्दिर, मस्जिद आदि। |
| ५ | सिद्ध कालिका मन्दिर, दुर्गा मन्दिर, राम जानकी मन्दिर, आदि। |
| ६ | दुर्गा मन्दिरहरू र शिव मन्दिरहरू, आदि। |
| ७ | मस्जिद भर्दापुरा, समयमाई मन्दिर, कालिका मन्दिर, आदि। |

*स्रोत : सियारी गाउँपालिका, २०७४*

## २.१३ मुख्य चाडपर्वहरू

यस गाउँपालिकामा विभिन्न जाती, धर्म सम्प्रदाय र भेषभुषाका मानिसहरू बसोबास गर्दछन्। यहाँ अधिकांश हिन्दू धर्म मान्ने मानिसहरू रहेका छन् भने त्यस्तै मुस्लिम र क्रिस्चियन धर्म मान्ने मानिसहरू पनि छन्। सबै जातजाती र सम्प्रदायका आ-आफ्नै खाले धर्म संस्कृति र चालचलनहरू छन्।

- बडादशैं
- तिहार
- माघी
- रामनवमी
- महाशिवरात्री
- हरितालिका
- श्रीपञ्चमी
- श्रीकृष्ण जन्माष्टमी
- विवाह पञ्चमी
- छठ
- होली
- चैते दशैं
- साउने-माघे सक्रान्ती
- मातातीर्थ औंशी (आमाको मुख हेर्ने औंशी)
- अक्षय तृतीया
- हरिशयनी-हरिबोधनी एकादशी
- नागपञ्चमी
- रक्षाबन्धन (जनैपूर्णिमा)
- कुशे औंशी (बाबुको मुख हेर्ने औंशी)
- बालाचतुर्दशी
- कोजाग्रत पूर्णिमा
- श्री स्वस्थानी पूर्णिमा
- नयाँ वर्ष सोह्रश्राद्ध
- सिरुवा (विशेषगरी थारु-खवास)
- कूल-थानी पूजा
- ग्रामथान पूजा
- करवा चौथ
- कर्कट संक्रान्ति
- भुर्की पूजन
- बुद्धजयन्ती
- सुवरात, ईद
- वकरईद

- मोहरम
- ग्यारही सरिफ
- इदुलफितर
- क्रिशमस डे
- नयाँ वर्ष
- भ्यालेनटाईन डे
- होली
- आइतबारी
- देवीजात
- आत्तवारी चराईहरू (राना थारु जातिको)
- धुरिया पूजा
- भूतुवा पूजा
- पुसे १५
- ओल्के
- असारे १५
- गंगा दशहरा
- विसु तिहारे आदि ।

## २.१४ सँस्कृति, कला र भाषा

सियारी गाउँपालिकामा विभिन्न सँस्कृति, कला, भाषा भएका मानिसहरूको बसोबास रहेको छ । गाउँपालिकामा विभिन्न किसिमका जातजाति, धर्म र भाषाभाषी बोल्ने परिवारहरूको बसोबास रहेको छ । थारु समुदायले यस्तै, भुइँकला, वेदी, नाग, अष्टदल, ज्योति कला, टोटमवादी कला, गौरा (मूर्ति कला), गाँज (पुत्ला, देवीको प्रतीक पुत्ला), विजय सालको गिलाँस, काष्ठ कला, तेल हाल्ने चाडी, पाल्लो, कोशी, छाप्रो, ढकिया, डोको, नाम्लो, ढकिया, ढेरी, गिलाँसलगायत विभिन्न किसिमका कला, सँस्कृतिहरू प्रचलनमा रहेका छन् । विद्यमान सबै कला, सँस्कृतिको अध्ययन र संरक्षणको अभावका कारण कतिपय कला, सँस्कृति , परम्परा अमूर्त र लोपोन्मुख अवस्थामा रहेका छन् ।

यस गाउँपालिकामा बसोबास गर्दै आएका थारु समुदाय सँस्कृतिले गाउँपालिकाको साँस्कृतिक पर्यटनलाई आकर्षण गरेको छ । जसको विस्तृत विवरण तल उल्लेख गरिएको छ ।

**थारु सँस्कृति:**



गाउँपालिकाको पर्यटनका बहुआयामिक पक्षमध्ये मौलिक सँस्कृति प्रमुख हुन्छ । समाजशास्त्रीय दृष्टिकोणअनुसार सँस्कृतिको वृहत तथा व्यापक अर्थ र परिभाषा हुन्छ । समग्रमा मानिसको जीवनशैली, व्यवहार, चिन्तन, मूल्य, मान्यता परम्परा, विश्वास, कला, भाषा, चालचलन, धर्म आदि पक्षहरूको समिष्टिगत अवधारणा नै साँस्कृतिक पक्ष हो । तराईका जिल्लाहरूमा बसोबास गर्दै आएका रैथाने थारु समुदाय मौलिक सँस्कृतिको दृष्टिले धनी छन् । थारु जातिको मौलिक र रैथाने जीवनशैली, ज्ञान र सीप रहेका छन् । यद्यपि, आधुनिक जीवनशैली र विभिन्न साँस्कृतिक समूहहरू सँगको सम्बन्ध र प्रभावले गर्दा उनीहरूको साँस्कृतिक मौलिकतामा केही क्षय हुन पुगेको देखिन्छ ।

सियारी गाउँपालिकामा २०.६९ प्रतिशत थारु समुदायको बसोबास रहेको छ । थारु जातिसँग रहेको मौलिक साँस्कृतिक पक्ष र रैथाने आदिवासी ज्ञानको अभिलेखीकरण तथा संरक्षण आवश्यक छ । साँस्कृतिक पर्यटन आन्तरिक तथा बाह्य पर्यटकहरूको चासो र आकर्षण बन्न पुगेको छ । सियारी गाउँपालिकाको ग्रामीण पर्यटनलाई एकीकृत गर्ने क्रममा यस क्षेत्रमा थारु रेस्टुरेन्ट र भोजनालयको विकास गरी उनीहरूको विशिष्ट परिकार पस्कने प्रयास जरुरी छ । त्यसैगरी, उनीहरूको भेषभूषा, नाचगान, बाजा, गीत र खेलहरूको प्रदर्शन र प्रस्तुतीकरणको माध्यमबाट आन्तरिक र बाह्य पर्यटकलाई आकर्षित गर्न सकिन्छ । काठमाडौंको नेवार सँस्कृति, मनाङ र मुस्ताङको गुरुङ तथा थकाली, सोलुको सेर्पा, लमजुङको घलेगाउँ गुरुङ, स्याङ्जाको सिरुबारी सँस्कृति ग्रामीण साँस्कृतिक-पर्यटन विकास भएका गन्तव्य स्थलहरू हुन् । यस सन्दर्भमा सियारी क्षेत्र थारु सँस्कृतिको पर्यटकीय गन्तव्यस्थल बन्न सक्ने प्रशस्त सम्भावन छ ।

भिन्नभिन्न ठाउँ र परिवेशबाट एउटै ठाउँमा बसोबासका लागि आएका समुदायका सँस्कृति, कला र चालचलनको अनुपम संगम थलोका रूपमा सियारी विकास भएको छ। खासगरी रैथाने आदिवासी थारु समुदायको मौलिक सँस्कृति, चालचलन, भेषभूषा, भाषा, लवाइखवाइ सियारीको साँस्कृतिको सम्पदा बनेको छ। थारु समुदायका गाउँवस्ती प्राय:मा बढी जनघनत्व रहेको हुन्छ। यिनीहरू एक्लै बस्न रुचाउँदैनन्। गुज्मुज्ज परेको भूइतले घरहरू रहेको वस्तीलाई थारु समुदायको वस्ती भनेर सहजै अनुमान गर्न सकिन्छ। थारु समुदायमा मुखिया, बडघर वा चौधरी प्रथा हालसम्म पनि कायम छ। थारु समुदायमा परिवार संख्या निकै ठूलो हुने गर्दछ। यद्यपि आधुनिकतासँगै थारु समुदायमा पनि परिवार विखण्डन हुने क्रम बढ्दो छ। निकै ठूलो परिवार संख्या हुने भएकोले नै भुइतले घर बनाउने प्रचलन रहेको मानिन्छ। थारुहरूले घर बनाउँदा उत्तर दक्षिण लामो पारेर बनाउने चलन छ। पूर्वको ढोकाबाट सूर्यको किरण राम्रोसित छिर्नसक्ने वा घरभित्रैबाट घाम ताप्न मिल्ने गरी घर बनाउने गरिएको छ। खासगरी, उत्तरपूर्वको कोठामा देउता राख्नुपर्ने हुँदा थारुले एकै किसिमका घर बनाउनुपर्ने बाध्यता जस्तै रहेको छ।

थारुहरूको घरको भित्तामा कुशलतापूर्वक माटोबाट मयूर, फूल, घोडाघोडी, हात्ती आदि जीवजन्तुको चित्र बनाएको पाइन्छ। घरका भित्तामा बनाएको माटोको चित्रबाट थारु समुदायले आफ्नो परम्परागत कलाको संरक्षण गरेको मान्नुपर्दछ भने अर्कोतिर उनीहरू परापूर्वकालदेखि नै कलाकारितामा निपूर्ण रहेको अनुमान गर्न सकिन्छ। लत्ताकपडा राख्नका लागि बनाइएका भौंका, सरसामान बोक्नलाई बनाइएका ढकिया आदि मौलिक हस्तकलाका द्योतक हुन्। घरमा कलात्मक झ्याल ढोका राख्ने चलनले उनीहरू काष्ठकलामा समेत निपूर्ण रहेको छ।

थारु भाषामा ऋतु अनुसारका नाचगान छन्। सजना, मैना, धमार, बडकीमार अथवा जन्माष्टमी र दशैंमा गाइने गीत, सखिया आदि थारु समुदायमा रहेका गितसंगितका उत्कृष्ट नमूना हुन्।

थारु जातिको छुट्टै मौलिक पोशाक रहेको छ। थारु जातिका लोग्ने मान्छेले धोती-कमीज, भेगवा, चदरी, जामा काकासुती र टोपी लगाउँछन् भने महिलाले अंगिया, लेहंगा गटिया र फरिया लगाउँछन्। तराईमा अन्य समुदायको बसोबास हुन थालेपछि भने थारु समुदायमा पनि आफ्नो मौलिक पोशाक लगाउने चलन विस्तारै कम हुँदै गएको पाइन्छ। चाडपर्व वा अन्य कुनै औपचारिक कार्यक्रममा मात्रै थारुले आफ्नो पोशाक लगाउने गरेको पाईन्छ।

थारु महिलाले टाउकोदेखि खुट्टासम्म गहना लगाउने चलन छ। निधारमा टिकुली र मगिया, नाकमा नठिया, नथुनी, बुलाकी र फेंफी, कानमा वीर, झिलमिलिया, लुर्की, कनबझवा, अइरम, टर्की, मरवारी र झुम्काझुम्की, घाटीमा सिक्री, माला, गटैया, कनसेहरी टौंक, सुत्या, धुरुवा आदि लगाउने गर्छन्। थारु जातीमा पनि दंगहा रझटिया, कठरिया र राना थारु समुदायका महिलाले लगाउने पोशाक तथा गरगहनामा विविधता पाइन्छ।

थारु जातिमा अतिथिलाई अति नै आदर गर्ने चलन रहेको छ। घरमा कुनै अतिथिको आगमन हुँदा खाटमा कम्बल वा दरी ओछ्याएर सम्मान गर्ने र पानी खुवाउने चलन छ। खाना खुवाउँदा पनि माछा, मासु वा सिद्रा, नभए अण्डा दिएर सम्मान गर्ने चलन छ। पाहुनालाई विदाई गर्दा पनि गाउँको सिमानासम्म या कुनै नदी या खोला तराएर विदाइ गर्ने गर्छन्।

# खण्ड ३ : जनसाङ्ख्खिक विवरण

## ३.१ जनसंख्याको विवरण


कुनैपनि स्थानको जनसंख्या विकासको साधन र साध्य दुवैको रूपमा रहेको हुन्छ। विकासको लागि आवश्यक अन्य आर्थिक, भौतिक साधनहरूको परिचालन मानव श्रोतबाट नै हुने भएकाले विकास योजना तर्जुमा गर्दा यसको बनावटको विविध पक्षहरूको अध्ययन र विश्लेषण आवश्यक हुन्छ। नेपालमा नगरस्तरमा जनसंख्याको विविध पक्षको तथ्याङ्क प्रत्येक १० वर्षमा हुने राष्ट्रिय जनगणनाबाट प्राप्त हुने गरेको छ। आगामी राष्ट्रिय जनगणना २०७८ हुने भएकोले यहा राष्ट्रिय जनगणना २०६८ को नतिजाको आधारमा जनसंख्याका विविध पक्षहरूको विश्लेषण गरिएको छ।

तालिका नं. ७ : जनसंख्याको विवरण


| विवरण | वि.सं. २०६८ |
|---|---|
| जम्मा जनसंख्या | ३८,४६६ |
| पुरुष | १८,५४९ (४८.२२ प्रतिशत) |
| महिला | १९,९१७ (५१.७८ प्रतिशत) |
| लैंगिक दर (१०० महिलामा पुरुष) | ९३.१३ |
| जम्मा घरधुरी | ६,७९२ |
| औषत परिवार आकार | ५.६६ |
| ५ वर्ष र सोभन्दा माथिको साक्षरता दर | ६९.६४ |
| जनघनत्व (प्रति वर्ग कि.मी.) | ५८० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

मथिको तालिकामा माथिला गाउँपालिकाको जनसंख्यको विवरण दिईएको छ। राष्ट्रिय जनगणना, २०६८ अनुसार सियारी गाउँपालिकाको जनसंख्या ३८,४६६ रहेको छ जस मध्ये पुरुष ४८.२२ प्रतिशत ( १८,५४९ जना) र महिला ५१.७८ प्रतिशत (१९,९१७ जना) रहेका छन्। सोहीअनुसार लैंगिक अनुपात (Sex Ratio) अर्थात् प्रति १०० महिलामा पुरुषको संख्या ९३.१३ रहेको छ। जनघनत्व ५८० जना प्रति वर्ग किलोमिटर रहेको छ। राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिकाको कुल जनसंख्या मध्ये ५३.७२ प्रतिशत १५ देखि ५९ वर्ष उमेर समूहका, ३४.२७ प्रतिशत १४ वर्ष वा सो भन्दा कम उमेरका र ७.६८ प्रतिशत ६० वर्ष वा सो भन्दा माथिल्लो उमेर समूहका रहेका छन्। राष्ट्रिय जनगणना, २०६८ अनुसार सियारी गाउँपालिकामा ६,७९२ घरपरिवार रहेका छन्। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ बमोजिम यस गा.पा. को कुल जनसंख्या मध्ये १.२७ प्रतिशत ( ४८७ जना) अपाङ्गता भएका जनसंख्या रहेका छन्। जसमध्ये २९६ जना पुरुष र १९१ जना महिला छन्। हाल यस गाउँपालिकामा प्रति परिवार औषत ५.६६ जना सदस्य रहेको देखिन्छ। नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ। देशमा सबैभन्दा बढी रौतहट जिल्लामा ६.४४ र सबैभन्दा कम कास्कीमा ३.९२ रहेको देखिन्छ।




नक्सा नं. ७: सियारी गाउँपालिकाको मुख्य बसोबास क्षेत्र




नक्सा नं. ८: सियारी गाउँपालिकाको वडाअनुसार क्षेत्रफल विभाजन


## ३.२ वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

तालिका नं. ८ : वडाअनुसार क्षेत्रफल, जनसंख्या तथा घरधुरी विवरण

| वडा नं. | जम्मा क्षेत्रफल | औषत परिवार आकार | जम्मा घरधुरी संख्या | जम्मा जनसंख्या | पुरुष | महिला | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| १ | ९.२६ | ५.७४ | ९६० | ५,५१४ | २६७८ | २८३६ | ५९५ |
| २ | ११.२ | ६.७९ | ११२५ | ७,६३४ | ३७९५ | ३८३९ | ६८२ |
| ३ | ११.२८ | ६.५१ | ७४६ | ४,८५८ | २३९७ | २४६१ | ४३१ |
| ४ | ९.१४ | ५.४८ | ९८६ | ५,३९९ | २६०२ | २७९७ | ५९१ |
| ५ | ७.६५ | ४.८९ | ७८३ | ३,८३० | १७८१ | २०४९ | ५०१ |
| ६ | ८.९५ | ५.०३ | १०३७ | ५,२१२ | २४२५ | २७८७ | ५८२ |
| ७ | ८.८७ | ५.२१ | ११५५ | ६,०१९ | २८७१ | ३१४८ | ६७९ |
| जम्मा | ६६.३५ | ५.६६ | ६,७९२ | ३८,४६६ | १८,५४९ | १९,९१७ | ५८० |

*नोट: माथिको तथ्याङ्कमा संस्थागत घरधुरी तथा जनसंख्या पनि समावेश गरिएको छ। स्रोत: राष्ट्रिय जनगणना २०६८*

कुल ७ वडामा विभाजन गरिएको यस सियारी गाउँपालिकाको वडागत जनसंख्याको तुलनात्मक विशलेषण गर्दा सबैभन्दा धेरै जनसंख्या भएको वडा नं २ रहेको छ जसमा जम्मा जनसंख्या ७,६३४ जहाँ पुरुषको ३,७९५ जना र महिलाको ३,८३९ जना रहेका छन्। यस वडाको औसत परिवार आकार ६.७९ जबकी नेपालको परिवारको औषत आकार ४.८८ रहेको छ यस वडाको घरधुरी संख्या १,१२५ रहेको छ। त्यस्तै सबैभन्दा थोरै जनसंख्या भएको वडा नं.५ रहेको छ जसको जनसंख्या ३,८३० जहाँ पुरुष १,७८१ जना र महिलाको २,०४९ जना रहेको छ भने घरधुरी संख्या ७३८ र औषत परिवार संख्या ५.४८ रहेको छ। जसको विस्तृत विवरण माथि तालिकामा उल्लेख गरिएको छ भने उक्त तालिकालाई तल स्पष्ट स्तम्भ तालिकामा देखाईएको छ।



## ३.३ १० वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

कुनै पनि देशले विवाहका लागि कानुनमै न्युनतम उमेर तोकेको हुन्छ। उक्त उमेर नपुग्दै विवह गरिन्छ भने त्यसलाई बालविवाहको रूपमा तथा कम उमेरमा गरेको विवाहका रूपमा लिने गरिन्छ। नेपालमा मुलुकी ऐन २०२० (एघारौं संशोधन २०५८) ले विवाह गर्दा महिला र पुरुषको उमेर संरक्षकको मञ्जुरी भए अठार वर्ष र संरक्षकको मञ्जुरी नभए वीस वर्ष नपुगी विवाहवारी गर्न नहुने कानुनी व्यवस्था गरेको छ। वर्तमान समयमा शिक्षाको प्रचारप्रसारका कारणले गर्दा व्यक्तिहरूमा विस्तारै चेतनामा अभिबृद्धि हुँदै आएको कारण वालविवाहको चलन घट्दै गइरहेको पाइन्छ। तापनि अझै केही स्थानहरूमा गलत सामाजिक परम्परा र मूल्य मान्यताका कारण नाबालक अवस्थामै विवाह गरिदिने चलन हालसम्म पनि रहेको देखिन्छ। आधुनिक संचार र सामाजिक संजालको दुरूपयोग गरी आफूखुसी वालविवाह गरेका घटनाहरू पनि सुन्नमा आउन थालेका छन्।

राष्ट्रिय जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षणअनुसार बाल विवाह गर्ने क्रममा १५ देखि १९ वर्षका किशोरीको प्रतिशत तुलनात्मक रूपमा बढ्दै गएको देखिन्छ। प्लान नेपाल लगायत अन्य संस्थाहरू मिलेर गरेको अध्ययन प्रतिवेदन सन् २०१२ अनुसार २६.७ प्रतिशत किशोरीहरू र ५.८ प्रतिशत किशोरहरूले बाल विवाह गरेको देखिन्छ। जुन २०६८ को जनसाङ्खिक तथा स्वास्थ्य सर्भेक्षण भन्दा घट्दो क्रममा देखिन्छ।यस सियारी गाउँपालिकाको वैवाहिक स्थितिको तल विवरणत्मक विशलेषण गरिएको छ।


तालिका नं. ९ : वर्ष वा सोभन्दा माथिका व्यक्तिहरूको बैवाहिक स्थितिको विवरण

| लिङ्ग | कहिल्यै विवाह नभएको | एक विवाह | बहु विवाह भएको | पुनः विवाह भएको | विधवा/विधुर | पारपाचुके भएको | छुट्टिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| पुरुष | ५७२१ | ७९६४ | २१३ | २२४ | २५४ | २७ | १० | १४४१३ |
| महिला | ५०१८ | १०२३१ | ६३ | ९७ | ६२२ | २० | १८ | १६०६९ |
| जम्मा | १०७३९ | १८१९५ | २७६ | ३२१ | ८७६ | ४७ | २८ | ३०४८२ |
| प्रतिशत | ३५.२३ | ५९.६९ | ०.९१ | १.०५ | २.८७ | ०.१५ | ०.०९ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिका यस गाउँपालिकामा १० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको वैवाहिक स्थितिको अवस्था देखाइएको छ। माथिको आँकडामा सियारी गाउँपालिकामा १० वर्षमाथिको उमेर समुहका व्यक्तिहरूमा गरिएको सर्वेक्षणमा कुल ३०,४८२ मध्ये १०,७३९ अर्थात ( ३३.२३ प्रतिशत) अविवाहित छन् भने यस गाउँपालिकामा कुल जनसंख्याको ६४.७७ प्रतिशत विवाहित छन्। जसमा एक विवाह गर्नेको संख्या १८,१९५ जना (५९.६९ प्रतिशत) र बहु विवाह गर्नेको संख्या २७६ जना (०.९१ प्रतिशत) रहेको छ। पुन: विवाह गर्ने ३२१ जना (१.०५ प्रतिशत), विधुवा/विधुर ८७६ जना (२.८७ प्रतिशत), पारपाचुके भएका ४७ जना (०.१५ प्रतिशत) र छुट्टिएका २८ जना (०.०९ प्रतिशत) रहेका छन्।

गाउँपालिकामा एक विवाह गर्ने महिलाको संख्या एक विवाह गर्ने पुरुषको भन्दा १२.४६ प्रतिशतले बढी रहेको छ भने बहु विवाह गर्ने पुरुषको संख्या २१३ हुँदा बहु विवाह गर्ने महिलाको संख्या ६३ रहेको देखिन्छ। यसको अन्तर ५४.३५ प्रतिशत देखिन्छ भने विदुर पुरुषको संख्या २५४ र विधवा महिलाको संख्या ६२२ रहेको छ। नेपाली समाजमा महिलाले श्रीमान्‌को मृत्यु भए पनि विवाह गर्नु हुँदैन भन्ने मान्यता र विधुवालाई हेरिने दृष्टिकोण रुढिवादी र परपरागत रहेको छ। यसकारण समाजमा विधुवा महिलको संख्या विदुर पुरुषको भन्दा बढी देखिन्छ। अझ नेपालमा श्रीमानको मृत्यु पछि श्रीमती सती जाने कु-प्रथा रहेको थियो तर सन् १९७७ मा चन्द्रशमशेरले सती प्रथाको अन्त्य गरी महिला माथिको अन्यायको जड उठाएका थिए। समाजिकरूपमा महिला र पुरुषको वैवाहिक स्थिति असमान देखिन्छ यसको साथै नेपाली समाजमा रहेको पितृसत्तात्मक गन्ध आजसम्म पनि देख्न सकिन्छ। यसको विवरणलाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।





## ३.४ उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

तालिका नं. १० : उमेर समूहअनुसार पहिलो विवाह गर्दाको उमेरको विवरण

| लिङ्ग | १०वर्ष सम्ममा | १०-१४वर्ष | १५-१९ वर्ष | २०-२४वर्ष | २५-२९ वर्ष | ३०-३४ वर्ष | ३५-३९ वर्ष | ४०-४४ वर्ष | ४५-५०वर्ष | ५० वर्ष माथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | २४६ | ११४९ | ३३७९ | २९९६ | ८४७ | १७० | ४० | १५ | ६ | १० | ८,८५८ |
| **महिला** | ९८२ | २८८४ | ५५५४ | १९४४ | १५४ | १९ | १० | ९ | ६ | ५ | ११,५६७ |
| **जम्मा** | १,२२८ | ४,०३३ | ८,९३३ | ४,९४० | १,००१ | १८९ | ५० | २४ | १२ | १५ | २०,४२५ |
| **प्रतिशत** | ६.०१ | १९.७५ | ४३.७४ | २४.१९ | ४.९० | ०.९३ | ०.२४ | ०.१२ | ०.०६ | ०.०७ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

१० वर्ष वा सोभन्दा माथिल्लो उमेरका विवाहित व्यक्तिहरूको पहिलो विवाह गर्दाको उमेरको विवरण देखाइएको छ। माथिको आँकडामा सियारी गाउँपालिकामा १० वर्षमाथिको उमेर समुहका व्यक्तिहरूमा गरिएको सर्वेक्षणमा गाउँपालिकामा कुल जनसंख्याको ६४.७७ प्रतिशत विवाहित छन । त्यस मध्ये सियारी गाउँपालिकामा १५ वर्षदेखि १९ वर्षसम्मको उमेर समूहमा विवाह गर्नेको संख्या ८,९३३ अर्थात् सबैभन्दा बढी (४३.७४ प्रतिशत) देखिन्छ भने त्यसपछि २० वर्षदेखि २४ वर्षसम्मको उमेर समूहको संख्या ४,९४० (२४.१९ प्रतिशत) देखिन्छ। तेस्रोमा १० देखि १४ वर्ष उमेरसमूहको संख्या ४,०३३ (१९.७५ प्रतिशत) रहेको छ भने १० बर्षसम्मका उमेरसमूहका बालबालिकाको पनि पहिलो विवाह गर्दाको जनसंख्या १,२२८ (६.०१ प्रतिशत) रहेको देखिन्छ। तथ्याङ्कले बालविवाह यद्यपि अभ्यासमा रहेको देखाउछ। तथापि पछिल्लो समयमा यस गाउँपालिका क्षेत्रमा बालविवाह क्रमश नियन्त्रण भएको छ। यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ।



## ३.५ उमेर समूहअनुसार जनसख्याको विवरण


तालिका नं. ११ : उमेर समूहअनुसार जनसंख्याको विवरण

| उमेर समूह | पुरुष | महिला | जम्मा | प्रतिशत | लैङ्गिक अनुपात |
|---|---|---|---|---|---|
| ०–४ | १८४३ | १७१८ | ३,५६१ | ९.२६ | १.०७ |
| ५–९ | २२९३ | २१३० | ४,४२३ | ११.५० | १.०८ |
| १०–१४ | २५६० | २६३९ | ५,१९९ | १३.५२ | ०.९७ |
| १५–१९ | २२६३ | २३१८ | ४,५८१ | ११.९१ | ०.९८ |
| २०–२४ | १५३३ | १९८३ | ३,५१६ | ९.१४ | ०.७७ |
| २५–२९ | १३३८ | १८०५ | ३,१४३ | ८.१७ | ०.७४ |
| ३०–३४ | १०९६ | १३३१ | २,४२७ | ६.३१ | ०.८२ |
| ३५–३९ | ९६६ | १२६४ | २,२३० | ५.८० | ०.७६ |
| ४०–४४ | ९६४ | १०९९ | २,०६३ | ५.३६ | ०.८८ |
| ४५–४९ | ८५९ | ८८५ | १,७४४ | ४.५३ | ०.९७ |
| ५०–५४ | ६८५ | ६५० | १,३३५ | ३.४७ | १.०५ |
| ५५–५९ | ६५१ | ६३७ | १,२८८ | ३.३५ | १.०२ |
| ६०–६४ | ५१३ | ५३८ | १,०५१ | २.७३ | ०९५ |
| ६५–६९ | ४०५ | ३६४ | ७६९ | २.०० | १.११ |
| ७०–७४ | २७८ | २४२ | ५२० | १.३५ | १.१५ |
| ७५–७९ | १५७ | १५५ | ३१२ | ०.८१ | १.०१ |
| ८०–८४ | ६८ | ९७ | १६५ | ०.४३ | ०.७० |
| ८५–८९ | ३९ | ३१ | ७० | ०.१८ | १.२६ |
| ९०–९४ | २५ | १६ | ४१ | ०.११ | १.५६ |
| ९५+ | १३ | १५ | २८ | ०.०७ | ०.८७ |
| **जम्मा** | १८,५४९ | १९,९१७ | ३८,४६६ | १००.०० | ०.९३ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग सन् २०११*

यस सियारी गाउँपालिका उमेरगत जनसंख्याको विवरण दिइएको छ। जसमा २०६८ को जनगणनाअनुसार ०-१४ वर्ष उमेर समूहको संख्या १३,१८३ (३४.२७ प्रतिशत) रहेको छ, १५-४५ वर्ष उमेर समूहको जनसंख्या १७,९६० (४६.६९ प्रतिशत) छ, काम गर्ने उमेरसमूह १५ देखि ५९ वर्षसम्मको जनसंख्या २२,३२७ (५८.०४ प्रतिशत) रहेको छ। लिङ्गको आधारमा हेर्दा महिलाको जनसंख्या १९,९१७ (५१.७८ प्रतिशत) र पुरुषको जनसंख्या १८,५४९ (४८.२२ प्रतिशत) रहेको र यसप्रकार महिला र पुरुषको जनसंख्याको अन्तर ३.५६ प्रतिशत देखिन्छ। देशको समग्र जनसंख्यामा महिलाको संख्या बढी रहेको छ। यस गाउँपालिकामा पुरुषको संख्या ३.५६ प्रतिशतले बढी देखिन्छ। ६० वर्ष भन्दामाथि उमेर समूहको संख्या २,९५६ (७.६८ प्रतिशत) रहेको छ। तथ्याङ्कले गाउँपालिकामा मानव स्रोतको प्रशस्तमात्रामा सम्भावना रहेको तथ्यलाई देखाउँछ। ५-९ देखि र १०-१४ उमेर समुहको जनसंख्याको बाहुल्यताले आगमि दिनहरूमा यस नगरले जनसाख्यिक लाभाशंको अत्यधिक उपयोग गर्न सक्ने संभावना देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा देखाइएको छ। यस विवरणलाई तल पिरामिडबाट स्पष्ट बनाईएको छ।

उमेर समूहअनुसार जनसख्याको विवरण





## ३.६ जातजाती समूहअनुसार जनसंख्याको विवरण

तालिका नं. १२ : **सियारी गाउँपालिकाको जनसंख्या र जातको विवरण**

| क्र.सं. | जातजाति | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | थारु | ७,९५८ | २०.६९ |
| २ | ब्राम्हण पहाडी | ४,७४३ | १२.३३ |
| ३ | यादव | ३,९२१ | १०.१९ |
| ४ | क्षेत्री | ३,१५६ | ८.२० |
| ५ | केवट | २,२२० | ५.७७ |
| ६ | मुसलमान | १,९२६ | ५.०१ |
| ७ | मगर | १,९०६ | ४.९६ |
| ८ | मल्लाहा | १,५२० | ३.९५ |
| ९ | चमार/हरिजन/राम | १,४३४ | ३.७३ |
| १० | कामी | १,०६० | २.७६ |
| ११ | धोबी | १,०३२ | २.६८ |
| १२ | कठवनिया | ७,५९० | १९.७३ |
| | जम्मा | ३८,४६६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं २०६८*

यस गाउँपालिकाको सामाजिक संरचनाको दृष्टिकोणबाट बढो विविधतायुक्त रहेको पाईन्छ। यसरी रूपन्देही जिल्लामा अवस्थित सियारी गाउँपालिकामा विभिन्न जातजाति, समूहअनुसार जनसंख्याको अवस्थालाई हेर्दा सबैभन्दा बढी थारु ७,९५८ जना (२०.६९ प्रतिशत), दोस्रोमा ब्राम्हण पहाडी ४,७४३ (१२.३३ प्रतिशत), तेस्रोमा यादव ३,९२१ (१०.१९ प्रतिशत), क्षेत्री ३,१५६ (८.२० प्रतिशत), केवट २,२२० (५.७७ प्रतिशत), मुसलमान १,९२६ (५.०१ प्रतिशत), मगर १,९०६ (४.९६ प्रतिशत) र मल्लाह १,५२० (३.९५ प्रतिशत) रहेका छन् भने गदेरी/भेधार, लोहार, सन्यासी/दशामी, बधाई, माझी, धन्कार/खरिकार, बङ्गाली जातिहरूको संख्या सबैभन्दा कम रहेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।





## ३.७ मातृभाषाअनुसार जनसंख्याको विवरण

तालिका नं. १३ : मातृभाषाअनुसार जनसंख्याको विवरण

| क्र.सं. | भाषा | जम्मा | प्रतिशत |
|---|---|---|---|
| १ | भोजपुरी | १८८०३ | ४८.८८ |
| २ | नेपाली | ११२१६ | २९.१६ |
| ३ | थारु | ४८५१ | १२.६१ |
| ४ | मैथिली | १६३९ | ४.२६ |
| ५ | अवधी | ८४५ | २.२० |
| ६ | मगर | ४२२ | १.१० |
| ७ | अन्य | ६९० | १.७८ |
| ८ | जम्मा | ४१,०३० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस गाउँपालिकामा अक्सर बसोबास गर्ने व्यक्तिहरूले बोल्ने विभिन्न मातृभाषाहरू जसमा बडो विविधता रहेको पाइन्छ। जनसांख्यिक अवस्थितिको तुलनात्मक अध्ययन गर्दा यस गाउँपालिकामा सबैभन्दा भोजपपुरी भाषा बोल्नेहरूको अर्थात १८,८०३ (४८.८८ प्रतिशत) रहेको देखिन्छ भने दोस्रोमा नेपाली भाषा ११,२१६ (२९.१६ प्रतिशत), तेस्रोमा थारु बोल्ने संख्या ४,८५१ (१२.६१ प्रतिशत) रहेको पाइन्छ। यसैगरी तामाङ्ग भाषा बोल्नेहरूको संख्या मैथली भाषा बोल्नेको संख्या १,६३९ (४.२६ प्रतिशत), आवदी भाषा बोल्नेहरूको संख्या ८४५ (२.२० प्रतिशत) रहेका छन्। यस्तै गाउँपालिकामा नेवार, उर्दु, मगर, हिन्दी, शेर्पा, बङ्गला, तामाङ, साँङ्केतिक भाषा बोल्नेहरूको संख्या  इत्यादि अत्यन्तै न्यून रहेको छ। सबै आ-आफ्ना मातृभाषा बोल्नेहरूले समेत सरकारी भाषाको रूपमा नेपाली भाषालाई राम्ररी बोल्ने र बुझ्ने गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा साथै तल स्तम्भ चित्रमा पनि देखाइएको छ।




## आदिवासी

गाउँपालिकाको कुल जनसंख्या ३८,४६६ मध्ये २८.७३ प्रतिशत (११,०५० जना) जनसंख्या आदिवासी (थारु, मगर, नेवार, गुरुङ, तामाङ, लिम्बु आदि) रहेका छन्।  गाउँपालिकामा आदिवासीहरू मध्ये सबैभन्दा बढी थारु जातिको संख्या ७,९९८ (२०.६९  प्रतिशत) जनसंख्या रहेको पाइन्छ। मुख्यत: कृषि पेशामा संलग्न यी समुदायमा साक्षरता प्रतिशत तुलनात्मक रूपमा न्युन रहेको छ। एकातर्फ बाल विवाह, बच्चा जन्मनु पूर्व नै मगनी गर्ने विवाह, गुरुवा (धामी, झाक्री) प्रथाजस्ता सामाजिक प्रथाहरू यस समुदायमा हालसम्म आंशिक रूपमा भएपनि कायमै रहेको पाइन्छ भने अर्कातर्फ यी जनजातीहरूको आफ्नो मौलिक संस्कृतिलाई परिवर्तित समुदायमा पनि जीवन्त राखेको पाइन्छ। यस समुदायबाट जनप्रतिनिधिको रूपमा हाल निर्णायक तहमा सहभागिता देखिएको छ यसले यो समुदायको

हालको स्थिति चित्रण गर्दछ । यस गाउँपालिका भिषण मलेरियादेखि हिंस्रक जनावरहरूसँग झण्डै आधा शतकदेखि कुस्ती खेल्दै सियारीको विकास निर्माणमा हात पाखुरी चलाउदै आएको यो समुदाय अहिले आएर सामाजिक, राजनैतिक र आर्थिक विकासको दृष्टिकोणले समेत विस्तारै अगाडि बढेको देखिन्छ। सियारी गाउँपालिकाको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट अझ माथि उठाउन विशेष पहल गर्नु पर्ने अवस्था देखिन्छ।

### उत्पीडित समुदाय

जात जातिको हिसावले सियारी गाउँपालिकामा पाँचौ ठूलो समुदायको रूपमा रहेको उत्पीडितहरूले लगभग १५.९८ प्रतिशत हिस्सा ओगटेको छ। सामाजिक विभेदका रूपमा छुवाछुत जस्तो अमानवीय भेदभाव भोगिरहेको यो समुदायले राजनितिक, आर्थिक र सामाजिक क्षेत्रमा समेत उपेक्षाको सिकार हुनु परेको छ। यस समुदायका आधारभूत विद्यालय र माध्यामिक विद्यालयमा अध्ययन गर्ने छात्र छात्राहरूको संख्या भने तुलनात्मक रूपमा कम रहेको छ। परम्परागत शिल्पको धनी यो समुदायले आफ्नो सिपलाई आर्थिक विपन्नता र सामाजिक उपेक्षाका कारण पनि अघि बढाउन नसकेको पाइन्छ। मुलुकी ऐन २०२० को कानुनी व्यवस्था अन्तर्गत जातीय छुवाछुतलाई कानुनी अपराधको रूपमा परिभाषित गरिएको झण्डै ४ दशक हुन लाग्दा पनि उत्पीडित र अपेक्षित समुदायले अद्यपि सार्वजनिक स्थल (मन्दिर) हरूमा प्रवेशका लागि स्थानीय निकायहरूसँग मिलेर चरणबद्ध अभियान संचालन गर्नुपर्ने अवस्था कायमै रहेको छ। निजामती सेवा र गैर सरकारी सेवामा पनि यो समुदायको उपस्थिति अत्यन्तै न्युन छ। त्यसै गरी राजनितिक क्षेत्रमा २०४६ साल यता यो समुदायले आफ्ना सामुदायिक संगठनहरू समेत निर्माण गरेको पाइन्छ। राजनितिक नेतृत्वमा भने सीमित व्यक्तिहरूले मात्र यस समुदायको प्रतिनिधित्व गरिरहेका छन्। यस समुदायका अधिकांश व्यक्तिहरू अदक्ष र अर्धदक्ष जनशक्ति कै रूपमा ज्याला, मजदुरी गरेर जीवनयापन गरिरहेको पाइन्छ। सियारीको विकासको लागि यो समुदायलाई अहिलेको अवस्थाबाट माथि उठाउन विशेष अभियानको नै थालनी गर्नुपर्ने अवस्था देखिन्छ।

## ३.८ धर्मअनुसार जनसंख्याको विवरण

धर्मअनुसार जनसंख्याको वितरणलाई अध्ययन गर्दा यस गाउँपालिकामा आदिवासी/जनजाति अन्य जातजातिहरूको बसोबास रहेता पनि यस गाउँपालिकाको प्राय जसो समुदायका अधिकांश मानिसहरूले धर्मको रूपमा सनातन हिन्दु धर्मलाई स्वीकारेको देखिन्छ। यद्यपि थारु ,मगर, राई,समुदायको भने आफ्नै भाषा, रहनसहन, भेषभुषा एवं परम्परा र संस्कार रहेको पाईन्छ। वेदमूलक आर्य-संस्कृतिका विधि-विधान र धर्म शास्त्र आदिलाई रामायण, महाभारत, पूराण आदि ग्रन्थहरूको आधार मानी ती बिषयवस्तुहरूलाई लोकभाषा, लोकलय, लोकधुन, र लोकशैलीमा ढालेर लोकजीवनको सेरोफेरोसँग तादात्म्य मिलाई आफ्नोपन झल्काउने गरी दोहोरी, लोकगीत आदिको रूपमा विभिन्न विशिष्ट अवसरहरूमा प्रस्तुत गरिन्छ। यो समुदायको विशेष पहिचान नै आफ्नो सांस्कृतिक मौलिकपना नै हो। गाउँपालिकामा विभिन्न समुदायका मानिसहरूको बसोबास रहेका हुनाले उनीहरूका आआफ्नै चाडपर्वहरू छन्। जस्तै, हिन्दू धर्मावलम्बीहरूले बडादशैं, तिहार, रामनवमी, महाशिवरात्री, हरितालिका,

श्रीपञ्चमी, श्रीकृष्ण जन्माष्टमी, विवाह पञ्चमी, छठ (होली), चैते दशैं, साउने-माघे स्रक्रान्ती, मातातीर्थ औंसी, अक्षय तृतीया, हरिशयनी-हरिबोधनी एकादशी, नागपञ्चमी, रक्षाबन्धन (जनैपूर्णिमा), कुशे औंसी, बालाचतुर्दशी, कोजाग्रत पूर्णीमा, श्री स्वस्थानी पूर्णिमा, कूल-थानी पूजा, ग्रामथान पूजा, बोलबम आदि चाडपर्वहरू मानउँने गर्दछन् । बौद्ध धर्मावलम्बीहरूले बुद्धजयन्ती, विभिन्न ल्होसार पर्वहरू, तिहार आदि मनाउने गरेको पाइएको छ । यसैगरी ईस्लामहरूले ईद, वकरईद, इदुलफितर, सोभेरात आदि र क्रिश्चियनहरूले क्रिशमस डे, अङ्ग्रेजी नयाँ वर्ष, भ्यालेनटाईने डे आदि मनाउने गर्दछन् । यस गाउँपालिकामा बसोबास गर्ने मानिससहरूको भेषभूषाको बारेमा चर्चा गर्दा महिलाको साडी, चोलो तथा पुरुषको धोती, कुर्ता, कमिज भएको पाइन्छ । पहाडी समुदायका क्षेत्री, बाहुन, कामी, दमाई आदि पुरुषले कमिज-सुरुवाल, दौरा-सुरुवाल लगाउँछन् भने मधेसी मुलका पुरुषहरूले कमिज, धोती आदि लगाउँछन् । तर अहिलेको समयमा सबै जातजातिका युवा, युवतीहरू क्रमशः पैन्ट, शर्ट, साडी ब्लाउज, कुर्ता-सलवार नै लगाउन रुचाउँछन् । यहाँ धेरै जसो महिना गर्मी हुने हुँदा राष्ट्रिय पोशाक दौरा-सुरुवाल, साडी-चौवन्दी चोलो लगाउने मानिस यदाकदा मात्र देखिनु स्वभाविक हो ।


सियारी गाउँपालिका नजिकै रहेको लुम्बिनी क्षेत्र नेपालको ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्व बोकेको स्थान हो । त्यस्तै सियारी गाउँपालिका पनि विविधताले भरिपुर्ण हुनुको साथै विश्वका शान्तिदुत गौतम बुद्धको जन्मिएको जिल्ला भएकाले साँस्कृतिक तथा ऐतिहासिक महत्वयुक्त रकेको छ । सियारी गाउँपालिकाको धर्मअनुसार जनसंख्याको वितरण निम्नअनुसार रहेको छ ।

तालिका नं. १४ : धर्मअनुसार जनसंख्याको विवरण

| धर्म | हिन्दु | इस्लाम | बौद्ध | क्रिश्चियन | किराँत | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| जनसंख्या | **३५७०५** | १९२६ | ७६० | ७२ | १ | २ | ३८४६६ |
| प्रतिशत | **९२.८२** | ५.०१ | १.९८ | ०.१९ | ०.०० | ०.०१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

धार्मिक दृष्टिकोणले हेर्दा यस गाउँपालिकामा अधिकांश हिन्दु धर्मावलम्बीहरू रहेका छन्। पछिल्लो जनगणनाअनुसार यहाँको कुल जनसंख्या ३८,४६६ मध्ये ९२.८२ प्रतिशत अर्थात् ३५,७०५ जना हिन्दु, ५.०१ प्रतिशत (१,९२६ जना) इस्लाम धर्मावलम्बीहरू, १.९८ प्रतिशत (७६० जना) बौद्ध धर्मावलम्बीहरू, ०.१९ प्रतिशत (७२ जना) क्रिश्चियन, रहेको पाईन्छ। माथिको तालिकामा सियारी गाउँपालिकाको धर्मअनुसार जनसंख्याको तथ्याङ्कलाई देखाइएको छ । यी विविध तथ्यबाट गाउँपालिकामा धार्मिक संरचनाको दृष्टिकोणबाट बढी विविधतायुक्त रहेको देखिन्छ । जसको विस्तृत विवरण माथि तालिका र तल स्तम्भ चित्रमा उल्लेख गरिएको छ ।




## ३.९ परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण


तालिका नं. १५ : **परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण**

| वडा नं. | निजी | भाडा | संस्थागत | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| **१** | ९३८ | १७ | १ | ४ | ९६० |
| **२** | १०८७ | ३ | ० | ३५ | १,१२५ |
| **३** | ७३८ | ८ | ० | ० | ७४६ |
| **४** | ९२७ | २४ | २ | ३३ | ९८६ |
| **५** | ७२३ | २३ | ३ | ३४ | ७८३ |
| **६** | ९७९ | ५१ | १ | ६ | १,०३७ |
| **७** | १०८३ | ७० | २ | ० | १,१५५ |
| **जम्मा** | ६,४७५ | १९६ | ९ | ११२ | ६,७९२ |
| **प्रतिशत** | ९५.३३ | २.८९ | ०.१३ | १.६५ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा सियारी गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको स्वामित्वको विवरण देखाइएको छ। यस गाउँपालिकामा जम्मा ६,७९२ घरधुरीहरूमध्ये आफ्नो स्वामित्वमा रहेको घरधुरी संख्या **६,४७५** ( ९५.३३ प्रतिशत), भाडामा बस्ने घरधुरी संख्या **१९६** (२.८९ प्रतिशत ) रहेको देखिन्छ। त्यस्तै संस्थागत घरधुरी ९ (**०.१३** प्रतिशत) र अन्य घरधुरीको संख्या **११२** (१.६५ प्रतिशत) रहेका छन्। त्यस्तै परिवारले प्रयोग गरेको घरको

स्वामित्वको विवरणलाई वडागत रूपमा तुलना गर्दा वडा नं.७ मा अन्य वडाको तुलनामा भाडाको घरधुरी संख्या बढी रहेको देखिन्छ। जसको विस्तृत विवरण मासथ तालिकामा उल्लेख गरिएको छ। यस विवरणलाई तल स्तम्भ चार्टमा प्रस्तुत गरिएको छ।




## ३.१० घरमुलीको लैङ्गिक विवरण


तालिका नं. १६ : **घरमुलीको लैङ्गिक विवरण**

| वडा | पुरुष | महिला | जम्मा |
|---|---|---|---|
| १ | ७६७ | १९३ | ९६० |
| २ | १०१४ | १११ | १,१२५ |
| ३ | ६४७ | ९९ | ७४६ |
| ४ | ७४२ | २४४ | ९८६ |
| ५ | ५५२ | २३१ | ७८३ |
| ६ | ६७४ | ३६३ | १,०३७ |
| ७ | ८९७ | २५८ | १,१५५ |
| जम्मा | ५,२९३ | १,४९९ | ६,७९२ |
| प्रतिशत | ७७.९३ | २२.०७ | १००.०० |

श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८

वि.सं. २०६८ को केन्द्रीय तथ्याङ्क विभागले गरेको राष्ट्रिय जनगणनाको नतिजाअनुसार जम्मा ६,७९२ घरधुरी संख्या रहेको यस गाउँपालिकामा ७७.९३ प्रतिशत घरमा चाहिँ पुरुष घरमुली भएर घरको मुख्य जिम्मेवारी लिइएको पाइन्छ भने सानो हिस्सामा करिव २२.०७ प्रतिशत महिलाहरू घरमुली भई घरको मुख्य जिम्मेवारी

लिइएको देखिन्छ। सियारी गाउँपालिकाको वडागतरूपमा लैङ्गिक घरधुरीको तुलना गर्दा वडा नं. ६ मा सबै भन्दा बढी अर्थात ३५.०० प्रतिशत महिला घरमुली रहेको देखिन्छ भने वडा नं. २ सबैभन्दा कम अर्थात ९.८७ प्रतिशत महिला घरमुली रहेको देखिन्छ । यो अवस्था समग्र देशको अवस्थासंग मिल्दोजुल्दो नै देखिन्छ। लैङ्गिक आधारमा घरमुलीको संख्या पुरुष र महिलाको बीचमा ठूलो अन्तर देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ३.११ महिलाका नाममा भएको घरको स्वामित्वको विवरण


तालिका नं. १७ : **महिलाका नाममा भएको घरको स्वामित्वको विवरण**

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | ९८ | ८६० | २ | ९६० |
| २ | ९५ | १०२५ | ५ | १,१२५ |
| ३ | ६८ | ६६९ | ९ | ७४६ |
| ४ | १२९ | ८५६ | १ | ९८६ |
| ५ | १२३ | ६६० | ० | ७८३ |
| ६ | १८८ | ८४६ | ३ | १,०३७ |
| ७ | १६२ | ९८७ | ६ | १,१५५ |
| **जम्मा** | ८६३ | ५,९०३ | २६ | ६,७९२ |
| **प्रतिशत** | १२.७१ | ८६.९१ | ०.३८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तालिकामा सियारी गाउँपालिकामा घरको स्वामित्वको विवरण देखाइएको छ। जसमा महिलाको स्वामित्वमा रहेको घरधुरी संख्या ८६३ ( १२.७१ प्रतिशत) र स्वामित्व नभएको घरधुरी संख्या ५,९०३ (८६.९१ प्रतिशत) रहेको छ भने उल्लेख नगरिएको घरधुरी संख्या २६ (०.३८ प्रतिशत) रहेको छ। माथिको विवरण हेर्दा समयको फड्कोसँगै लैङ्गिक समानता भने कायम हुन सकिरहेको छैन केही हदसम्म राज्यमा महिला सशक्तिकरण

तथा महिला अधिकारको बहस भईरहँदा अझै लैङ्गिक समानतामाथि प्रश्न चिन्ह् खडा गरेको छ। प्राप्त तथ्याङ्कअनुसार यस गाउँपालिकामा अझै पनि महिलाको जनजागरणमा विकास गर्न विभिन्न जनचेतनामुलक कार्यक्रमहरू संचालन गर्नुपर्ने देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकाले देखाउँछ। यस विवरणलाई तल स्तम्भमा उल्लेख गरिएको छ।




माथिको विवरण र स्तम्भलाई हेर्दा स्वामित्वाको असमान सथिति रहेको छ। सियारी गाउँपालिकाको विवरणले आजको समयमा पनि लैङ्गिक असमानताको चरम स्थिति चित्रण गर्दछ। घरमा महिलाको स्वामित्व पुरुषको तुलनामा अत्यन्तै कम रहेको देखिन्छ। २०६८ सालको सर्वेक्षण भन्दा समयसँगै केही समानतामा परिवर्तन भएन भन्न सकिँदैन यद्यपि असमानताको खाडल भने पुरिएको छैन भन्नु जायज नै देखिन्छ। समग्र नेपालको परिस्थितिसँग मिल्ने सियारी गाउँपालिकाको महिलालाई स्वामित्वको स्थितिलाई वृद्धि गर्न राज्यले विशेष खालका नीति तथा कार्यक्रमहरू ल्याउनु पर्ने तथा जनचेतना अभिवृद्धि गर्नुपर्ने देखिन्छ।


## ३.१२ महिलाका नाममा भएको जग्गाको स्वामित्वको विवरण

तालिका नं. १८ : महिलाको नाममा भएको जग्गाको स्वामित्वको विवरण

| वडा नं. | भएको | नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|
| १ | १८५ | ७७३ | २ | ९६० |
| २ | २१६ | ९०४ | ५ | १,१२५ |
| ३ | १७५ | ५६२ | ९ | ७४६ |
| ४ | २३१ | ७५४ | १ | ९८६ |
| ५ | २०१ | ५८२ | ० | ७८३ |
| ६ | ३०० | ७३४ | ३ | १,०३७ |
| ७ | २४८ | ९०१ | ६ | १,१५५ |
| जम्मा | १,५५६ | ५,२१० | २६ | ६,७९२ |
| प्रतिशत | २२.९१ | ७६.७१ | ०.३८ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

यस सियारी गाउँपालिकामा जग्गामा स्वामित्वको विवरण देखाईएको छ। जसअनुसार जग्गामा स्वामित्व भएको महिलाको घरधुरी संख्या १,५५६ (२२.९१ प्रतिशत) र जग्गामा स्वामित्व नभएको महिलाको घरधुरी संख्या ५,२१० (७६.७१ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। विवरणले घरमा महिलाको स्वामित्व भन्दा तुलानात्मकरूपमा जमिनमा महिलाको स्वामित्व केही बढी देखिन्छ। माथिको तालिकालाई तलको स्तम्भ चित्रमा प्रस्तुत गरिएको छ।



मथिको विवरण र स्तम्भलाई अध्ययन गर्दा महिला समानताको कायम गर्न नेपाल सरकारले भूमि सम्बन्धी कारोबार गर्दा महिलाको नाममा दर्ता गर्दा केही छुट दिएको छ यसंले जमिनको स्वामित्वमा केही परिवर्तन भएको पाइन्छ। घरमा महिलाको स्वामित्व १२.७१ प्रतिशत रहेको मा जमिन प्रतिको स्वामित्व २२.९१ प्रतिशत रहेको छ यसको प्रमुख कारण सरकारले जमिन सम्बन्धी लागु गरेको नीति हो यद्यपि लैङ्गिक आधारमा जग्गाको स्वामित्व पुरुषको तुलनामा महिलाको अत्यन्त कम देखिन्छ। यस ठूलो अन्तरलाई कम गर्न विशेष खालका कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ जसले नेपालको विकासमा तगारो बनेर रहेको लैङ्गिक असमानताले सुधारको वाटो पहिल्यउन सकोस्।

## ३.१३ अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

तालिका नं. १९ : अनुपस्थित घरधुरी र जनसंख्याको विवरण

| जनगणना वर्ष | जम्मा घरधुरी | अनुपस्थित घरधुरी | उपस्थित घरधुरी | थाहा नभएको |
|---|---|---|---|---|
| २०६८ | ६,७९२ | १,९४७ | ४,८३१ | १४ |
| प्रतिशत | १०० | २८.६७ | ७१.१३ | ०.२१ |

*श्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

माथिको तालिकाअनुसार यस गाउँपालिकामा अनुपस्थित घरधुरी संख्या १,९४७ (२८.६७ प्रतिशत) रहेको देखिन्छ। भने उपस्थित घरधुरी संख्या ४,८३१ ( ७१.१३ प्रतिशत) रहेको देखिन्छ। यसरी हेर्दा यस क्षेत्रमा धेरै घरधुरी खाली रहेको पाइन्छ। तथ्याङ्कअनुसार यस गाउँपालिकाबाट विभिन्न पेशा, व्यापार, व्यवसाय, अध्ययन तथा वैदेशिक रोजगारको सिलसिलामा ठूलो संख्या अनुपस्थित रहेको देखिन्छ। जसको वितृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।


## ३.१४ बाहिरी गारोको आधारमा घरको बनोटको विवरण

तालिका नं. २० : बाहिरी गारोका आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको | सिमेन्टको जोडाइ भएको | काठ/ फल्याक | बाँसजन्य सामग्री | काँचो ईंटा | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | २०२ | ६१० | ४ | २ | ३ | १३२ | ७ | ९६० |
| २ | २०३ | ७६० | ६ | २४ | ० | १२९ | ३ | १,१२५ |
| ३ | १४४ | ४८९ | ७ | ३८ | ५ | ५९ | ४ | ७४६ |
| ४ | ३२६ | ४७० | ११ | ६ | ४ | १६८ | १ | ९८६ |
| ५ | ९३ | ४६४ | १२ | ९ | ४ | २०१ | ० | ७८३ |
| ६ | १९९ | ६३७ | ७ | ३५ | ६ | १४९ | ४ | १,०३७ |
| ७ | २२४ | ६९३ | ४ | १३० | ३४ | ५८ | १२ | १,१५५ |
| जम्मा | १,३९१ | ४,१२३ | ५१ | २४४ | ५६ | ८९६ | ३१ | ६,७९२ |
| प्रतिशत | २०.४८ | ६०.७० | ०.७५ | ३.५९ | ०.८२ | १३.१९ | ०.४६ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

माथिको तथ्याङ्कलाई हेर्दा यस सियारी गाउँपालिकामा परिवारले प्रयोग गरेको घरको बाहिरी गारोको आधारमा सिमेन्टको जोडाइ भएको ईँटा/ढुङ्गाको बनेको बाहिरी गारो भएको घरधुरी सबैभन्दा धेरै ४,१२३ (६०.७० प्रतिशत) छ भने सबैभन्दा कम काँचो ईँटाबाट बनेको बाहिरी गारो भएको घरधुरी संख्या ५६ (०.८२ प्रतिशत) रहेको देखिन्छ। यसैगरी माटोको जोडाइ भएको ईँटा/ढुङ्गाको बाहिरी गारो भएको घरधुरी संख्या १,३९१ (२०.४८ प्रतिशत), बाँसजन्य सामाग्रीको बाहिरी गारो भएको घरधुरी संख्या २४४ (३.५९ प्रतिशत) काठ तथा फल्याकको बाहिरी गारोको घरधुरी संख्या ५१ (०.७५ प्रतिशत) रहेको छ भने अन्य ८९६ (१३.१९ प्रतिशत) र उल्लेख नगरिएको ३१ (०.४६ प्रतिशत) घरधुरी संख्या रहेको देखिन्छ। गाउँपीलिकाको वडागतरूपमा तुलना गर्दा वडा नं.२ मा सिमेन्टको जोडाईबाट बनेको बाहिरी गारोको घरधुरी सबै भन्दा बढी देखिन्छ भने वडा नं. ४ मा माटो जोडाई बनेको बाहिरी गारो भएको घरधुरी बढी देखिन्छ। यस विवरणलाई तल स्तम्भ चित्रमा देखाईएको छ।





## ३.१५ छानाको आधारमा घरको बनोटको विवरण

तालिका नं. २१ : छानाको आधारमा घरको बनोटको विवरण

| वडा नं. | खर/पराल/छ्वाली | जस्ता/टिन/च्यादर | टायल/खपडा/झिँगटी/ढुङ्गा | सिमेन्ट/ढलान | काठ/फल्याक | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | ४० | १६६ | ११० | ६०५ | २ | ३० | ७ | ९६० |
| २ | १०७ | ५८ | १५८ | ७८३ | ७ | ८ | ४ | १,१२५ |
| ३ | ७४ | ३२ | १५३ | ४८३ | ० | ० | ४ | ७४६ |
| ४ | १२३ | ३४ | २८४ | ५४३ | ० | १ | १ | ९८६ |
| ५ | ४९ | ८५ | १७० | ४७२ | १ | ६ | ० | ७८३ |
| ६ | ६१ | १४६ | १९५ | ६३२ | ० | ० | ३ | १,०३७ |
| ७ | ११२ | १६३ | १३८ | ७३० | ० | ० | १२ | १,१५५ |
| जम्मा | ५६६ | ६८४ | १,२०८ | ४,२४८ | १० | ४५ | ३१ | ६,७९२ |
| प्रतिशत | ८.३३ | १०.०७ | १७.७९ | ६२.५४ | ०.१५ | ०.६६ | ०.४६ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस सियारी गाउँपालिकामा भएका घरधुरीहरूलाई छानाको बनोटको आधारमा छुट्याउँदा सिमेन्टेट ढलान भएको घरधुरी संख्या सबैभन्दा धेरै ४,२४८ (६२.५४ प्रतिशत) रहेको छ भने सबैभन्दा कम काठ फल्याकको छाना रहेको घरधुरी १० (०.१५ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा टायल, खपडा, झिँगटी तथा ढुङ्गाको छानो भएको घरको १,२०८ (१७.७९ प्रतिशत), जस्ता/टिन/च्यादरको छाना रहेको घरधुरी ६,८४ (१०.०७ प्रतिशत) र खर/पराल/छ्वालीको छाना रहेको घरधुरी ५,६६ (८.३३ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण माथिको तालिकामा र तल स्तम्भ चार्ट मार्फत दिइएको छ।




तराईको समथर भुभागमा टायल, खपडा, झिँगटी तथा ढुङ्गा र खर/पराल/छ्वालीको छाना प्रयोग जोखिमयुक्त देखिन्छ। बर्षेनी वसन्त ऋतुमा हावाहुरीको कारण आगलागीको समस्या भोग्न पर्ने बाध्यता छ। भौगोलिक संरचानाअनुसार यस्तो संरचनालाई सुरक्षित मान्न सकिँदैन। यस सियारी गाउँपलिको ६२.५४ प्रतिशत घरधुरी सिमेन्टेट ढलान भएको हुँदा यो जोखिम कम देखिन्छ यद्यपि जोखिमभन्दा अगाडि सुरक्षित र सचेत हुनुपर्छ।


## ३.१६ जगको आधारमा घरको बनोटको विवरण

तालिका नं. २२ : जगको आधारमा घरको बनोटको विवरण

| वडा नं. | माटोको जोडाइ भएको ईँटा/ढुङ्गा | सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा | ढलान पिल्लर सहितको | काठको खम्बा गाडेको | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | २२४ | ४९३ | १०५ | १९ | ११२ | ७ | ९६० |
| २ | २११ | ७२७ | २२ | ४९ | ११३ | ३ | १,१२५ |
| ३ | १४५ | ४९६ | ० | ४१ | ६० | ४ | ७४६ |
| ४ | ३६३ | २८४ | १५२ | २३ | १६३ | १ | ९८६ |
| ५ | १२३ | ३५८ | ७८ | २४ | २०० | ० | ७८३ |
| ६ | २८२ | ४९६ | ६२ | ७० | १२४ | ३ | १,०३७ |
| ७ | २६७ | ५९६ | ५१ | २२४ | ५ | १२ | १,१५५ |
| जम्मा | १,६१५ | ३,४५० | ४७० | ४५० | ७७७ | ३० | ६,७९२ |
| प्रतिशत | २३.७८ | ५०.८० | ६.९२ | ६.६३ | ११.४४ | ०.४४ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं.२०६८*

सियारी गाउँपालिकामा परिवारले प्रयोग गरेको सिमेन्टको जोडाइ भएको ईँटा/ढुंगा जग भएका घरधुरी संख्या सबैभन्दा बढी अर्थात् ३,४५० (५०.८० प्रतिशत) छन् भने सबैभन्दा कम काठको खम्बा गाडेको जग भएको घरधुरी ४५० (६.६३ प्रतिशत) रहेको छ । यसैगरी दोस्रोमा माटोको जोडाइ भएको ईँटा तथा ढुंगाको जग भएको घरधुरी १,६१५ (२३.७८ प्रतिशत) र ढलान पिल्लर सहितको जग भएको घरको संख्या ४७० (६.९२ प्रतिशत) रहेको देखिन्छ । जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ र तल पाई चार्टमा प्रस्तुत गरिएको छ ।




## ३.१७ भवन संवेदनशीलता

भौगालिक संरचनाअनुसार भवन संवेदनशीलता फरक फरक हुन्छ । तराईमा भकम्पीय जोखिम भन्दा पनि आगलागी, बाढी, डुवान तथा नदी कटान हुने जोखिम हुन्छ । त्यसैलले नश्चित स्तरको जमिन कम्पन गहनता सिर्जना भएको अवस्थामा तोकिएको स्तरको संरचनागत क्षतिलाई कुनै वस्तुले धान्न सक्ने सम्भावनालाई उक्त वस्तुको संवेदनशीलताका रूपमा परिभाषित गरिएको छ । भवन, अत्यावश्यक सुविधाहरू, लाइफलाइन आदिको संवेदनशीलता विश्लेषण गर्न सकिन्छ र संवेदनशीलता मूल्याङ्कन गर्न लागिएको वस्तुमा आधारित रहेर विभिन्न विधि प्रयोग गर्न सकिन्छ । शहरहरूमा भइरहेको जनसंख्या वृद्धि र शहरी विस्तारले विकासोन्मुख राष्ट्रहरूमा भूकम्पीय जोखिमको संवेदनशलितामा वृद्धि गरेको छ ।

## ३.१८ बसाई सराईको अवस्था

कुनै पनि स्थानमा जनसंख्या परिवर्तन हुने कारणहरूमध्ये बसाइसराई एक प्रमुख कारण मानिन्छ । तराईका जिल्लाहरूमा बसाई सराईको इतिहास वि.सं. २०१९ सालदेखि प्रारम्भ भएको मान्न सकिन्छ। विभिन्न अवसर र रोजगारीको खोजीमा देश भित्र वा देश बाहिर एक स्थानबाट अर्को स्थानमा स्थायी वा अस्थायी रूपमा बसाई सरेर जाने प्रवृत्ति क्रमश बढ्दै गएको पाइन्छ । यसरी बसाई सरी आउनुका विभिन्न कारणहरू छन् । तीमध्ये पाँच मुख्य कारण– आर्थिक वृद्धि, द्वन्द्व, सामाजिक कारण, व्यापार र रोजगार हुन् । यस गाउँपालिकाको मलिलो माटो भएकोले खेतीपातीको लागी विभिन्न स्थान (विशेष गरी पाल्पा, स्याङ्जा, अर्घाखाँची, गुल्मी, बाग्लुङ, पर्वत आदि) बाट

बसाईसराई गरी आउने गरेको पाइन्छ। गाउँपालिकाको जनसंख्या बृद्धिको कारकतत्वका साथै विकास व्यवस्थापनका लागि चुनौती दिने मुल कारकतत्व समेत बसाइसराई नै बन्न पुगेको देखिन्छ।

त्यस्तै प्रवासी नेपालीहरूको लगानीको प्रमुख र आकर्षक क्षेत्र रहेको गाउँपालिकामा कृषि जग्गा जमिन खरिद गरी स्थायी रूपमा गाउँपालिका मै बसोबास गर्न थालेको पाइन्छ। बेरोजगारीको समस्या गाउँपालिकाको विकराल समस्याको रूपमा रहेको परिप्रेक्ष्यमा काम गर्ने उमेरका युवाहरू बिदेसिने क्रम समेत गाउँपालिकाबाट बढ्न थालेको छ। खुला सिमानाको उपयोग गर्दै निर्वाधरूपले भारत आवतजावत गर्न सकिन हुँदा निश्चित रूपमा गणना गर्न नसकिएका भारतमा जाने युवाहरूको संख्या निकै ठूलो रहेको छ। उपर्युक्त सन्दर्भलाई विश्लेषण गर्दा गाउँपालिकाको लागि बसोबासको व्यवस्थित र दीर्घकालिन योजना बनाउनु आवश्यक देखिन्छ।

## ३.१९ व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

नागरिकले आफ्नो व्यक्तिगत अधिकार उपयोग गर्न राज्यद्वारा स्थापित कानुनी मान्यताहरू पालना गर्नु पर्ने हुन्छ। नागरिकता, राहदानी, वा अन्य परिचयपत्र लिन, रोजगारी वा उद्यम गर्न, विदेश जान निश्चित कानुनी व्यवस्थाहरूको पालना गर्नु पर्ने हुन्छ। यसका लागि सरकारले प्रमाणपत्र उपलब्ध गराउँछ। जन्म, मृत्यु, बसाई, सराई विवाह र सम्बन्ध विच्छेदजस्ता घटना दर्ता गर्नु पर्ने हुन्छ। संविधानले नागरिकलाई विभिन्न अधिकारको प्रत्याभूत गरेको छ। त्यसको प्रस्थान विन्दु भनेकै व्यक्तिगत घटना दर्ता हो। राष्ट्रिय तथ्याङ्क बनाउने यसको विश्वव्यापी मान्यता हो। कहाँ कति जन्मे, कतिको मृत्यु भयो कतिले बसाईसराई गरे, कतिको सम्बन्ध विच्छेद भयो भन्ने कुराको जानकारी राज्यले पाउनु पर्छ। यसको आधारमा सरकारले नीति बनाउने हुँदा जनचेतना अभिवृद्धि गर्नु पर्ने देखिन्छ।


तालिका नं. २३ : व्यक्तिगत घटना दर्ताको बार्षिक विवरण

| क्र.स | गा.वि.स. | जन्म दर्ता | | | मृत्यु दर्ता | | | विवाह दर्ता | बसाईसराई सम्बन्धी घटना | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | दर्ता संख्या | गएको संख्या | आएको संख्या |
| १ | चिल्हिया | ८८ | ७९ | १६७ | २९ | २० | ४९ | ७८ | ३० | ८ | ११९ |
| २ | हर्नैया | ४४ | ४१ | ८५ | ६ | १४ | २० | ५३ | २ | ० | १३ |
| ३ | मैनहिया | १०५ | १११ | २१६ | १४ | २६ | ४० | १०९ | १० | १२ | २६ |
| ४ | दयानगर | १२२ | १२८ | २५० | १८ | २६ | ४४ | १२७ | ३६ | ७६ | ७२ |
| ५ | प.अमवा | १०१ | १०९ | २१० | २५ | ३० | ५५ | १०९ | ४३ | ५४ | ९३ |
| | जम्मा | ४६० | ४६८ | ९२८ | ९२ | ११६ | २०८ | ४७६ | १२१ | १५० | ३२३ |

*श्रोत : गाउँ कार्यपालिकाको कार्यलय, २०७४*

माथि उल्लेखित तालिकामा व्यक्तिगत घटना दर्ताको अवस्थालाई देखाइएको छ। विवाह दर्ताको स्थिति हेर्दा गाउँपालिकामा ४७६ जनाको २०७२ वैशाखदेखि २०७३ सम्ममा विवाह दर्ता भएको देखिन्छ यस अवधिमा जम्मा १२१ बसाई सराई दर्ता भएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

# खण्ड ४ : भू-उपयोग




नक्सा नं. ९: सियारी गाउँपालिकाको जग्गा विवरण

## ४.१ गाउँपालिकाको भू-उपयोगको विवरण

तालिका नं. २४ : भू-उपयोग विश्लेषण

| विवरण | क्षेत्रफल (वर्ग कि.मी.) | प्रतिशत |
|---|---|---|
| **खेती योग्य जमिन** | ५३.३० | ८०.५६ |
| **वनजंगल** | १०.९२ | १६.५० |
| **पानी** | १.६५५ | २.५० |
| **अन्य** | ०.२९ | ०.४४ |
| **कुल क्षेत्रफल** | ६६.१७ | १००.०० |

*स्रोत : नापी विभाग २०७४*

सियारी गाउँपालिकाको विद्यमान भू-उपयोग हेर्दा गाउँपालिकाको झण्डै ८०.५६ प्रतिशत (५३.३० वर्ग कि.मी.) जग्गा खेती योग्य जमिनको रूपमा रहेको छ। त्यस्तै १६.५० प्रतिशत (१०.९२ वर्ग कि.मी.) वनले ओगटेको छ। खेतीयोग्य जमिनमध्ये अधिकांश जमिन मौसमी वर्षामा निर्भर रहेको छ। गाउँपालिकामा बगिरहेका विभिन्न खोलानालाको किनारमा अवस्थित यस गाउँपालिकाको खेतीयोग्य जमिनको उर्वराशक्ति उच्च रहेको छ। सियारी गाउँपालिकामा ताल क्षेत्रले करिव २.५० प्रतिशत (१.६५५ वर्ग कि.मी.) जमिन ओगटेको छ। गाउँपालिकामा माटोको बनावट, खेतीयोग्य जमिन, संरक्षित क्षेत्र, बस्तीयोग्य क्षेत्र आदिको विस्तृत अध्ययनको आधारमा गाउँपालिकाबासीहरूको आर्थिक अवस्था वृद्धि गर्न र वातावरणमा प्रतिकुल असर पर्न नदिन के-कस्ता उत्पादन प्रणाली तथा नितिहरू अवलम्बन गर्न सकिन्छ। यस विषयमा विस्तृत अध्ययन गरी कार्यान्वयन गर्नुपर्ने देखिन्छ। भू-उपयोगको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ। यसलाई तलको चित्रबाट पनि स्पष्ट पार्न सकिन्छ।

## ४.२ शहरीकरणको स्वरूप

सियारी गाउँपालिकाको सडक सञ्जाल देशका प्रमुख शहरी क्षेत्रहरूसँग जोडिएको हुँदा गाउँको सबै वडाहरूमा सडक, विद्युत, संचारजस्ता सुविधाहरूको पहुँच पुगेको देखिन्छ। यसका अतिरिक्त अधिकांश क्षेत्रहरू शहरोन्मुख अवस्थामा रहेका देखिन्छन्। सियारी गाउँपालिकाले गाउँ विकासका लागि योजना तयार गर्ने दौरानमा वडा भेला, लगायत वडा कार्यालय, सरकारी निकायहरू, राजनैतिक पार्टीहरू, गैरसरकारी संस्थाहरू (NGOs), सामुदायिक संस्थाहरू (CBOs), टोल विकास संस्थाहरू, वृद्धिजिवीहरू, समाजका प्रतिष्ठित व्यक्तित्वहरू, व्यवसायिक संस्थाहरू, संचारकर्मीहरू तथा योजना तर्जुमा टोली (Planning) आदिलाई समावेश गरी अवस्यक छलफल पश्चात प्रत्येक टोलमा फोहर व्यवस्थापनका लागि कन्टेनर, प्रत्येक टोलका मुख्य तथा सहायक सडकहरूमा सोलार बत्ति जडान,

टोल टोलमा सार्वजानिक खानेपानी र शौचालयको व्यवस्था गर्नुपर्ने देखिन्छ।



## ४.२.१ जग्गा विकास कार्यक्रम (Land Development Program)

शहरी क्षेत्र विस्तार नीतिले शहर (वस्ती) लाई कुन क्षेत्र तर्फ क्रमश: विस्तार गर्दै लाने भन्ने दिशा मात्र निर्देश गरेको हुन्छ। पूर्वाधार लगानी नीति अनुरूप भौतिक पूर्वाधार योजनाको निर्माण गरिएमा वस्तीहरू जथाभावी छरिएर विकास हुनबाट नियन्त्रण गर्न सक्दछ। तर प्रस्ताव गरिएका विस्तार क्षेत्रको व्यवस्थित तवरले विकास गर्न (प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रको प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण आदि) निम्नअनुसार जग्गा विकास कार्यक्रहरू संचालन गर्नुपर्ने हुन्छ।

(क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme)

(ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme)

(ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme)

आवधिक योजना तर्जुमा गर्ने समयमा माथि उल्लेखित के कस्ता जग्गा विकास कार्यक्रमहरू गाउँ क्षेत्रमा संचालन गर्न सकिन्छ त्यस्ता क्षेत्रको पहिचान गर्ने कार्य मात्र गर्न सकिन्छ। त्यस्ता क्षेत्रहरूको पहिचान गर्दा प्रस्तावित शहरी विस्तार क्षेत्रलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ। जग्गा विकास कार्यक्रम सम्वन्धी थप जानकारी तल उल्लेख गरिएको छ।

### (क) निर्देशित जग्गा विकास कार्यक्रम (Guided Land Development Programme):

निर्देशित जग्गा विकास कार्यक्रम विशेष गरी बस्तीहरूको विकास भइसकेको र निकट भविष्यमा हुने क्षेत्रहरूमा बाटोघाटो चौडा गर्न र नयाँ बाटो खोल्न संचालन गरिने कार्यक्रम हो। विद्यमान बस्तीहरू योजना

विना नै आफैँ विकास हुँदै आएको हुनाले यस्ता बस्तीहरूका बाटाघाटाहरू साँघुरा र नागवेली प्रकारका छन् । आपतकालीन अवस्थामा (जस्तो आगलागी हुँदा दमकल लैजान र विरामी पर्दा एम्वुलेन्स वा ट्याक्सी प्रवेशको लागि) यस्ता बाटाहरू बाधक बनेका हुन्छन् । तसर्थ यस्ता बस्तीका बासिन्दाहरूले आफ्नो इलाकामा बाटो चौडा गरी आवागमन सहज गर्न आवश्यकताअनुसार जग्गा र घर टहराको केही अंश समेत भत्काउन पर्ने हुँदैन । जग्गाधनी र घरधनीको अनुमति बेगर यस्ता कार्यक्रमहरू संचालन गर्न सकिँदैनन् ।

जग्गा विकास कार्यक्रममा जग्गा अधिग्रहण गर्ने र जग्गा एकीकरण गर्नेजस्ता केही कार्य गर्नु पर्दैन । जग्गा र घरधनीको सहमतिमा गाउँपालिका विकास समितिले बाटो चौडा गरिदिने कार्य गर्दछ । यस कार्यक्रम अन्तर्गत कुनै कुनै ठाउँमा नयाँ बाटो खोल्ने कार्य पनि हुन्छ ।

### (ख) जग्गा एकीकरण कार्यक्रम (Land Pooling Programme):

जग्गा एकीकरण कार्यक्रम संचालन गर्न जग्गा अधिग्रहण गर्न आवश्यक हुँदैन । जग्गा एकीकरण गरिने क्षेत्र भित्रका घर जग्गाको किनबेच धनीहरूको अनुमतिमा केही समयको लागि बन्द गरिन्छ । यस अवधि भित्र एकीकरण गरिएका सम्पूर्ण जग्गालाई एउटै चाक्लाका रूपमा मिलाएर बाटोघाटो, ढल, टेलिफोन, चौर आदि सुविधाहरू निर्माण गर्ने कार्य हुन्छ । पूर्वाधार सुविधा निर्माण गर्नको लागि केही जग्गा बिक्री गरिन्छ र सो जग्गाबाट प्राप्त रकमबाट उक्त निर्माण कार्य सम्पन्न गरिन्छ ।

पूर्वाधार निर्माणको लागि चाहिने खर्च खुला क्षेत्र तथा सडक आदिमा जाने जग्गाको मोल हिसाब गर्नुपर्दछ । यस अतिरिक्त जग्गाधनीले कति जग्गा दिनुपर्ने हो सो समेत पहिल्यै यकिन गर्नुपर्दछ । जग्गाधनीहरूले योजनाले निर्धारित गरेअनुसार जग्गा दिए बापत पछि विकसित घडेरी पाउँछन् । विकसित घडेरीको (सबै पूर्वाधारयुक्त) बजार मूल्य पहिला को भन्दा धेरै गुणा बढी हुने हुनाले जग्गाधनीहरू यस कार्यक्रमबाट प्रत्यक्ष रूपले लाभान्वित हुने हुन्छन् । यसरी जग्गाधनीहरूको सहमति र अनुमति बेगर संचालन नहुने यो कार्यक्रमबाट जग्गाधनीहरू प्रत्यक्ष लाभान्वित हुने हुँदा यो कार्यक्रम अहिले अत्यन्त लोकप्रिय सावित भएको छ ।

यो कार्यक्रमको राम्रो पक्ष भनेको नै जग्गा अधिग्रहण गर्नुनपर्ने भएकोले मुआब्जा वितरण गर्ने जस्तो झन्झट यसमा झेल्नुपर्दैन । तुलनात्मक हिसाबले योजना चाँडो सम्पन्न हुने हुनाले जग्गाधनीले एकातिर चाँडो फाइदा हासिल गर्न सक्दछ भने अर्कातिर बजारमा विकसित घडेरीको आपूर्ति हुन गई व्यवस्थित शहरीकरणको प्रयासमा समेत यसले निकै ठूलो टेवा पुऱ्याउने हुन्छ ।

### (ग) घडेरी तथा सेवा सुविधा कार्यक्रम (Site & Services Programme):

यो कार्यक्रम कार्यान्वयन गर्नको लागि कुनै निश्चित ठाउँ (जहाँ घडेरी तथा सेवा सुविधा कार्यक्रम गर्न प्रस्ताव गरिएको छ) जग्गा अनिवार्य रूपले अधिग्रहण गर्नुपर्दछ । योजना क्षेत्रको लागि आवश्यक जग्गा

अधिग्रहण गरेपछि जग्गा तथा घरधनीलाई तोकेको मुआब्जा दिनुपर्दछ । यसरी अधिग्रहण गरेपछि योजनामा व्यवस्था गरिए अनुसारको बाटोघाटो, ढल, टेलिफोन, खानेपानी, खुला चौर आदि निर्माण गर्ने कार्य हुन्छ । व्यवस्थित बसोबासका हिसाबले चाहिने प्राय: सम्पूर्ण सेवा सुविधाहरूको व्यवस्था र निर्माण कार्य सम्पन्न भइसकेपछि यस्ता विकसित घडेरीहरू (एकै किसिमको वा विभिन्न किसिमको) निर्धारित मूल्यमा निश्चित नीति अन्तर्गत रही बिक्री वितरण गरिन्छ । विकसित घडेरीको मूल्यमा अधिग्रहणको मुआब्जाको रकमका साथै पूर्वाधार विकास निर्माणमा लागेको खर्च, खुला चौरको लागि छाडेको जग्गाको मूल्य आदि जोडिन्छ । तसर्थ विकसित घडेरीको मोल सुरुको अधिग्रहणको मोल भन्दा धेरै गुणा बढ्नु स्वाभाविक छ । काठमाडौंको कुलेश्वर र गल्फुटारमा संचालित आवास योजनाहरू यसका उदाहरणहरू हुन् ।

## ४.३ शहरोन्मुख बस्तीहरूको वर्तमान स्वरूप

सियारी गाउँपालिकाको जलवायुको आधारमा बसोबासको लागि उपयुक्त मानिएको छ। ग्रामीण क्षेत्रको सडकहरूको सञ्जाल समेत विकास भइसकेको, सिंचाई परियोजनाको नहर निर्माणबाट नहर प्रणालीसँगै सडक प्रणालीको समेत समानान्तर विकास भएको र शिक्षा, स्वास्थ्यजस्ता सुविधाहरू समेत अन्य गाउँपालिकाहरूको दाँजोमा सुलभ रहेको सन्दर्भमा गाउँपालिकाका शहरी क्षेत्रको वरपरमात्र नभई ग्रामीण क्षेत्रमा समेत बस्ती एवं बस्ती श्रृंखलाहरूको विकास तिब्ररूपमा भइरहेको छ। हुलाक, टेलीफोन, स्वास्थ्यचौकी र विद्यालयको पहुँचका साथसाथै आन्तरिक बस सेवाको सुगम यातायात सुविधा हुनाले पनि ग्रामीण बस्ती विकासका लागि योगदान पुऱ्याइरहेको पाइन्छ। यसका साथै विभिन्न गाउँपालिकाहरूले आफ्ना आन्तरिक यातायात मार्गहरू बनाई सार्वजनिक क्षेत्रहरूमा हाट बजारको व्यवस्थापन गर्ने काम भएता पनि स-साना व्यापारिक केन्द्रका रूपमा बस्तीहरूको विकास भइरहेको छ।

नेपाल सरकारले बजारोन्मुख बस्तीहरूमा हाट बजारको विकासको लागि केही आवश्यक छाना/सेड तथा भण्डारणको व्यवस्था गरिदिएमा ग्रामीण कृषि अर्थतन्त्रलाई बजार अर्थतन्त्रमा परिणत गर्न सहयोग पुग्ने देखिन्छ। यसका अतिरिक्त एकातर्फ यी बस्तीहरूको छेउछाउको जमिनको समेत अप्रत्याशितरूपले मूल्य बृद्धि भइरहेको पाइन्छ भने अर्कोतर्फ भोलिका दिनहरूमा यस्तो बस्तीको लागि आवश्यक पर्ने खेलमैदान, पार्कजस्ता सार्वजनिक क्षेत्रहरूको व्यवस्थापन गर्न आवश्यक जग्गाको योजना अहिलेदेखि नै बनाउनु आवश्यक छ।

गाउँपालिका क्षेत्रहरूको व्यवस्थित तवरले विकास गर्न प्रत्येक घडेरीमा आवत जावत गर्न मोटर वाटो, खुल्ला क्षेत्रका प्रावधान, चारपाटे आकार मिलेका घडेरीहरू लगायत भौतिक तथा पूर्वाधारको निर्माण सहितको व्यवस्थित वस्तीको विकास गर्न जग्गा एकीकरण वा सेवा सुविधाजस्ता कार्यक्रमहरू संचालन गर्नु पर्दछ । यसरी जग्गा विकास कार्यक्रम संचालन गर्दा शहरी विस्तार क्षेत्र प्रस्तावना गरिएका क्षेत्रहरूलाई टेवा पुऱ्याउने हिसावले प्राथमिकता दिनु पर्दछ ।

गाउँपालिकाको कुल ६,७९२ परिवारहरू मध्ये, घरको जग सिमेन्टको जोडाइ भएको इट्टा, ढुङ्गा र पक्की पिलर भएका घरधुरी ५७.७२ प्रतिशत, बाहिरि गाह्रो सिमेन्टको जोडाइ भएका घरधुरी ६०.७० प्रतिशत र सिमेन्ट ढलान छाना भएका घरधुरी ६२.५४ प्रतिशत छन्। गाउँपालिकामा कुल १९६ (२.८९ प्रतिशत) परिवारहरू मात्र घर भाडा लिई बसेका छन् भने ६४७५ (९५.३३ प्रतिशत) परिवारको आफ्नै घर रहेको छ। गाउँपालिकाभित्र ९ (०.१३ प्रतिशत) घरहरू विभिन्न संस्थाहरूले उपयोग गरेका छन्। शहरोन्मुख बस्ती विकासको सन्दर्भमा गाउँपालिका साथै सम्बन्धित विषयगत कार्यालयहरू र हाल विभिन्न नामबाट गठन भइरहेका गाउँपालिका विकास समिती एवं बजार व्यवस्थापन समितिहरूले पनि बेलैमा सार्वजनिक जग्गाको व्यवस्थापनमा आवश्यक सेवा सुविधा प्रदान गर्ने तर्फ ध्यान दिनु आवश्यक देखिन्छ।

## ४.४ बस्ती विकासमा देखिएका चुनौतीहरू

बढ्दो जनसंख्या सँगै तीव्र गतिमा विकास भैरहेको शहरोन्मुख ग्रामिण बस्तीहरूको योजनाबद्ध विकासमा देखिएका चुनौतीहरू निम्नानुसार छन् :

- ✓ बस्तीहरूको विकासका लागि योजनाबद्ध प्रयास हुन सकेको छैन। बस्तीहरूमा सुविधा वर्गीकरण (Zoning) को आधारबाट आवास क्षेत्र, औद्योगिक क्षेत्र, सार्वजनिक खुला क्षेत्र, हरित क्षेत्र, अस्पताल विद्यालय तथा कार्यालय क्षेत्र आदि गरी शहरी क्षेत्र लगायत शहरोन्मुख एवं ग्रामीण क्षेत्रहरूको किटान गर्न सकिएको छैन। यस सम्बन्धमा बस्तीहरूको गुरुयोजना पहिले नै बनाई आवासिय क्षेत्र, व्यावसायिक क्षेत्र, औद्योगिक क्षेत्र, पार्क, उद्यान र खेल मैदानजस्ता सार्वजनिक क्षेत्र तथा कार्यालय एवं संघसंस्थाहरूको लागि क्षेत्र पहिले नै निर्धारण गर्नु जरुरी देखिएको छ।
- ✓ बस्तीहरूको प्राकृतिक वातावरणमा सुधारका लागि सार्वजनिक एवं निजी रूपमा बृक्षारोपण गर्न योजनाबद्ध प्रयास हुन सकेको छैन। विकासोन्मुख बस्तीहरूबाट निकास हुने फोहोरमैलालाई संकलन र प्रशोधन गरी बस्तीहरूको वातावरणलाई प्रतिकुल बनाउने कार्य रोक्नु पर्ने र ठुला बस्तीहरूमा छाडा पशुहरूको व्यवस्थापन तथा पशु हाट बजारको समेत व्यवस्था गर्नुपर्ने देखिन्छ। खोलानालामा ढल निकास गरी पानी प्रदुषण भइरहेको हुँदा प्रशोधन प्रणालीको विकास हुनुपर्ने देखिन्छ।
- ✓ सार्वजनिक निर्माण कार्यहरूमा सम्बन्धित निकाय एवं कार्यालयहरू बिच समन्वय हुन नसकि पुर्वाधारहरूको दिगो निर्माण हुन सकेको छैन। यस सम्बन्धमा स्थानीय निकाय तथा नागरिक समाजसँग समन्वय हुन सकेको छैन।

## ४.५ भू-क्षय सम्भावित क्षेत्र

गाउँपालिकाका नदी तथा खोला किनारका भागहरू भूक्षयको दृष्टिकोणले संवेदनशिल क्षेत्रमा पर्दछ। मानिसको अत्यधिक बसाई सराईका कारणबाट गाउँ क्षेत्रमा परिरहेको वनविनासको चाप, अनियन्त्रित डढेलो, चरीचरन राख्ने प्रबृत्ति एवं अव्यवस्थित ढंगले ढुंगा तथा बालुवाहरू झिक्नाले प्राकृतिक सन्तुलन बिग्रन गई बस्ती एवं खेती तर्फ अनियन्त्रित बाढीको प्रकोप केन्द्रीत भएको छ। खोलाको क्षमताभन्दा बढी मात्रामा नदीजन्य वस्तु निकासी भएकोले

खोलाको सतह गहिँरिदैं जाँदा आसपासका क्षेत्रहरूमा कटान तथा भूक्षयको सम्भावना बढ्दो देखिन्छ। मूलत: गाउँपालिकाका खोलाहरूको वरिपरी नै केन्द्रीत भएर रहेको मानव बस्तीको मानवीय गतिविधिले र अनुत्पादक पशुहरूको चापले यो संवेदनशिल क्षेत्रमा भूक्षयको दृष्टिकोणले प्रतिकुल प्रभाव पारेको छ। त्यस्तै, अल्पकालिन, मध्यकालिन र दीर्घकालिन उपायहरू अबलम्बन गर्नुपर्ने आवश्यकतालाई ध्यानमा राख्दै अल्पकालिन उपायको रूपमा स्पर एवं तटबन्ध निर्माण गर्ने मध्यकालिन उपायको रूपमा प्रभावित क्षेत्रको वरिपरी वृक्षारोपण गर्ने र दीर्घकालिन उपायको रूपमा सम्पूर्ण खोला प्रभावित क्षेत्रलाई संरक्षण गर्ने तर्फ काम अगाडि बढाउनु पर्ने देखिन्छ। उल्लेखित क्षेत्रलाई मानवीय गतिविधिबाट अप्रभावित पार्ने र सघन जलाधार क्षेत्र संरक्षण कार्यक्रमहरू सञ्चालन गर्नुपर्ने देखिएको छ।

## ४.६ गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

तालिका नं. २५ : गाउँपालिकामा हुन सक्ने संभावित प्रकोपको विवरण

| क्र. सं. | संभावित प्रकोप | विधमान अवस्था | समय |
|---|---|---|---|
| १ | शितलहर | चिसोको मात्रा बढ्दै गएको समयमा विपन्न वस्ती बढी प्रभावित | पुस –माघ |
| २ | बाढी | गाउँपालिकामा विशेषत: साना ठुला नदी/खोलाहरू बग्ने गरेको र वर्षायाममा नदी तथा खोलाहरूले आसपासका भुभागहरू बर्षेनी डुवान र कटान गरि क्षति पुऱ्याईरहेको छ। बर्षेनी धेरै संख्यामा परिवारहरू प्रभावित भैरहेका छन् । | जेष्ठ–असोज |
| ३ | आगलागी | गाउँपालिकाको धेरै जसो भु–भागमा घनावस्ती रहेका (सुकुम्वासी, मुक्त कमैया, वाढी विस्थापित) लगायतका अति विपन्न समुदायका घरहरू सचेतना अभाव, अग्नी नियन्त्रण यन्त्रको अभाव, खाना पकाउने कोठाका भित्ताहरू माटोले नपोत्नु, हावाहुरी चलेको बेला खाना पकाउनु र चुल्होमा आगो राख्ने चलन रहनु, चुल्होमा आगो सल्काउँदा मट्टीतेलको प्रयोग गर्नु र सलाई लाईटरजस्ता आगो बाल्ने वस्तुहरू बच्चाले खेलाउँदा आगलागीका घटना बढी हुने गरेको। | चैत्र–जेष्ठ |
| ४ | भूकम्प | भूकम्पिय जोखिमका दृष्टिले नेपाल विश्वको ११ औं स्थानमा रहेको र गाउँपालिकामा भुकम्प प्रतिरोधात्मक भवन कमै मात्रामा भएको, भवन आचार संहिता पूर्ण रूपमा लागु नभएको | जुनसुकै समयमा |
| ५ | महामारी | बाढी पश्ंचात पूर्ण प्रकोपका रूपमा झाडापखाला लगायतका पानी जन्य रोग बढ्ने गरेको, स्रोत साधन अभाव र जनचेतना  कमी, अनुकूल क्षमताको अभाव। | विपद् पछि, अन्य समयमा |

| | | | |
|---|---|---|---|
| ६ | वर्डफ्लु, अन्य फ्लु | अव्यवस्थित कुखुरा पालन, स्वाइन फ्लु, आदि | जुनसुकै समयामा |
| ७ | जंगली जनावर आतंक | गाउँपालिकाको वनजंगल वरिपरि बसोबास भएको क्षेत्रहरू | जुनसुकै समयमा |
| ८ | मौसमी सुख्खा | पानी नपरेमा नहरको सिचाईं नपुगेका भागहरू | असार –भदौ |
| ९ | किट आतंक | जलवायु परिवर्तन, बढी विषादि प्रयोगका कारण लाभकारी चरा, किरा लोप | खेती मौसम |
| १० | चट्याङ, असिना | बढी जसो बर्षायाम र पानी परेको समयमा | जुनसुकै समयमा |

*स्रोत : जिल्ला समन्वय समिति, २०७४*

# खण्ड ५ : आर्थिक क्षेत्र तथा रोजगार स्थिति

## ५.१ गाउँपालिका अर्थतन्त्रको संरचनात्मक स्वरूप

गाउँपालिकाको अर्थतन्त्र मुख्यतया: कृषि, वन, मत्स्यपालन, उद्योग, ग्याँस, पानी, निर्माण, थोक, खुद्रा बजार, होटल, रेस्टुरेन्ट, पर्यटन तथा सेवाजस्ता क्षेत्रमा निर्भर भएको देखिन्छ। उपयुक्त हावापानी, माटोको बनोट तथा समतल भएको यस गाउँपालिका कृषिको लागि उपयुक्त उर्वर माटो भएको तराईको क्षेत्र भएको हुँदा गाउँपालिकामा अधिकांश घरपरिवार प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा कृषि व्यवसायमा संलग्न रहेका छन्। गाउँपालिकाका सबै वडाहरूमा रणनीतिक तथा सडक सञ्जालका कारण गाउँपालिकाका सबै वडा तथा जिल्लाभित्रका सबै गाउँपालिकाहरूमा पहुँच सहज बनाएको छ। त्यसैगरी गाउँपालिकामा ठूलो संख्यामा रहेका ताल, सीमसार क्षेत्र, वनजंगल तथा जैविक विविधताले जिल्लाको विकासमा थप सम्भावना बोकेका छन्। सिमेन्ट उद्योग, मील, फर्निचर उद्योग, क्रसर उद्योग, कुखुरा पालन, पशु पालन आदि यस गाउँपालिकामा रहेका केही ठूला तथा साना घरेलु उद्योग व्यवसायहरू हुन्। यस गाउँपालिकाका मानिसहरू उल्लेखनीय रूपमा औद्योगिक विकास तर्फ लागिरहेका देखिन्छ। यस गाउँपालिकाको अर्को मुख्य आर्थिक आधार वैदेशिक रोजगार रहेको देखिन्छ। यद्यपि यो त्यति सकारात्मक भने होइन।



## ५.२ आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

तालिका नं. २६ : आर्थिकरूपले सक्रिय जनसंख्याको अवस्था

| कुल जनसंख्या | १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्या | | आर्थिकरूपले सक्रिय जम्मा जनसंख्या |
|---|---|---|---|
| | पूरुष | महिला | |
| ३८,४६६ | १०,३५५ (४६.३८%) | ११,९७२ (५३.६२%) | २२,३२७ (५८.०४) |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

गाउँपालिकामा १५ वर्षदेखि ५९ वर्षसम्मका आर्थिकरूपले सक्रिय जनसंख्याको विवरण देखाइएको छ। जसमा पुरुषको संख्या १०,३५५ (४६.३८ प्रतिशत), महिलाको संख्या ११,९७२ (५३.६२ प्रतिशत) देखिन्छ। आर्थिकरूपले सक्रिय जनसंख्यामा पुरुषको तुलनामा महिला बढी सक्रिय रहेको पाइन्छ। गाउँपालिकाको कुल जनसंख्याको २२,३२७ अर्थात् ५८.०४ प्रतिशत जनसंख्या आर्थिकरूपले सक्रिय छन् भने आर्थिक रूपमा निस्कृय जनसंख्या ४१.९६ प्रतिशत देखिन्छन्। जसको विस्तृत विवरण माथि तालिकामा देखाइएको छ।

## ५.३ आश्रित जनसंख्याको विवरण

तालिका नं. २७ : आश्रित जनसंख्याको विवरण

| जनगणना वर्ष | आश्रित बालबाबिालका (०-१४) | | आश्रित वृद्धवृद्धाहरू (६० वा सोभन्दा माथि) | | जम्मा आश्रित | |
|---|---|---|---|---|---|---|
| | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत | जम्मा | प्रतिशत |
| २०६८ | १३,१८३ | ८१.६८ | २,९५६ | १८.३२ | १६,१३९ | ४१.९६ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

गाउँपालिकामा आश्रित जनसंख्या ०-१४ वर्ष उमेर समूहका आश्रित बालबालिका र ६० वर्ष वा सोभन्दा माथिका आश्रित बृद्धबृद्धाहरूको संख्या र प्रतिशतलाई देखाइएको छ। जसमा आश्रित बालबालिकाको संख्या १७,५५८ (८२.२२ प्रतिशत), आश्रित बृद्धबृद्धाहरूको संख्या ३,५४० (१६.७८ प्रतिशत) देखिन्छ। कुल जनसंख्यामध्ये जम्मा आश्रित जनसंख्या १६,१३९ (४१२.९६ प्रतिशत) देखिन्छ। जसको विस्तृत विवरण तालिका उल्लेख गरिएको छ।

## ५.४ कृषि



नेपालमा कृषि क्षेत्र देशको प्रमुख रोजगार प्रदायक तथा कूल गार्हस्थ उत्पादनमा प्रमुख हिस्सेदार भै देशको अर्थतन्त्रको मेरुदण्डको रूपमा रहेको छ। ग्रामीण जनताहरूको जीवनस्तरमा प्रत्यक्ष सरोकार राख्ने कृषि क्षेत्रको आधारभूत कृषि तथ्याङ्कलाई ग्रामीण विकासको सूचकको रूपमा लिन सकिन्छ। खाद्यान्न तथा नगदे बालीहरू फलफूल, पशुपंक्षी, मत्स्य सिंचाई साथै कृषि उत्पादन र क्षेत्रफल सम्बन्धी विविध सूचनाहरू कृषि तथ्याङ्कको क्षेत्रभित्र पर्ने भएतापनि नेपालमा सरकारी स्तरबाट राष्ट्रिय तथा स्थानीय तहमा कृषि सम्बन्धी सूचना तथा तथ्याङ्कको प्रमुख स्रोतको रूपमा कृषि तथा सहकारी मंत्रालय र केन्द्रीय तथ्याङ्क विभाग रहेका छन्। स्थानीय उत्पादनको बृद्धि र विकास गर्न बजारीकरणतर्फ विशेष ध्यान दिनुपर्ने देखिन्छ।

तुलनात्मक रूपमा हेर्दा पुरुषहरू यस पेशाबाट विमुख हुँदै अन्य पेशातर्फ आकर्षित भएको देखिन्छ। यसो हुनुमा अन्य पेशाबाट आम्दानीमा बृद्धि हुनु र खेती योग्य जमिनको अभाव विस्तारै सिर्जना हुनु पनि हो। कृषि क्षेत्रमा आधुनिकीकरण नहुनु, बजार व्यवस्थाको अभाव, सिंचाईको व्यवस्था नहुनु तथा अन्य जीवनशैली जटिल बन्दै जानुले यस क्षेत्रबाट विमुख हुनाको केही प्रमुख कारण हुनुपर्दछ।

### (क) हिउँदे बाली

गाउँपालिकामा उत्पादन गरिने प्रमुख हिउँदे बालीहरूमा गहुँ, उखु, मसुरो, चना, अरहर, मास, गहत, राजमा, भटमास, मुङ, तोरी, तिल, आलस, केरा, सुन्तला जात, हिउँदे तरकारी, आलु, मसला बाली, माछा रहेका आदि छन्।

### (ख) वर्षे बाली

गाउँपालिकाको प्रमुख वर्षे बालीहरूमा धान, मकै, दलहन, भटमास, मास, मुग, गहन, अन्य तरकारी, वर्षे तरकारी, आलु, फलफूल, कागती, निबुवा, केरा, मसला बाली, अदुवा आदि छन्।

### ५.४.३ कृषि बालीमा लाग्ने रोग

गाउँपालिकाको कृषि उत्पादनमा धान, गहुँ, मकै, दलहन, तेलहन, तरकारी, फलफूल आदी नै मुख्य रूपमा रहेको छ। सामान्यतया धानमा व्लास्ट, खैरो थोप्ले, फेद कुहिने रोगहरू देखा परेको छ भने गहुँमा कालो पोके र सिन्दुरेजस्ता रोगहरू देखिन्छन्। यसैगरी मकैमा डाठ वा धोगा कुहिने र तरकारी आलु, सागपात आदिमा लेटव्लाइट, मोजाइक, ओइलाउने, खोस्टे, अल्टरनेरिया, कवरट, ड्याम्पिङ्ग अफ, जरा कुहिनेजस्ता रोगहरू मुख्य रूपमा देखा पर्दछन्। फलफूलमा विशेषगरी कोत्रे, सेतो धुले रोग, झोजक पात गुजुमुज्ज हुने, क्याक रोग, जरा कुहिन, ओइलाउने आदी रोगहरूको प्रकोपबाट कृषकहरू समस्यामा परेका छन्। मुख्य बालीहरूमा लाग्ने शत्रु जीव र रोगहरूको विस्तृत विवरण तलको तालिकामा राखिएको छ।

तालिका नं. २८ : बालीमा लाग्ने मुख्य रोगको विवरण

| क.सं. | बाली | प्रमुख शत्रु जीव | प्रमुख रोग |
|---|---|---|---|
| १ | धान | गवारो, पात बेरुवा, पात कट्वा, हरियो फडके, खैरो फड्के, स्किपर, पतेरो, मिलिवग, निमाटोड, ढुङ्गे, फट्याङ्ग्रा | मरुवा, डढुवा, खैरो, थोप्ले, सिथ व्लाइट, खैरे रोग |
| २ | गहुँ | कटवर्म, वायरवर्म, लाही | कालो पोके, सिन्दुरे, खैरा |
| ३ | मकै | खुम्रे, फेद वटुवा, गवारो, फट्याङ्ग्रा, लाही | डाठ कुहिने, घोगा कुहिने, कालोपोके |
| ४ | आलू | लाही, फेद कटुवा, खुम्रे, रातो कमिला, धमिरा, आलुको पुतली | लेटव्लाइट, मोजाइक, ओइलाउने रोग, खोस्टे रोग, डढुवा |
| ५ | तरकारी | भण्टाको गवारो, लाही, वन्दाको पुतली, टमाटरको फलको गवारो, फल कुहाउने औसा, सुलसुले, रातो खपटे, डल्ले खपटे, थ्रिप्स, खुम्रे | ओइलाउने रोग, अल्टरनोरिया, क्लवरट, ड्याम्पिङ्ग अफ, डाइ ब्याक, जरा कुहिने, पाउडरी मिल्ड्यू |
| ६ | फलफूल | आपको मधुवा, गवारो, फल कुहाउने औसा सुलसुले, अनारको पुतली, होपर | एनथ्राक्नोजा, ससेतो ढुसी, डाईव्याक, आँपको गुच्चा हुने, डाउनी मिल्ड्यू |
| ७ | केरा खेती | केराको स्किपर, थाम र गानोका गवारा तथा घुनहरू, खपटे | जरा कुहिने रोग, ओईलाउने रोग, गुवो कुहिने, डढुवा, बन्चिटप |

स्रोत: सेवाकेन्द्र स्तरिय प्रोफायल, २०७४

### ५.४.८ बाली पात्रो

तालिका नं. ३० : बाली पात्रो

| क्र.सं. | बाली | बाली लगाउने समय | बाली भित्र्याउने समय |
|---|---|---|---|
| १ | धान वर्षे | जेष्ठ/ आषाढ | असोज / कार्तिक |
| २ | मकै वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| ३ | मकै बसन्ते | माघ / फागुन | जेष्ठ / वैशाख |
| ४ | गहुँ | कार्तिक / मंसिर | चैत्र / वैशाख |
| ५ | तोरी | असोज / कार्तिक | माघ / फागुन |
| ६ | आलु | असोज / कार्तिक | माघ / फागुन |
| ७ | मसुरो | कार्तिक / मंसिर | फागुन / चैत्र |
| ८ | उखु | माघ / फागुन | पौष / माघ |
| ९ | चना | असोज / कार्तिक | फागुन / चैत्र |
| १० | मकै हिउँदे + तोरी | असोज / कार्तिक | पौष / माघ |
| ११ | सुर्यमुखी | माघ / फागुन | जेष्ठ / आषाढ |
| १२ | तरकारी वर्षे | जेष्ठ / आषाढ | भदौ / असोज |
| १३ | तरकारी हिउँदे | भदौ / असोज | मंसिर / फागुन |
| १४ | तरकारी बसन्ते | पौष / माघ | वैशाख / आषाढ |

*स्रोत: जिल्ला कृषि विकास कार्यालय २०७४*

### ५.४.९ कृषि बजारीकरण



परम्परागत कृषि बजारीकरणमा उत्पादकहरूले असंगठित रूपमा आफ्नो उपजको आफैं बजारीकरण गर्ने चलन थियो तर पछिल्ला दिनमा विविध खाले बजार श्रृंखला पार गर्दै कृषि उपजहरूको बजारीकरण प्रचलन विकास हुन थालेको छ। नगर निर्माणका प्रारम्भिक दिनदेखि यहाँका कृषिजन्य वस्तु बजारीकरणका ढाँचाहरू विभिन्न खालका अभ्यासमा आएका छन्। यद्यपि आजसम्म पनि व्यवस्थित कृषि बजार निर्माण भई नसके पनि बन्ने र बनाउने दिशामा भएका प्रयत्नहरूले कृषि बजारको क्रमिक विकासमा टेवा पुर्‍याएका छन्। हालसम्म बजारीकरण ढाँचामा विभिन्न कृषि बजारीकरणका मोडलहरू विकास र अभ्यास भएको देखिन्छ। कृषि उपज बजारीकरणका ढाँचाहरूले एकले अर्कोलाई विस्थापन गरेका छैनन्, तर एकले अर्काको विकास गर्न परिस्थिति निर्माण गरेका भने पक्कै छन्। गाउँपालिकामा विभिन्न हाटबजारहरूबाट कृषि लगायत अन्य वस्तुहरूको (तरकारी, आलु, फलफूल तथा माछा) बजारीकरण हुने गरेको देखिन्छ।

### ५.४.१२ जग्गाको उर्वराशक्ति

गाउँपालिकाको ठूलो क्षेत्रफल समथर भू-भागले ओगटेकोले कृषि उत्पादनको लागि उर्वर भूमि प्रशस्त रहेको छ। विगतमा सियारी गाउँपालिकामा रहेका उर्वरा क्षेत्र हाल शहरीकरणको प्रभावसंगै उर्वरभूमि सागुरिदै गएको देखिन्छ। गाउँपालिकाको समथर भू-भागमा खाद्यान्न बाली, नगदे बाली तथा फलफूल र तरकारीको लागि उर्वर भूमि पाइन्छ भने वन क्षेत्रले ढाकेको क्षेत्रहरूमा डाँलेघाँस र खरघाँसको लागि उर्वरता रहेको पाइन्छ।

## ५.५ सिंचाइ

गाउँपालिका सतह एवं भूमिगत जल सिंचाइ प्रमुख स्रोतको रूपमा रहेको छ। कृषिको लागि उर्वर माटो भएको र गाउँपालिकामा ठूलो संख्यामा जनता कृषिमा निर्भर रहेको हुँदा प्राकृतिक स्रोतको उपयोग गरी सबै खेतीयोग्य जमिनमा सिचाई सुविधा पुर्‍याउन सके रोजगारीका अवसर बढ्नुका साथै कृषि उत्पादनमा पनि प्रशस्त बृद्धि हुने देखिन्छ।

भूमिगत सिचाई : गाउँपालिकामा भूमिगत रूपमा रहेको जलस्रोतलाई उपयोग गर्न र लगानी र प्रतिफलको हिसावले तत्काल सतह सिचाईमा जान नसकिने ठाउँहरूमा जमिनमुनिको पानीलाई प्रयोग गरी सिंचित गर्नु उपयुक्त देखिन्छ।

## ५.६ पशुपालन

गाउँपालिकामा विशेषगरी गाई, भैंसी, बाखा, सुँगुर नै यहाँका मुख्य घरपालुवा जनावर हुन। यसबाट गाउँपालिका बासीहरूको जीविकोपार्जनमा उल्लेख्य सुधार भैरहेको छ। पशुजन्य उत्पादनहरू जस्तै, दुध, दही, घिउ तथा मासुका लागि कुखुरा, बंगुर, खसी, बोकाहरूको बिक्रीबाट आम्दानी बढेको देखिन्छ। यहाँ डेरी उद्योग, व्यापारिक फार्म, गाई, भैसी, कुखुरा फार्महरू लगायतका कृषिजन्य उद्योगहरू रहेका छन। त्यस्तै गरी भेटेनरी सेवा पनि गाउँपालिकामा उपलब्ध रहेको छ। गाउँपालिकामा पशुपालन अधिक मात्रामा हुने गरेको देखिन्छ।



## ५.६.१ पशु नश्ल

गाउँपालिकामा पालन गरिने मुख्य पशुपंक्षीहरूमा गाई, भैंसी, बाख्रा, भेंडा र बंगुर रहेका छन् । सामान्यतया व्यवसायिक पशुपालनको विकाससँगै वर्णशंकर तथा उन्नत जातका पशुहरूको हिस्सा कुल पशुको तुलनामा वृद्धि हुँदै गएको पाइन्छ । गाई भैंसीमा कृत्रिम गर्भाधान सेवा उपलब्ध हुनु तथा बाख्रा र बंगुरतर्फ उन्नत जातका भालेहरूसँग प्रजनन् गराउने परिपाटी बसेको हुँदा यी जातका जनावरहरूमा वर्णशंकरको संख्या बढ्दो छ । तथापि बँधुवा पशुपालन पद्धतिको कमी, कमजोर पशु स्वास्थ्य व्यवस्थापन, कुपोषण तथा पशुपालनसम्बन्धी प्राविधिक ज्ञान तथा चेतनाको अभावको कारण वर्ण शंकरबाट उत्पादनमा खासै उत्साह थपिएको अवस्था छैन । त्यसैगरी ठूलो संख्यामा रहेका कम उत्पादक जनावरहरूले अपेक्षाकृत बढी उत्पादक जनावरहरूको आहारा खाई दिनु तथा सबै न्यून उत्पादक जनावरहरूलाई हटाएर उन्नत जातको जनावर किनेर पाल्नु न त सम्भव छ, न व्यवहारिक हुन्छ । तसर्थ नश्ल सुधारमार्फत् नयाँ जन्मिएका जनावरका बच्चाहरूलाई भविष्यको राम्रो माउ हुने कुरा मध्यनजर गरी थप कार्यक्रमहरू संचालन गर्नु आवश्यक छ ।

सारांशमा, विगतका वर्षहरूमा गाउँपालिकाको पशुपालन क्षेत्रले राम्रो फड्को मारेको छ जसले गर्दा पशुपंक्षीजन्य उत्पादनमा परिमाणत्मक विकास सम्भव भएको छ । तर हालको परिमाणात्मक विकासको गति सुस्त छ ।पशु पालन क्षेत्रमा क्रमिक रूपमा व्यवसायिकता थपिएको छ तरपशुपंक्षीजन्य उत्पादन प्रशोधनका लागि उद्योग स्थापना खासै हुन सकेको पाईंदैन । त्यसैगरी पशुपालनतर्फ गुणात्मक विकासको पनि एकदम खाँचो सर्वत्र महसुस

गरिएको छ। पशुपालनसँग आवद्ध श्रमिक तथा महिला वर्गहरूको उत्पादकत्व अति न्युन हुनु, युवा वर्गहरू विदेश पलायन हुनु र सो अनुरूप पशुपालनमा यान्त्रिकरण हुन नसक्नु, पशु पालन क्षेत्रमा पुँजी लगानीको आकार धेरै सानो हुनु तथा जनमानसमा पशुपालनको कृषि अर्थतन्त्रमा योगदानको बारेमा अज्ञानता आदि कारणले गर्दा पशुपालन क्षेत्रबाट आशातीत उपलब्धि हासिल हुन सकिरहेको छैन।

## ५.६.२ पशुपंक्षीमा लाग्ने रोगहरू

कृषकहरूको मुख्य आम्दानीको स्रोतको रूपमा रहेको पशुपंक्षीहरूको पालन रहेको देखिन्छ। गाउँपालिकामा देखिने पशु रोगहरूमा रेविज, खोरेत, पिपिआर, स्वाइन फिवर, भ्यागुते, चरचरे, नाम्ले, माटे, थुनेलो, प्रजनन् सम्बन्धि र जुका पर्दछन्। गाउँपालिकाको वन जंगलसँग जोडिएका वडाहरूमा एन्टी रेजिव खोप लगाउनुपर्ने देखिन्छ भने खोरेत पिपिआर स्वाइन फिवरजस्ता अत्यन्त संक्रामक रोगको प्रकोप पनि यस गाउँपालिकामा त्यत्तिकै रहेको पाइन्छ। यसका कारणहरूलाई हेर्दा, पशुको अवैध आवत जावत, दयनिय व्यवस्थापन, खोप लगाउनुपर्छ भन्ने चेतनाको कमी, आदि मान्न सकिन्छ। यि रोगको नियन्त्रणका लागि जिल्ला पशु सेवा कार्यालयबाट निरन्तर प्रयास भैरहेको देखिन्छ।

जिवाणुबाट हुने रोगहरूमध्ये भ्यागुत्ते र चरचरे विरुद्ध यस गाउँपालिकाको किसानहरूले खोप लगाउने गरेको पाइन्छ। तापनि यी रोगहरू फाट्टफुट रूपमा देखिने गरेको छन। गाउँपालिकामा स्वाइन फिवर, खोरेत, रेविज विरुद्धको खोपकार्य समेत गाउँपालिकाको विभिन्न वडाहरूमा समेत संचालन गर्न सकेमा धेरै हदसम्म रोग नियन्त्रण कार्य सफल हुने देखिन्छ। सामान्यतया पशुपंक्षीमा ठूलो माहामारी फैलिएको पाईदैन। तथापी यहाँका पशुपंक्षीहरूमा खोरेत, भ्यागुते, चरचरे, नाम्लेजुका, रेवीजजस्ता रोगहरूको प्रकोप रहेको छ भने पंक्षीहरूमा मुलत रानीखेत, गम्बोरा, सिआरडी र बर्डफ्लू मुख्य रूपमा लाग्ने गरेको छ।

तालिका नं. ३१ : पशुमा देखिएको रोगहरूको विवरण

| क्र.सं. | Disease | Animals | | | | Other |
|---|---|---|---|---|---|---|
| १ | Liver Fluke | Cattle | Buffalo | Goats | | |
| २ | HS@BQ | Cattle | Buffalo | Goats | | |
| ३ | Pramphistomom | Cattle | Buffalo | Goats | | |
| ४ | Nerves Sign | Cattle | Buffalo | Goats | | |
| ५ | Respiratory Sign | Cattle | Buffalo | Goats | | |
| ६ | Cocciodiosis | | | | Fowl | |
| ७ | Skin Lesions | | | | Fowl | |
| ८ | Wound/Abscess | Cattle | Buffalo | Goats | | |
| ९ | Red Urine | Cattle | Buffalo | Goats | | |
| १० | Abortion | Cattle | Buffalo | Goats | | |
| ११ | Warble Infestation | Cattle | Buffalo | Goats | | |
| १२ | Diarrhoea | Cattle | Buffalo | Goats | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १३ | Infertility | Cattle | Buffalo | Goats | | |
| १४ | Mastitis | Cattle | Buffalo | Goats | | |
| १५ | Distocia | Cattle | Buffalo | Goats | | |
| १६ | Prolapse | Cattle | Buffalo | Goats | | |
| १७ | Retained Placenta | Cattle | Buffalo | Goats | | |
| १८ | Mange | Cattle | Buffalo | Goats | | |
| १९ | Rabis | Cattle | Buffalo | Goats | | Dog |
| २० | Tick/Lice(External Parasite) | Cattle | Buffalo | Goats | Fowl | |
| २१ | Intestinal Helmenthis | | | | Fowl | |
| २२ | Orf | | | Goats | | |
| २३ | Parasitic Gastroenteritis | Cattle | Buffalo | Goats | | Pig |
| २४ | Anoestrous | Cattle | Buffalo | Goats | | |
| २५ | Indigestion/Anorexia | Cattle | Buffalo | Goats | | |
| २६ | Tympany/Bloats | Cattle | Buffalo | Goats | | |
| २७ | Magout wound | Cattle | Buffalo | Goats | | |
| २८ | Cough | Cattle | Buffalo | Goats | | |
| २९ | Pnoumonia | Cattle | Buffalo | Goats | | |
| ३० | Gumbarrow | | | | Fowl | |
| ३१ | Cyst | Cattle | Buffalo | Goats | | |
| ३२ | FMD | | | Goats | | |
| ३३ | PPR | | | Goats | | |
| ३४ | Ranikhet | | | | Fowl | |
| ३५ | CRD | | | | Fowl | |

*स्रोत : जिल्ला पशु कार्यलय, रूपन्देही २०७३*

### (क) गाई/भैंसी फार्महरूको विवरण

गाउँपालिकाभित्र डेरी फार्म तर्फ आएको व्यवसायिकता कृषकहरूको विगतका तिन वर्षदेखिको प्रयासको प्रतिफल हो। डेरी फार्म तर्फ वस्तु भाउ पालनका ३ थरीका मोडेलहरू पाईन्छ। धेरै जसो कृषकहरू गाई पालन फार्म संचालन गरेको पाईन्छ भने कतिपय कृषकहरू व्यवसायिक भैंसी पालन तर्फ आकर्षित भएका छन्। केही कृषकहरू भने दुधमा फ्याटको मात्रा बढ्न गई राम्रो मुल्य पाइने सोचले गर्दा एउटै फार्म भित्र गाई र भैंसी दुवै थरी जनावर पालन गरेको पाईन्छ।

यस गाउँपालिकामा पशुपालनतर्फ हाल धेरै ठूला लगानीका फार्महरू छैनन्। त्यसै गरी फार्महरूको यान्त्रिकरण तर्फ पनि प्रगति अति नै न्युन रहेको पाईन्छ। त्यस कारण, समग्रमा भन्नु पर्दा गाउँपालिकामा दुग्ध उत्पादनतर्फ क्रमश: विकास हुँदै गइरहेको देखिन्छ।



## ५.६.५ गाउँपालिकामा दुग्ध बजारीकरण तथा दुग्ध उत्पादक सहकारी संस्था

सियारी गाउँपालिकामा पशुपालन एक प्रमुख पेशाको रूपमा रहि आएको छ। दुग्ध विकासको कुरा गर्दा बजार, शहरमा साइकल र मोटरसाइकलबाट दुध ल्याएर बेच्ने चलन बढी छ र स्वयं कृषकहरूले नै घर घर वा पसल पसलमा नै लगेर बेच्ने गर्दछन। यसरी बेच्दा दुधको गुणस्तर नाप ल्याक्टोमिटराबाट गर्ने गरिन्छ र जति बढी ल्याक्टोमिटर उति बढी मुल्य हुने गरेको पाइन्छ उत्पादित केही दुध स्थानीय बजारमा अवस्थित केही डेरी र मिठाई पसलले प्रयोगमा ल्याएतापनि अन्य घरमा नै विभिन्न किसिमले प्रयोग गरेको पाइन्छ। गाउँपालिकाको केही वडाका वरिपरी निजी स्तरका लघु दुग्ध उद्योगहरूको स्थापना भई जिल्लाका ग्रामीण दुधको केही भागले सबल बजार सञ्जाल पाउन सफल भएको छ। गाउँपालिकामा २ दुग्ध सहकारी संस्थाहरू कार्यरत रहेका छन्।

तालिका नं. ३२ : गाउँपालिकामा रहेको दुग्ध उत्पादक सहकारीको विवरण

| क्र.सं. | सहकारी संघ /संस्थाको नाम | ठेगना | संचालक | | | शेयर सदस्य | | | शेयर पुजी | बचत निक्षेप | सदस्यलाई ऋण लगानी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | महिला | पुरुष | जम्मा | महिला | पुरुष | जम्मा | | | |
| १ | जलधारा दुग्ध स.सं.लि | मैनहिया | १ | ८ | ९ | २ | २४ | २६ | ६०४० | ० | ० |
| २ | दयानगर दुग्ध उ.स.सं.लि. | दयानगर | २ | ७ | ९ | २१ | २५ | ४६ | ० | ० | ० |

*स्रोत : स्रोत:रूपन्देही जिल्लाको सहकारी गतिविधिहरू २०७३*

### ५.६.७ मासु बजारीकरण

सियारी गाउँपालिका मासु उत्पादनमा आत्म निर्भर देखिन्छ। कुखुरा पालन झैँ विगतका केही वर्षरुदेखि बाख्रा तथा बंगुर पालन व्यवसायले समेत ठूलो फड्को मारेको देखिन्छ। यति हुँदा हुँदै पनि मासु उपार्जन तर्फ व्यवसायिकताको खाँचो रहेको छ। गाउँपालिकाको हकमा यसका मुख्य दुईटा कारणहरू– आधारभूत भौतिक पूर्वाधारहरूको कमी तथा पशुपंक्षी पालन प्रयोजन रहेका छन्। त्यसैगरी बंगुर पालनतर्फ मासु उत्पादनको लागि नभई सुरक्षित र छिटो आम्दानी प्राप्त गर्नको लागि पाठापाठी बेच्ने परिपाटी विद्यमान रहेकाले बंगुरबाट समेत मासु उत्पादनमा उल्लेखनीय योगदान भएको पाईदैन।

मासुको बढ्दो माग, उपभोक्ताको बढ्दो क्रयशक्ति, फस्टाउँदो पर्यटन व्यवसाय, गाउँमा संचालित विभिन्न परियोजनाहरूले गर्दा मासुको माग दिन प्रतिदिन बढेको छ। यसको शुरुवातको मोडेल कुखुरा तथा बंगुरको मासु व्यवसायीकरणबाट गर्न सकिन्छ। कुखुरा पालनको आधार नै व्यवसायिकता हो; कृषकले वैज्ञानिक पद्धतिका खोर बनाउनेदेखि यसको प्रजनन, अहारा, स्वास्थ्य तथा बजार व्यवस्थापन तर्फ कृषकहरू सजग रहेको पाईन्छ। यसको अलावा बंगुर पालन गाउँपालिकाको समतल भू-भागमा गरिने हुँदा उपलब्ध भौतिक पूर्वाधारहरूले समेत अफ्ठ्यारो अवस्था सृजना गर्ने कुनै कारण देखिदैंन।

## ५.९ व्यापार तथा उद्योगको विवरण



यहाँ विभिन्न हाट बजारहरू व्यापार व्यवसायका लागि प्रसिद्ध रहेका छन्। यस्ता बजारहरूबाट विशेषगरी खुद्रा व्यापार हुने गरेको छ। यसैगरी सियारी गाउँपालिकाबाट थोक व्यापार समेत हुने गरेको छ। व्यापार अन्तर्गत

खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल अन्य पहाडी तथा तराईका जिल्लासँग हुने गरेको छ भने अन्य थोक व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै वैदेशिक सामानको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस गाउँपालिकाबाट हुने गरेको पाइन्छ।

ठूलो भूमिमा विस्तार भएको समथर जमिन, कृषिजन्य कच्चा पदार्थहरूको उपलब्धता, परम्परागत तथा जातिगत सीप, कौशल, पर्यटकीय महत्वका स्थलहरूको उपलब्धता लगायतका विभिन्न कारणले गाउँपालिकामा औद्योगिक विकासको राम्रो सम्भावना रहेको छ। सियारी गाउँपालिकाको अधिकांश बासिन्दाहरू कृषि पेशामा आवद्ध भएका छन्। स्थानीय माग कार्यमा केही मझौला, साना तथा घरेलु उद्योग भने संचालित छन्। यस गाउँपालिकामा २ ओटा सिमेन्ट उद्योगहरू स्थापना भएका छन्। यसका अलवा उखु, गन्ना मिल वा (कोलु), अगरबत्ति उद्योग, मैनबत्ति उद्योग, नमकिन उद्योग, सिलाई कटाई उद्योग, ढाका र तान उद्योग, समिल तथा फर्निचर उद्योग, क्रसर उद्योग, इट्टा उद्योग, ग्रिल उद्योग, कुखुरा फार्म, पशु फार्म आदि यस गाउँपालिकामा रहेका केही औद्योगिक व्यवसायका उदाहरणहरू हुन्। त्यसैगरी साप्ताहिक रूपमा लाग्ने सियारी गाउँपालिकामा विभिन्न हाट बजारमा स्थानीय उत्पादन तथा चौपायाको किनबेच हुने गर्दछ। यसले पनि गाउँपालिकामा आर्थिक कारोबारको मात्रामा वृद्धि गराएको छ।

## ५.१० थोक तथा खुद्रा व्यापार

५ नं  प्रदेशका पहाडी एवं छिमेकी जिल्लामा कृषि उपजहरू यस गाउँपालिकाबाट निर्यात हुने गरेको छ। थोक व्यापार अन्तर्गत खाद्य मिलबाट उत्पादित चामल, पिठो, तेल, तरकारी, फलफुल, माछा, गेडागुडी तथा मसला छिमेकि गाउँपालिका/नगरपालिका तथा तराईका अन्य जिल्लासँग हुने गरेको छ भने अन्य व्यापारमा विस्कुट, साबुन, चाउचाउ, चिया, चिनी आदिको हुने गरको छ। यसका अतिरिक्त तेस्रो मुलुकमा निर्मित इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरूका साथै विदेशी सामानको नाममा विभिन्न तेस्रो मुलुकहरूबाट उत्पादन भई पैठारी गरिएका घरेलु उपयोगका सामानहरूको समेत उल्लेख्य मात्रामा थोक र खुद्राबिक्री यस नगरबाट हुने गरेको पाइन्छ।

### ५.१०.१ निकासी पैठारी स्थिति

गाउँपालिकाबाट बाहिर निकासी हुने वस्तुभाउहरूमा मुख्यतया: कृषि उपजहरू जस्तै : खाद्यान्न, तरकारी, फलफूल, दलहन, तेलहन आदि प्रमुख रहेका छन्। आयात गरिने बस्तुहरूमा घरायसी सामानहरू, चिनी, साबुन, इलेक्ट्रीक र इलेक्ट्रोनिक्स सामानहरू, मोटर पार्टस, कपडा, मसलाहरू, मैदा, मिश्री, फलफुल तथा तरकारी रहेका छन्।

### ५.१०.२ ढुवानी तथा भण्डार व्यवस्था

गाउँपालिका भित्र उत्पादित मालसामानहरू गाउँपालिकाको एक ठाँउबाट अर्को ठाउँमा पुऱ्याउन ढुवानी साधानको रूपमा, ट्रक, ट्याक्टर, रिक्सा, ठेला आदि रहेको छन्। गाउँपालिकाको पक्की सडक नभएका क्षेत्रहरूमा ढुवानी गर्न समस्या भएको पाइन्छ। कतिपय ठाउँहरूमा विभिन्न खोलाहरूमा पुल नभएका कारण आवागमनको समेत समस्या रहेको सन्दर्भमा मालसामान ढुवानी गर्ने समस्या झन टड्कारोरूपमा रहेको छ। गाउँपालिकाको आन्तरिक ढुवानी प्रणालीलाई सुदृढ गर्न विभिन्न खोला तथा नदीहरूमा पुल निर्माण गर्नुपर्ने देखिन्छ ।

गाउँपालिकामा कृषकहरूले खाद्यान्नको उचित दरभाउ पाएमा व्यापारीहरूलाई बिक्री गर्ने र व्यापारीहरूले त्यसरी खरिद गरेको खाद्यान्न आफ्नै गोदाममा राख्ने गर्दछन। गाउँपालिकाको  कृषकहरूको आलु, तरकारी तथा फलफुल सुरक्षित राख्न पर्याप्त मात्रामा शीत भण्डारको निर्माण गर्नुपर्ने देखिन्छ।

### ५.१०.३ स्थानीय उत्पादनहरूले बाह्य उत्पादनसँग गर्नु परिरहेको प्रतिस्पर्धा

स्थानीय उद्योगहरूबाट उत्पादित बस्तुहरू चामल, तेल, दाल, पिठो, पोल्ट्री प्रोडक्ट, फलफुल तथा तरकारी सम्बन्धी उद्योगहरूको अन्य गाउँपालिका/नगरपालिका, जिल्ला तथा भारतीय बजारको प्रतिस्पर्धा गर्नु परिरहेको छ।

उद्यमशीलता, सिप विकास, बजारीकरण, सेवा कर्जा बजारको सुचनामा उद्यमीहरूको पहुँचको स्थिति, सिप विकास तालिम, उद्यमशिलता विकास तालिमका माध्यमबाट गाउँपालिकामा रोजगारी बढाउने, उद्योग व्यवसायमा बृद्धि गर्ने उद्देश्य पूर्ति गर्न यस गाउँपालिका लागि परेको छ। गाउँपालिकामा उद्योग व्यवसाय गर्ने एवं सिपमुलक तालिम गरी स-साना व्यवसाय गर्ने व्यक्तिहरूलाई कर्जा बजारको सुचना भएको र गाउँपालिकामा स्थापित वित्तीय संस्थाहरूबाट कर्जा लिनेहरूको संख्या बढिरहेको रहेको देखिन्छ।

### ५.१०.४ स्थानीय कच्चा पदार्थको उपलब्धता र उपयोगको स्थिति

गाउँपालिकामा कृषिजन्य कच्चा पदार्थहरूमा धान, गहुँ, मकै, कुखुरा, फलफुल, काष्ठजन्य र निर्माणजन्य आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित विभिन्न उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ। व्यापारको प्रकृतिअनुसार खाद्यान्न धान, गहुँ, तोरी, काष्ठजन्य वस्तुहरू व्यापारीहरूले अन्य गाउँपालिकाहरूबाट आयात तथा निर्यात गर्ने गरेको पाइन्छ।

#### क) कृषि जन्य पदार्थ

गाउँपालिकामा कृषि जन्य कच्चा पदार्थहरूमा धान, गहुँ, उखु, फलफुल आदि प्रमुख छन्। यी कच्चा पदार्थहरूमा आधारित खाद्य मिल, उद्योगहरू स्थापना भई कच्चा पदार्थको उपयोग भएको पाइन्छ भने बढी भएको खाद्यान्न धान, गहुँ, तोरी व्यापारीहरूले अन्य नगर तथा जिल्लामा निकासी गर्ने गरेको पाइन्छ।

### ५.१०.५ प्रमुख स्थानीय उत्पादनको बजारीकरण

- ✓ कृषिजन्य तथा उत्पादनमुलक उद्योग अन्तर्गत पर्ने खाद्य मिलबाट उत्पादन हुने बस्तु, दाल, चामल, तेल, पिठो, मसाला, आदिले स्थानीय बजारको आवश्यकता पुर्ति गर्नुको साथै यिनले अन्य नगर तथा छिमेकी जिल्लाहरूको बजारको रूपमा सेवा समेत पुर्याइरहेका छन्।
- ✓ इटा, क्रसर, ग्रिल, काष्ठ सम्बन्धि उद्योगहरू गाउँपालिकाको बढ्दो शहरीकरणका कारण स्थानीय बजारको आवश्यकता पूर्ति गर्नका साथै अन्य छिमेकि नगर तथा जिल्लाहरूको बजारमा समेत सेवा पुऱ्याएको देखिन्छ।

## ५.११ अन्य आर्थिक विकासका सम्भावनाहरू

गाउँपालिकामा आर्थिक विकास अन्तर्गत यातायात सेवा, सूचना प्रविधि, शैक्षिक प्रशिक्षण केन्द्र, वित्तीय सेवा, बैदेशिक रोजगार लगायत थप आर्थिक विकासका सम्भाव्यताका क्षेत्रहरू प्रशस्त रहेका छन्। समग्रमा यस गाउँपालिकाको ग्रामीण क्षेत्रमा हेर्दा कृषि पेशा अंगाल्ने घर परिवारको संख्या अझै उच्च रहेको छ। गाउँपालिकामा रहेको खेतीयोग्य जमिनमा खाद्यान्नको साथै अन्य नगदे तरकारी बाली, फलफूल, उखु, तोरी, तरकारी मसला तथा जडीबुटी र पशुजन्य उत्पादन बृद्धि गर्न सकिने प्रशस्त सम्भावनाहरू रहेको छ। आधुनिक कृषि प्रविधि, मल तथा औजारको अभाव हुनाको साथै सो को अधिकतम लागत मूल्यले गर्दा सो को प्रयोगमा कमी हुन गई कृषि उत्पादनमा आवश्यकताअनुसार वृद्धि हुन सकेको छैन। जनचेतना, सीप तथा व्यावसायीकरणको अभिवृद्धि, प्रविधि हस्तान्तरणको साथै आवश्यक प्रविधि, मल, कर्जा बीउ बिजनको उपलब्धतामा सरलीकरण गरेर कृषि तथा पशुजन्य उत्पादनमा वृद्धि ल्याई आर्थिक स्थितिमा सुधार ल्याउन सकिने प्रशस्त सम्भानाहरू रहेको छ। जुन निम्न अनुसार रहेको छ।

- ✓ गाउँपालिकामा रहेको अत्यन्त उर्वर भूमिमा वस्ती विकास तथा अन्य निर्माणले गर्दा खेतीयोग्य भूमिको उपलब्धतामा दिन प्रतिदिन कमी हुँदै गएको छ भने अर्को तर्फ माटोको उर्वराशक्ती क्रमश: क्षीण हुँदै उत्पादन र उत्पादकत्वमा ह्रास आएको देखिन्छ। जथाभावी हुने गरेको वस्ती विकासलाई व्यवस्थित गर्नाको साथै पुराना परम्परागत कूलोहरूको मर्मत सुधार गरी माटोको उर्वरा शक्ती बढाई वातावरणीय प्रदुषण कम गर्न सकेमा भावी पुस्ताको लागि एउटा वस्न लायक जिवन्त स्थानको जोहो गर्न सकिनेछ।
- ✓ गाउँपालिकाको ग्रामीण क्षेत्रमा दुग्ध उत्पादन तथा पशुपञ्छी उत्पादनको प्रशस्त सम्भावना रहेको हुँदा यो व्यवसायलाई व्यावसायिक रूपमा विस्तार गरी यातायात सेवालाई सर्वसुलभ तरिकाले उनीहरूको पहुँचसम्म विस्तार गर्न सकेको खण्डमा धेरैवटा स्थानहरूमा दुध चिस्यान केन्द्र, कोल्ड स्टोर खोल्न, मासुजन्य उद्योग, आदि विकास गर्न सकिनेछ। जसबाट रोजगार श्रृजना गरी समग्र गाउँपालिकाको आयमा वृद्धि गर्न सकिने प्रशस्त सम्भावना देखिन्छ।
- ✓ यस गाउँपालिकामा भएका प्राकृतिक श्रोत र साधनलाई व्यवस्थित तथा वातावरणीय मित्रवत प्रविधि अपनाएर उचित प्रयोग गर्न सकेमा सो क्षेत्रले कतिपय ग्रामीण इलाकाहरूमा स्थानीय स्तरमा आवश्यक रोजगारीको स्थिति श्रृजना गर्नाको साथै स्थानीय श्रोत परिचालनमा समेत दिगोपना ल्याउन सकिने देखिन्छ।

- ✓ गाउँपालिकामा भएका तालतलैयाहरूलाई माछापालन, सिंचाइ, पर्यटन प्रवर्द्धन लगायत जीविकोपार्जन र आर्थिक विकासका विविध क्षेत्रहरूमा परिचालन गर्न सकिने अवस्था रहेको छ। माछापालन व्यवसाय गरेमा सजिलैसँग रोजगारीका अवसरहरू बढ्ने र अन्य क्षेत्रबाट आयात हुने माछा प्रतिस्थापन भई नगरकै माछाले बजार लिने सम्भावना रहेको छ।

- ✓ गाउँपालिकामा ओगटेका वन क्षेत्रहरू सालको वन, तराई हाइउड, खयर, सियौ, पाइन, चिरलगायतको उच्च व्यवसायिक महत्वका वनस्पति प्रजातियुक्त वन क्षेत्र हुनु, वन क्षेत्रको पुनरुत्पादन दर राम्रो हुनु आदि कारणले गर्दा वनको वैज्ञानिक व्यवस्थापन मार्फत् जीविकोपार्जनमा टेवा पुऱ्याउन र राजश्वमा वृद्धि गर्न सकिने अवस्था रहेको छ।

- ✓ जैविक विविधता संरक्षण प्रवर्द्धन, पर्यटनमार्फत् समेत आर्थिक विकासमा उपयोग गर्न सकिने अवस्था छ। कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाको सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, नजिकको अन्तर्राष्ट्रिय सीमा नाका रहेको हुँदा गाउँपालिकामा कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ।

- ✓ गाउँपालिकाको सामुदायिक वन उपभोक्ता समूहरूलाई संगठित र संस्थागत गरी वन क्षेत्रमा गैर काष्ठजन्य उत्पादनहरू जडिबुटीको खेतीको अलावा मह उत्पादनलाई पनि प्रवर्द्धन गरी बजारमुखी गर्न सकेमा सोक्षेत्रको आर्थिक उन्नती गर्न थप टेवा पुग्ने देखिन्छ।

- ✓ गाउँपालिकाको नजिकमा रहेका विभिन्न धार्मिक तथा पर्यटकीय क्षेत्र भएको कारणले यहाँ पर्यटनको विशिष्ट सम्भावना रहेको छ। गाउँपालिकाको आसपासमा पर्यटकीय होटेल व्यवसायहरूबाट प्रशस्त लाभ लिन सकिने सम्भावना रहेको छ।

- ✓ गाउँपालिकामा बेरोजगारी बढ्दै गइरहेको र सरकारी तथा गैरसरकारी क्षेत्रमा रोजगारीको प्रशस्त अवसरहरू नभएकोले बैदेशिक रोजगारीमा आकर्षण बढेको देखिन्छ।

- ✓ गाउँपालिकाको युवाहरूलाई व्यावसायिक तथा सिपमुलक तालिम प्रदान गरी दक्ष जनशक्ति सिर्जना गर्न सकेमा गाउँपालिकाको आर्थिक विकासमा यस क्षेत्रले ठूलो योगदान पुऱ्याउने प्रशस्त सम्भावना देखिन्छ।

## ५.१२ गाउँपालिकाको अर्थतन्त्रको विशिष्टिकरण

गाउँपालिकाको अर्थतन्त्रमा वनपैदावर र प्राकृतिक सम्पदाको संरक्षण गरी सतह तथा भूमिगत सिंचाइमा आधारित दिगो कृषि प्रणालीलाई नै मेरुदण्डको रूपमा लिन सकिन्छ। साथै यो नगर व्यापारिक केन्द्र तथा पर्यटकिय क्षेत्रको रूपमा समेत रहेको छ। कृषि, पशु एवम् वनजन्य कच्चा पदार्थको सुलभ उपलब्धता, गाउँपालिकाको सबैजसो वडाहरूमा सडक, विजुली, पानीलगायत आधारभूत औद्योगिक पूर्वाधारको विकास तथा उद्योग स्थापनाका लागि पर्याप्त समथर जमिन, कृषि, पशु, वनलगायतको उद्योगका साथै शैक्षिक र औषधीय पर्यटन (Medical tourism) समेतको विकासको सम्भावना रहेको छ। अर्थतन्त्रका यिनै विशिष्ट क्षेत्रहरूमा गाउँपालिकाको विशिष्टता एवं प्राथमिकता केन्द्रित गर्नु उपयुक्त देखिन्छ।

## ५.१४ सहकारी संस्थाको विवरण

गाउँपालिकाको आर्थिक तथा सामाजिक विकासमा यहाँका सहकारी संस्थाको भूमिका महत्वपूर्ण रहेको छ। सहकारी संस्थाले स्थानीय स्तरको बचतलाई गाउँ बाहिर जानबाट रोकी स्थानीय क्षेत्रमा विभिन्न आय मूलक कार्यमा लगानी गरिरहेका छन्। सहकारी संस्था प्रति जनताको अपनत्व बढी र प्रशासनिक झन्झट कमी हुने हुँदा वित्तिय क्षेत्रमा यहाँका जनताको पहुँच समेत बढेको छ।

सहकारी विभाग अन्तर्गत कार्य संचालन स्तरको कार्यलयको रूपमा स्थापित ३८ वटा सहकारी कार्यलयहरू मध्येको एक डिभिजन सहकारी कार्यलय पनि हो। साविकका यस कार्यलयको नाम जिल्ला सहकारी कार्यलय रूपन्देही रहेकोमा २०६१ वैशाख १ गतेदेखि सहकारी विभाग र अन्तर्गतका कार्यलहरूको सांगठनिक पुन: संरचना हुँदा यस कार्यलयको नाम समेत परिवर्तन भई डिभिजन सहकारी कार्यलय रूपन्देही रहन गएको हो। सहकारी संस्थाहरू समुदायमा आधारित र स्वयं संस्थाकै प्रजातान्त्रिक प्रक्रिया अनुरूप नियन्त्रित र व्यवस्थित हुने यस्ता सहकारी संघ /संस्थाहरूलाई नियमन प्रवर्द्धन र विकास गर्नु डिभिजन सहकारी कार्यलय रूपन्देहीको अभिभारा अन्तर्गत पर्दछ। नियमनको कार्य अन्तर्गत यस कार्यलयले निम्नअनुसार मुख्य कार्यहरू गर्दछ।

- सहकारी संघं/स्थाहरूको दर्ता गर्ने
- सहकारी संघ /संस्थाहरूको विनियम संशोधन गर्ने
- सहकारी संघ/संस्थाहरूको खनुगमन र निरीक्षण गर्ने
- सहकारी संघ /संस्थाहरूका दर्ता खारेजी र विघटन गर्ने
- सहकारी संघ /संस्थाहरूका एकिकरण र विभाजन गर्ने
- सहकारी संघ /संस्थाहरूबाट प्रगति प्रतिवेदन नियमित रूपमा दाखिला गर्ने
- सहकारीलाई दण्ड जरीवाना गर्ने
- सहकारी संघ /संस्थाहरूलाई परामर्श सेवा उपल्ब्ध गराउने
- सहकारी संघ /संस्थाहरूहरूले पाउने छुट र सुविधाको सिफारिस गर्ने

➢ सहकारी जागरण र व्यवस्थापन संबन्धी विभिन्न किसिमका तालिमहरू संचालन गर्ने

तालिका नं. ३३ : सहकारी संस्थाको नामावली

| क्र.सं. | सहकारीको नाम | ठेगाना |
|---|---|---|
| बचत तथा ऋण सहकारी | | |
| १ | चेतनशिल महिला बचत तथा ऋण स.सं.लि. | सियारी गा.पा २, मैनहवा |
| २ | अभिनास बचत तथा ऋण स.सं.लि. | सियारी गा.पा  अमवा |
| ३ | सूद्धोधन बचच तथा ऋण स.सं.लि. | सियारी गा.पा.७, प.अमवा |
| ४ | निष्ठा बचत तथा ऋण स.सं.लि | सियारी गा.पा. दयानगर |
| ५ | धैर्यता म. बचत तथाऋण स.स.लि | सियारी गा.पा. ३ हर्नेया |
| ६ | नागरिक वचत तथा ऋण स.सं.लि. | सियारी गा.पा., दयानगर |
| ७ | शान्तिदिप महिला विकास बचत तथा ऋण स.सं.लि. | सियारी गा.पा.,दयानगर |
| ८ | संचय बचत तथा ऋण स.सं.लि. | सियारी गा.पा., दयानगर |
| ९ | समिप बचत तथा ऋण स.सं.लि. | सियारी गा.पा.७ प. अमवा |
| १० | सियारी बचत तथा ऋण स.सं.लि. | सियारी गा.पा.७, प. अमवा |
| ११ | नारी एकता महिला विकास बचत तथा ऋण स.सं.लि. | सियारी गा.पा. ७ |
| कृषि सहकारी | | |
| १ | पाराङगत कृषि स.स.लि. | सियारी गा.पा. १, चिलिहिया |
| २ | वाराही कृषि स.सं.लि. | सियारी गा.पा. २, मैनहिया |
| ३ | निर्मल कृषि स.सं.लि. | सियारी गा.पा. २, मैनहिया |
| ४ | श्री उत्खनन् कृषि स.स.लि. | सियारी गा.पा.२, मैनहिया |
| ५ | मलेवा कृषि स.स. लि. | सियारी गा.पा. २, मैनहिया |
| ६ | हराभरा कृषि स.स.लि. | सियारी गा.पा. २, मैनहिया |
| ७ | उत्तम म. कृषि स.सं.लि. | सियारी गा.पा. ७, प.अमवा |
| ८ | ज्ञानविज्ञान कृषि स.सं.लि. | सियारी गा.पा.६, प.अमवा |
| ९ | द्वारिका कृषि स.सं.लि. | सियारी गा.पा., प.अमवा |
| १० | भृकूटी कृषि स.सं.लि. | सियारी गा.पा.७, प. अमवा |
| ११ | सम्बन्ध कृषि स.सं.लि. | सियारी गा.पा. ३, हर्नेया |
| १२ | मूस्कान कृषि स.सं.लि. | सियारी गा.पा.३, हर्नेया |
| १३ | उदगम कृषि स.सं.लि. | सियारी गा.पा.३, हर्नेया |
| १४ | आरसी कृषि स.सं.लि. | सियारी गा.पा., दयानगर |
| १५ | शिवज्योती कृषि स.सं.लि. | सियारी गा.पा., दयानगर |

| दुग्ध उत्पादक | | |
|---|---|---|
| १ | दयानगर दुग्ध उ.स.सं.लि. | सियारी गा.पा., दयानगर |
| २ | स्वालम्बन दू. उ.स.सं.लि | सियारी गा.पा., अमवा |
| मत्य उत्पादक सहकारी | | |
| १ | जलदेवी मत्स्य उत्पादक स.सं.लि. | सियारी गा.पा., दयानगर |
| बहुउद्देश्यीय सहकारी | | |
| १ | श्री नव दुर्गा महिला बहुउद्देश्यीय स.सं.लि. | सियारी गा.पा १, चिल्हिया |
| २ | जन एकिकृत बहुउद्देश्यीय स.सं.लि. | सियारी गा.पा १, चिल्हिया |
| ३ | साधु बहुउद्देश्यीय स.सं.लि. | सियारी गा.पा २, मैनहिया |
| ४ | हाम्रो स.सं.लि. | सियारी गा.पा, दयानगर |
| ५ | अभिनास स.सं.लि. | सियारी गा.पा, अमवा |
| ६ | श्री किसान सहकारी संथा लिमिटेड | सियारी गा.पा १, चिलिहिया |
| ७ | अमूवा स.सं.लि. | सियारी गा.पा, अमवा |
| ८ | नमूना सानाकिसान स.सं.लि. | सियारी गा.पा, अमवा |

*स्रोत: रूपन्देही जिल्लाको सहकारी गतिविधिहरू २०७३*

तालिका नं. ३४ : **सहकारी संस्थाको विवरण**

| क्र.सं. | कार्य/प्रकृति | संस्था संख्या |
|---|---|---|
| १ | बचत तथा ऋण सहकारी | ११ |
| २ | बहुउद्देश्यीय सहकारी | ८ |
| ३ | कृषि सहकारी | १५ |
| ४ | दुग्ध सहकारी | २ |
| ५ | मत्स्य सहकारी | १ |
| | जम्मा सहकारी संख्या | ३७ |

*स्रोत: रूपन्देही जिल्लाको सहकारी गतिविधिहरू २०७३*


गाउँपालिकामा उद्योग व्यापार क्षेत्रमा लगानी गर्ने उद्देश्यका साथ बचत तथा ऋण, कृषि, बहुद्देश्यीय, दुग्ध, मत्स्य आदि प्रकृतिका सहकारी संस्थाहरूबाट कर्जा लगानी हुने गरेको छ। साथै नियमित रूपमा सदस्यहरूबाट बचत सङ्कलन पनि गर्दै आएको देखिन्छ। जसमा बचत तथा ऋण सहकारी संस्था ११, बहुउद्देश्यीय ८, कृषि १५, दुग्घ २ र मत्स्य १ गरी जम्मा ३७ वटा सहकारी संस्थाहरू संचालनमा रहेका छन्।

## ५.१५ संघ संस्था तथा विभिन्न समुहहरू

यस गाउँपालिकामा विभिन्न सरकारी तथा गैरसरकारी संघ संस्थाहरूले समुदायमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा आफ्ना कार्यक्रमहरू संचालन गरिरहेका छन्। यहाँ रहेका सरकारी संस्थाहरू क्रमश गाउँपालिका कार्यालय, स्वास्थ्य चौकी, इलाका हुलाक, अतिरिक्त हुलाक, इलाका प्रहरी, नेपाल टेलिकम, नेपाल विद्युत प्राधिकरण, कृषि सेवा केन्द्र, पशु सेवा केन्द्र आदि रहेका छन्। यसैगरी गैरसरकारी संस्थाहरू यसका अतिरिक्त गाउँपालिकामा विभिन्न समूहहरू, युवा क्लबहरू, नागरिक समाज, राजनीतिक दलहरू रहेका छन्।

# खण्ड ६ : भौतिक तथा सार्वजनिक पूर्वाधार

## ६.१ यातायात




नक्सा नं. १०: सियारी गाउँपालिकाको सडक सञ्जाल

### (क) विद्यमान सडक सञ्जाल :



तालिका नं. ३५ : वडा केन्द्रबाट गाउँपालिका केन्द्रसम्मको दुरी

| सि.नं. | दुरी (कि.मी मा) | वडा नं |
|---|---|---|
| १ | ७ कि.मी. | १ |
| २ | ४ कि.मी. | २ |
| ३ | ० कि.मी.(गाउँपालिका केन्द्रमै छ) | ३ |
| ४ | ५ कि.मी. | ४ र ५ |
| ५ | ४ कि.मी. | ६ र ७ |

*स्रोत : सियारी गाउँपालिका कार्यालय, २०७४*

माथिको तालिकामा देखाएअनुसार यस सियारी गाउँपालिकाको सबै वडा केन्द्रदेखि गाउँपालिका केन्द्रसम्म पुग्न कालोपत्रे, ग्राभेल र कच्ची सडकको सुविधा रहेको देखिन्छ ।

गाउँपालिकामा विभिन्न सडक बाह्रै महिना चल्ने सडक सञ्जालको रूपमा विस्तार भएका छन्। यस गाउँपालिकाबाट देशका सबै मुख्य शहरी क्षेत्रहरूसम्म जोड्ने सडक सञ्जाल राम्रो रहेको छ। गाउँपालिकामा सिंचाइको व्यवस्था राम्रो भएकोले खाद्यान्न, कपास, ऊखु, परवल, आलु, तेलहन, दलहन, फलफूल, दुग्ध उत्पादन आदिको राम्रो उत्पादन भैरहेकोमा गाउँपालिकाका सबै वडाहरूमा सडकको सुविधा भएकाले उत्पादित वस्तुलाई बजारसम्म पुऱ्याउन सजिलो परेको देखिन्छ। गाउँपालिकामा टेक्टर, गाडा, साइकल, ट्याक्सी, मोटरसाइकलहरूको

समेत उपयोग गरिएको देखिन्छ। सडक यातायताको लागि आवश्यक विभिन्न पूर्वाधारहरू जस्तै सवारी सधान पार्किङ स्थल, बस स्टप, यात्रु प्रतिक्षालय, सडक बत्ती, पैदलयात्रीले सडक पार गर्ने जेब्रा क्रसिङ, सडक सङ्केत चिह्न, बसको अन्तिम बिसौनी सम्बन्धी सेवा सुविधाहरू व्यवस्थित रूपमा विकास गर्नु पर्ने देखिन्छ।

## ६.२ संचार

सन् १९९० सालसम्म संचार माध्ययमहरू सिमित थिए। हाल पत्रपत्रिका, रेडियो र टि.भि.को प्रयोग अत्यधिक मात्रमा बढ्दै गएको छ। सियारी गाउँपालिकामा एफ.एम र रेडियो लगायत विभिन्न सेवाहरू जिल्ला तथा केन्द्रबाट सिधा प्रशारण भएको देखिन्छ हुन्छन्। गाउँपालिकामा नेपाल टेलिकम र एनसेल दुवैको 3G Network उपलब्ध रहेको। गाउँपालिकामा NCell, NTC आदि कम्पनीहरूले इन्टरनेट सेवा पुऱ्याउँदै आइरहेका छन् भने डिसहोम लगायतका विभिन्न केवल नेटवर्कद्वारा गाउँपालिका बासीहरूले मनोरन्जनात्मक कार्यक्रमहरू हेर्ने गरेको पाइन्छ।

### ६.२.२ टेलिफोन/मोबाइल

सञ्चार प्रणालीको विवेचना गर्दा यस गाउँपालिकामा ल्याण्डलाइन, सिडिएमए, एडिएसएल, मोबाइल, आदि सेवा नेपाल टेलिकम, एनसेलजस्ता कम्पनीहरूले उपलब्ध गराएको देखिन्छ। गाउँपालिकामा टेलिफोन तथा मोबाइल सेवा सम्बन्धि विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३६ : टेलिफोन विवरण

| क्र.सं. | विवरण | संख्या |
|---|---|---|
| १ | PSTN टेलिफोन लाईन | २०५ |
| २ | Telephone Exchange | २ |
| ३ | ADSL सेवा | ८६ |
| ४ | मोवाइल टावर(GSM) | ३ |
| ५ | मोवाइल टावर (SKY) | २ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ६.२.३ हुलाक सेवा

गाउँपालिकामा आधा शताब्दीदेखि सञ्चार क्षेत्रमा सेवा पुऱ्याइरहेको हुलाक सेवा हाल गाउँपालिकाको विभिन्न वडाहरूमा कार्यरत छन्। हुलाक कार्यालयहरूबाट गाउँपालिका भित्र र गाउँपालिका बाहिर एवम् विदेशमा समेत हुलाक सेवा प्रदान गरिरहेको छ। हुलाक सेवा अन्तर्गत साधारण चिठीपत्रहरू, रजिष्ट्री पत्रहरू, बिमा पुलिन्दा, धनादेश सेवा र बचत सेवाहरू सञ्चालित छन्।

## ६.३ विद्युत


### ६.३.१ बत्ती बाल्न प्रयोग गरिने इन्धनको विवरण

यस सियारी गाउँपालिकाको सबै वडाहरूमा विद्युत मर्मत संभार, महसूल असुली तथा विद्युतीकरण योजनाको कार्यान्वयन नेपाल विद्युत प्राधिकरणले गर्दै आएको छ। राष्ट्रिय जनगणना २०६८ को नतिजाअनुसार दैनिक बत्ती बाल्न प्रयोग गरिने इन्धनमा विद्युत प्रमुख स्रोतको रूपमा रहेको देखिन्छ। गाउँपालिकामा बत्ती बाल्न विद्युत प्रयोग गर्नेको घरधुरी संख्या ५,६६५ (८३.४१ प्रतिशत) रहेको छ। त्यस्तै दोस्रोमा गाउँपालिकामा कुल घरधुरीको १,०५७ (१५.५६ प्रतिशत) ले मट्टितेल, २१ (०.३१ प्रतिशत) ले सोलार  र  १४ (०.२१ प्रतिशत) घरधुरीले मात्र गोबर ग्याँसको प्रयोग गरेको देखिन्छ। त्यस्तै वडागतरूपमा तुलना गर्दा वडा नं. २,४,३  मा बढी मट्टितेल प्रयोग गर्ने घरधुरी देखिन्छ। जसको विस्तृत विवरण तलको तालिका र स्तम्भमा देखाइएको छ।

तालिका नं. ३७ : बत्ती बाल्न प्रयोग गरिने श्रोत

| वडा नं. | बिजुली | मट्टितेल | गोबरग्याँस | सोलार | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | ८३६ | ११३ | २ | २ | ३ | ४ | ९६० |
| २ | ८२६ | २८९ | १ | ५ | १ | ३ | १,१२५ |
| ३ | ५१८ | २१८ | २ | २ | १ | ५ | ७४६ |
| ४ | ७४९ | २२९ | ४ | २ | १ | १ | ९८६ |
| ५ | ७०६ | ७४ | २ | १ | ० | ० | ७८३ |
| ६ | ९३५ | ८८ | ३ | ६ | १ | ४ | १,०३७ |
| ७ | १०९५ | ४६ | ० | ३ | ० | ११ | १,१५५ |
| **जम्मा** | ५,६६५ | १,०५७ | १४ | २१ | ७ | २८ | ६,७९२ |
| **प्रतिशत** | ८३.४१ | १५.५६ | ०.२१ | ०.३१ | ०.१० | ०.४१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*





### ६.३.२ खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण

तालिका नं. ३८ : **खाना पकाउन प्रयोग गरिने इन्धनको विवरण**

| वडा नं. | काठ/ दाउरा | मटीतेल | एल.पी. ग्याँस | गुइठा/ ठोरहा | गोबरग्यास | बिजुली | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | ४५३ | २ | २५० | १६८ | ६७ | ० | १७ | ३ | ९६० |
| २ | १०५ | ५ | ५१ | ९३७ | १७ | ० | ७ | ३ | १,१२५ |
| ३ | ४३ | ७ | २५ | ६४७ | १९ | ० | ० | ५ | ७४६ |
| ४ | ४६६ | ८ | १८३ | २७६ | ४३ | १ | ८ | १ | ९८६ |
| ५ | २५८ | २ | १६६ | २२७ | १२५ | ० | ५ | ० | ७८३ |
| ६ | ५५९ | ७ | १९७ | १५१ | ११७ | ० | २ | ४ | १,०३७ |
| ७ | ७६१ | २ | १६० | १५१ | ६४ | ० | ५ | १२ | १,१५५ |
| **जम्मा** | २,६४५ | ३३ | १,०३२ | २,५५७ | ४५२ | १ | ४४ | २८ | ६,७९२ |
| **प्रतिशत** | ३८.९४ | ०.४९ | १५.१९ | ३७.६५ | ६.६५ | ०.०१ | ०.६५ | ०.४१ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार सियारी गाउँपालिकामा परिवारमा खाना पकाउन प्रयोग गरिने प्रमुख इन्धनको रूपमा काठ तथा दाउरा सबैभन्दा बढी २६४५ (३८.९४ प्रतिशत) रहेको छ। यसैगरी दोस्रोमा गुइठा तथा ठोरहा प्रयोग गर्ने घरधुरी संख्या २५५७ (३७.६५ प्रतिशत), एल.पी. ग्याँस प्रयोग गर्ने घरधुरी संख्या १०३२ ( १५.१९ प्रतिशत), गोबरग्याँस प्रयोग गर्ने ४५२ (६.६५ प्रतिशत) रहेका छन् भने बिजुली प्रयोग गर्ने घरधुरी सबैभन्दा कम १ (०.०१ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा  र तल स्तम्भ चित्रमा उल्लेख गरिएको छ।




वैकल्पिक उर्जाको वर्तमान स्थिति र जनताले यस क्षेत्रमा देखाएको आकर्षणलाई हेर्दा वैकल्पिक उर्जाको क्षेत्रमा ध्यान दिनुपर्ने देखिन्छ। तराईको क्षेत्र भएकोले गोबरग्याँसको लागि उपर्युक्त तापक्रम रहेको र पशुहरूबाट प्राप्त गोबरलाई पूर्णरूपमा प्रयोग गर्न सके वन अतिक्रमण रोकिनुको साथै महिलाहरूको स्वास्थ्यमा पर्ने नकारात्मक असर समेत न्यून हुने हुँदा यसको लोकप्रियतामा वृद्धि हुँदै गएको देखिन्छ।

# खण्ड ७ : सामाजिक पूर्वाधार तथा सेवा

## ७.१ शिक्षा

कुनै पनि देशको सामाजिक तथा आर्थिक विकासमा शिक्षाले ठूलो भूमिका खेलेको हुन्छ। यसलाई मानव विकासको सूचकको रूपमा लिइन्छ। यसै सिलसिलामा यहाँ सियारी गाउँपालिकाको शैक्षिक स्थिती देखाउन खोजिएको छ। विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षाको सर्वोपरि भुमिका अनिवार्य रहन्छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशोधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ।




शिक्षा क्षेत्रको परिसुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरणअनुसार गाउँपालिकामा आधारभूत विद्यालयको संख्या ४२ वटा रहेका छन् भने माध्यमिक विद्यालय ११ वटा रहेका छन्। यस गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ३९ : यस गाउँपालिकामा रहेका उच्च शिक्षा प्रदान गर्ने शिक्षण संस्थाहरूको विवरण

| क्र.सं. | संस्थाको नाम | किसिम | वडा नं |
|---|---|---|---|
| कलेज | | | |
| १ | लिलाधर घिमिरे जनता कलेज, छपिया | | ४ |
| उच्च मा.वि. | | | |
| १ | श्री जनता उच्च मा.वि. | सामुदायिक | ७ |
| २ | मैनहिया उच्च मा.वि. | सामुदायिक | २ |
| ३ | पब्लिक उच्च मा.वि. | सामुदायिक | ४ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यलय २०७४*

तालिका नं. ४० : शिक्षण संस्थाहरूको विवरण

| क्र.सं. | विद्यालयको नाम | किसिम | तह | वडा नं |
|---|---|---|---|---|
| १ | श्री विवेकशिल प्राथमिक विद्यालय | **सामुदायिक** | प्राथमिक | ७ |
| २ | श्री सिद्धार्थ मा.वि. | **सामुदायिक** | माध्यामिक | ६ |
| ३ | श्रि किम्बर्ली किन्डर गार्डेन स्कूल | **सामुदायिक** | प्राथमिक | ६ |
| ४ | श्री दुर्गा शैक्षिक गृह | **सामुदायिक** | माध्यामिक | ६ |
| ५ | श्री राम जानकी प्रा.वि. | **सामुदायिक** | प्राथमिक | ७ |
| ६ | श्री ब्रईट अंग्रेजी बोर्डिङ स्कूल | **निजी** | प्राथमिक | ७ |
| ७ | श्री आदर्श मा.वि. | **निजी** | माध्यामिक | ७ |
| ८ | फजले हक अहले सुन्नत मदरासा | **निजी** | प्राथमिक | ७ |
| ९ | श्री आकाश रवि प्रा.वि. | **सामुदायिक** | प्राथमिक | ७ |
| १० | श्री समय मा.वि. | **सामुदायिक** | माध्यामिक | ७ |
| ११ | श्री त्रिवेणी प्रा.वि. | **सामुदायिक** | प्राथमिक | ७ |
| १२ | श्री दुर्गा देवि नि.मा.वि. | **सामुदायिक** | आधारभुत | ६ |
| १३ | श्री नव दुर्गा आधारभुत विद्यालय | **सामुदायिक** | आधारभुत | २ |
| १४ | गणसारी प्रा.वि. | **सामुदायिक** | प्राथमिक | २ |
| १५ | भगदरी आधारभुत विद्यालय. | **सामुदायिक** | आधारभुत | २ |
| १६ | न्यू गारनेट इंलिस बोर्डिङ | **निजी** | आधारभुत | २ |
| १७ | गौतम बुद्ध | **निजी** | प्राथमिक | २ |
| १८ | बाल विकास कोठा | **सामुदायिक** | प्राथमिक | २ |
| १९ | श्री फाइभ स्टार इंलिस बोर्डिङ स्कुल | **निजी** | प्राथमिक | १ |
| २० | श्री नि.मा.वि | **सामुदायिक** | आधारभुत | १ |
| २१ | श्री लुम्बिनी ज्ञान ज्योती अंग्रजी बोर्डिङ स्कुल | **निजी** | प्राथमिक | १ |
| २२ | श्री चिलिहिया मा. वि. | **सामुदायिक** | माध्यामिक | १ |

| क्र.सं. | विद्यालयको नाम | किसिम | तह | वडा नं |
|---|---|---|---|---|
| २३ | श्री जनज्योती प्रा.वि. | सामुदायिक | प्राथामिक | १ |
| २४ | संस्कार ई. हायर सेकेण्डरी स्कूल | निजी | माध्यामिक | ४ |
| २५ | श्री वीरेन्द्र मा.वि. | सामुदायिक | माध्यामिक | ५ |
| २६ | श्री सरस्वती ज्ञाननिकेतन ई.स्कुल | निजी | माध्यामिक | ४ |
| २७ | श्री छपिया नि.मा.वि | सामुदायिक | आधरभूत | ४ |
| २८ | श्री बाल कल्याण प्रा.वि. | सामुदायिक | प्राथमिक | ४ |
| २९ | सिद्धार्थ साई स्टार स्कूल | निजी | प्राथमिक | ४ |
| ३० | मदरसा तालिमुल कूरान अल्सल्फीया | सामुदायिक | प्राथमिक | ४ |
| ३१ | सिद्ध माध्यामिक विद्यालय, सिद्धपुर | सामुदायिक | माध्यामिक | ५ |
| ३२ | जहत्या माध्यामिक विद्यालय | सामुदायिक | माध्यामिक | ३ |
| ३३ | जनता मा.वि. | सामुदायिक | माध्यामिक | ७ |
| ३४ | कोटही नि.मा.वि. | सामुदायिक | आधारभुत | २ |

*स्रोत : गाउँ कार्यपालिकाको कार्यलय २०७४*

## ७.१.१ शिक्षक विवरण

तालिका नं. ४१ : शिक्षक विवरण

| क्र.सं. | तह | कक्षा | स्थायी | अस्थायी | राहत |
|---|---|---|---|---|---|
| १ | आधारभूत तह | १ - ५ | ७७ | ८ | ३७ |
| | | ६ - ८ | ८ | ३ | १२ |
| ३ | माध्यामिक तह | ८ - १० | १० | ४ | १० |
| | | १० - १२ | ५ | | २ |
| | | जम्मा | १०० | १५ | ६१ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.१.२ विद्यार्थी विवरण

तालिका नं. ४२ : गाउँपालिकामा रहेका सामुदायिक विद्यालयमा विद्यार्थिको संख्या

| क्र.सं. | | तह | समावेशी | | | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| | | | दलित | अपांग | अन्य | छात्रा | छात्र | |
| १ | प्रारम्भिक बालविकास केन्द्र | | - | - | - | - | - | ११७० |
| २ | आधारभूत तह | १ - ५ | ५९६ | २१ | ४२०६ | २१९३ | २६३० | ४८२३ |
| | | ६ - ८ | ३२१ | ७ | १७५७ | ११४८ | ९३७ | २०८५ |
| ३ | माध्यामिक तह | ८ - १० | १३० | ११ | १५४५ | १०५७ | ६२९ | १६८६ |
| | | १० - १२ | ९० | ८ | २६१ | १९३ | १६६ | ३५९ |
| | | जम्मा | ११३७ | ४७ | ७७६९ | ४५९१ | ४३६२ | १०,१२३ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.२ साक्षरता स्थिति


सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयामको रूपमा रहेको शिक्षा क्षेत्रमा सियारी गाउँपालिका कमजोर रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६९.६४ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिकामा पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तैः यस गाउँपालिकाको पुरुषको साक्षरता दर ८१.११ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५९.१६ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षरता दरमा लगभग २१.९५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ। साक्षरताको विस्तृत विवरण तल तालिकामा र स्तम्भमा उल्लेख गरिएको छ।

तालिका नं. ४३ : साक्षरता दर

| वडा नं. | पढ्न र लेख्न सक्ने | | पढ्न मात्र सक्ने | | पढ्न र लेख्न नसक्ने | | उल्लेख नगरिएको | | जम्मा | | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | पुरुष | महिला | |
| १ | २०९९ | १७६६ | १७ | २१ | २५८ | ७९१ | ० | ० | २,३७४ | २,५७८ | ४,९५२ |
| २ | २५३० | १६२२ | ९२ | ९७ | ७०७ | १६३३ | ४ | ८ | ३,३३३ | ३,३६० | ६,६९३ |
| ३ | १५६२ | १०४२ | २६ | ३२ | ४८२ | १०४७ | २ | ४ | २,०७२ | २,१२५ | ४,१९७ |
| ४ | १७३७ | १३१९ | १९ | ३० | ४५१ | ११२१ | १ | १ | २,२०८ | २,४७१ | ४,६७९ |
| ५ | १२८६ | १२०८ | ६ | ४ | २८१ | ६५४ | १ | ० | १,५७४ | १,८६६ | ३,४४० |
| ६ | १८१६ | १७०९ | २१ | ४२ | ३०३ | ७७० | १ | २ | २,१४१ | २,५२३ | ४,६६४ |
| ७ | २१०६ | १८२८ | १८ | २१ | ३६८ | ९६४ | १ | १ | २,४९३ | २,८१४ | ५,३०७ |
| जम्मा | १३,१३६ | १०,४९४ | १९९ | २४७ | २,८५० | ६,९८० | १० | १६ | १६,१९५ | १७,७३७ | ३३,९३२ |
| प्रतिशत | ८१.११ | ५९.१६ | १.२३ | १.३९ | १७.६० | ३९.३५ | ०.०६ | ०.०९ | १००.०० | १००.०० | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

सियारी गाउँपालिकाको साक्षरताको स्थिति वर्णन गर्दा सबैभन्दा बढि साक्षरता दर वडा नं. १ मा ७८.०५ प्रतिशत रहेको छ जसमध्ये पुरुष साक्षरता दर ८८.४२ प्रतिशत र महिला साक्षरता दर ६८.५० प्रतिशत रहेको छ। त्यस्तै गरि सबैभन्दा कम साक्षरता दर वार्ड नं. २ मा रहेको छ। जसमा कुल साक्षरता दर ६२.०३ प्रतिशत रहेको छ। जसमध्ये पुरुष साक्षरता दर ७५.९१ प्रतिशत र महिला साक्षरता दर ४८.२७ प्रतिशत रहेको छ। माथिको तथ्याङ्कलाई हेर्दा यस सियारी गाउँपालिकामा शैक्षिक दृष्टिले कमजोर स्थानमा रहेको देखिन्छ। माथिको तालिका लाई तल स्तम्भमा प्रस्तुत गरिएको छ।




## ७.२.१ शैक्षिक जनशक्तिको विवरण


तालिका नं. ४४ : **शैक्षिक जनशक्तिको विवरण**

| लिङ्ग | स्कूल नगाएको | प्राथमिक तह | नि.मा.वि. तह | मा.वि. तह | एस.एल.सी. तह | प्रमाणपत्र तह | स्नातक तह | स्नातकोत्तर तह र सोभन्दा माथी | अन्य | अनौपचारिक शिक्षा | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **पुरुष** | ७१४ | ५६४४ | ३२८२ | १८५१ | ८६७ | ६४१ | २३८ | ६९ | १ | ३३० | ३७ | १३,६७४ |
| **महिला** | ६०५ | ४८५९ | २४४० | १३७३ | ७०८ | ४५९ | ११६ | २४ | ० | ३८२ | १६ | १०,९८२ |
| **जम्मा** | १,३१९ | १०,५०३ | ५,७२२ | ३,२२४ | १,५७५ | १,१०० | ३५४ | ९३ | १ | ७१२ | ५३ | २४,६५६ |
| **प्रतिशत** | ५.३५ | ४२.६० | २३.२१ | १३.०८ | ६.३९ | ४.४६ | १.४४ | ०.३८ | ०.०० | २.८९ | ०.२१ | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, वि.सं. २०६८*

यस तालिकामा सियारी गाउँपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्ति देखाइएको छ। जसमा १,३१९ (५.३५ प्रतिशत) जना स्कुल नगएका देखिन्छ। गाउँपालिकामा विभिन्न शैक्षिक तह उर्त्तीण गरेका जनशक्तिहरूमा १०,५०३ (४२.६० प्रतिशत) प्राथमिक तह, ५,७२२ (२३.२१ प्रतिशत) नि.मा.वि. तह, ३,२२४ ( १३.०८ प्रतिशत) मा.वि. तह, १,५७५ (६.३९ प्रतिशत) एस.एल.सी. तह, १,१०० (४.४६ प्रतिशत) प्रमाणपत्र तह, ३५४ (१.४४ प्रतिशत) स्नातक तह, ९३ (०.३८ प्रतिशत) स्नातकोत्तर तह र सोभन्दा माथि अध्ययन गरेको देखिन्छ

भने ७१२ (२.८९ प्रतिशत) ले अनौपचारिक शिक्षा हाँसिल गरेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा र तल स्तम्भमा उल्लेख गरिएको छ।





## ७.२.२ विषयगत शैक्षिक जनशक्तिको विवरण

तालिका नं. ४५ : विषयगत शैक्षिक जनशक्तिको विवरण

| | मानविकी र कला | व्यापार र प्रशासन | शिक्षा | विज्ञान | स्वास्थ्य | इन्जिनीयरिङ र निर्माण | कानुन | सामाजिक र व्यवहारिक विज्ञान | गणित र तथ्याङ्क | कृषि, वन र मत्स्य | कम्प्युटिङ्ग | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| **जम्मा** | ३०१ | ३३६ | ३२८ | ७० | ३६ | ७ | १० | १०५ | २९ | १३ | ३ | १ | ३०८ | १,५४७ |
| **प्रतिशत** | १९.४६ | २१.७२ | २१.२० | ४.५२ | २.३३ | ०.४५ | ०.६५ | ६.७९ | १.८७ | ०.८४ | ०.१९ | ०.०६ | १९.९१ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

राष्ट्रिय जनगणना २०६८ बाट प्राप्त तथ्याङ्कका आधारमा गाउँपालिकामा विभिन्न संकायमा अध्ययन गरेका शैक्षिक जनशक्तिको विवरणलाई तालिकामा देखाइएको छ। जसअनुसार यस गाउँपालिकामा सबैभन्दा बढी व्यापार र प्रशासन विषय लिएर पढ्नेको संख्या ३३६ (२१.७२ प्रतिशत) रहेको छ भने दोस्रोमा शिक्षा विषय लिएर पढ्नेको जनसंख्या ३२८ (२१.२० प्रतिशत), तेस्रो स्थानमा मानविकी र कला विषय लिएर पढ्नेको संख्या ३०१ (१९.४६ प्रतिशत) रहेको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ। विवरण लाई तल स्तम्भमा पनि देखाईएको छ।




## ७.२.३ उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

तालिका नं. ४६ : उमेर समूहअनुसारको जनसंख्या र विद्यालय गइरहेको जनसंख्या विवरण

| विवरण | उमेर समूह | कुल जनसंख्या | | | विद्यालय गइरहेको जनसंख्या | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | जम्मा | पुरुष | महिला | जम्मा | प्रतिशत |
| पूर्व प्रा.वि. (नर्सरी, किन्डरगार्डन) जाने उमेर समूह | ३-४ वर्ष | N/A | N/A | N/A | N/A | N/A | N/A | N/A |
| आधारभूत तहमा जाने उमेर समूह (कक्षा १-८) | ५-१२ वर्ष | २,९२० | २,९१३ | ५,८३३ | २,८६० | २,८३९ | ५,६९९ | ९७.७० |
| मा.वि. जाने उमेर समूह (कक्षा ९-१०) | १३-१४ वर्ष | ५१ | ५० | १०१ | ४८ | ४७ | ९५ | ९४.०६ |
| उच्च मा.वि. (Higher Secondary School) जाने उमेर समूह (१०+२) | १५-१७ वर्ष | ११ | १४ | २५ | १० | ११ | २१ | ८४.०० |
| **जम्मा** | | २,९८२ | २,९७७ | ५,९५९ | २,९१८ | २,८९७ | ५,८१५ | |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, सन् २०११*

यस तालिकामा स्कुल जाने उमेर समूहको जनसंख्या र विद्यालय गइरहेको जनसंख्याको तुलनात्मक विवरण उल्लेख गरिएको छ। जसमा ३ देखि ४ वर्ष उमेर समूहका बालबालिका मध्ये कोही पनि स्कुल नगएको देखिन्छ। ५ देखि १२ वर्ष उमेर समूहको जनसंख्या मध्ये ९७.७० प्रतिशत स्कुल गएको देखिन्छ भने २.३० प्रतिशत स्कुल

गएको देखिदैन त्यस्ते १३ देखि १४ वर्ष उमेर समुहको जनसंख्याको ९४.०६ प्रतिशत संख्या स्कुल गएको देखिन्छ भने ५.९४ प्रतिशत स्कुल गएको देखिदैन। यसैगरी १५ देखि १७ वर्ष उमेर समुहको जनसंख्याको ८४.०० प्रतिशत उच्च मावि तह अध्ययन गरीररहेको र बाँकी १६.०० प्रतिशत संख्या सो तहको अध्ययन गर्न नगएको देखिन्छ। बाल्यकालमा सुरुवातको समयमा विद्याय गएको ९७.७० प्रतिशत स्कुल गइरहेको देखिए पनि माथिल्लो उमेर तथा लेभल पुगे पछि पढ्नेको संख्या क्रमश घटेर १५ देखि १७ सम्ममा ८४ प्रतिशत भएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

## ७.२.४ गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

### (क) शैक्षिक पूर्वाधार तथा सेवा

विकासको प्रमुख आधारशिला शिक्षा नै हो, शिक्षाको माध्यमबाट व्यक्तिमा अन्तर्निहित प्रतिभाहरूको विकास हुन गई समग्र समाज र राष्ट्रमा नै सकारात्मक परिवर्तन ल्याउन सकिन्छ भन्ने सर्वमान्य सिद्धान्त रहिआएको छ। सचेत, अनुशासित तथा उत्पादनशिल जनशक्ति निर्माण गर्नका लागि शिक्षा क्षेत्र नै सर्वोपरि भूमिका अनिवार्य रहन्छ। गाउँपालिकामा शिक्षा क्षेत्रमा धेरै प्रयास भएता पनि अपेक्षित उपलब्धि भने प्राप्त गर्न सकिएको छैन। तथापि योजनाबद्ध रूपमा शैक्षिक पूर्वाधार एवम् सेवा विस्तार गर्ने प्रयास हुँदै आएको छ। योजना निर्माणमा गरिबी निवारण तथा चौतर्फी विकासका लागि शिक्षा क्षेत्रलाई मानव संशाधन विकासको एक शसक्त माध्यमको रूपमा नीतिगत रूपमा अबलम्बन गरिएको छ। स्थानीय सरकारको रूपमा गाउँपालिकाको समग्र विकासको निम्ति गाउँपालिकालाईनयाँ र गहन जिम्मेवारीहरू थपिदैं आएको छ।

शिक्षा क्षेत्रको परिशुचकलाई त्यस क्षेत्रमा सञ्चालित विभिन्न शैक्षिक कार्यक्रमबाट निर्धारण गर्न सकिन्छ। यसै अनुरूप यस गाउँपालिकामा सञ्चालन भैरहेका विभिन्न तहका शैक्षिक संस्थाहरूको विवरण निम्न तालिकामा दिइएका छन्। गाउँपालिकामा पठनपाठनका लागि आधारभूत विद्यालय संख्या ४२, माध्यामिक विद्यालय संख्या ११, प्रारम्भिक बालविकास केन्द्र ५४ र परम्परागत शिक्षण संस्था ३ गरी जम्मा ११० वटा शिक्षण संस्थाहरू रहेका छन् । यसमा निजी क्षेत्रले पनि उल्लेख्य योगदान पुऱ्याउँदै आएको देखिन्छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४७ : गाउँपालिकामा रहेका शिक्षण संस्थाहरूको विवरण

| तह | संचालित कक्षा | संख्या |
|---|---|---|
| प्रारम्भिक बालविकास केन्द्र | प्रारम्भिक बालविकास केन्द्र | ५४ |
| आधारभूत तह | १ - ५ | २५ |
| | ६ - ८ | १७ |
| माध्यामिक तह | ८ - १० | ८ |
| | १० - १२ | ३ |
| परम्परागत धार्मिक विद्यालय | परम्परागत धार्मिक विद्यालय | ३ |
| | **जम्मा** | ११० |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

### ७.२.५ शैक्षिक क्षेत्रमा देखिएका समस्याहरू

- ✓ **विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु :** विद्यार्थीहरू प्राथमिक तह पुरा नगर्दै विद्यालय छाड्ने, विभिन्न किसिमका छात्रवृत्ति उपलब्ध गराइएको भएता पनि दलित, आदिवासीहरूको विद्यालय छाड्ने प्रवृत्ति उच्च हुनु शैक्षिक विकासको बाधकको रूपमा देखिएको छ ।

- ✓ **कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनु :** प्राथमिक तहको विद्यार्थीहरूको तथ्याङकलाई आधार मानेर हेर्दा कक्षा दोहोऱ्याउने प्रवृत्ति बढी हुनुले शैक्षिक गुणस्तर सुधारको आवश्यकतालाई इङ्गित गरेको छ ।

- ✓ **दलित, आदिवासी जनजाती भर्नादर न्यून हुनु :** विपन्न, दलित, आदिवासी जनजातीको भर्नादर न्यून हुनु गाउँपालिकाको शैक्षिक विकासको चुनौतीको रूपमा रहेको छ ।

- ✓ **दलित, आदिवासी जनजाती विद्यालय छाड्ने दर :** गाउँपालिकाको औषत विद्यालय छाड्ने दरमा वृद्धि हुनुको मुख्य कारण आदिवासी र दलितहरूको विद्यालय छाड्ने दरमा वृद्धि हुनु हो ।

- ✓ **विद्यालयहरू आर्थिक रूपले कमजोर हुनु :** नेपाल सरकारबाट प्राप्त सीमित अनुदान तथा विद्यालय व्यवस्थापन समितिको समेत आवश्यक श्रोत जुटाउन नसकेको कारणले बहुसंख्यक विद्यालयहरूको आर्थिक स्थिति निकै कमजोर देखिन्छ । दुर्बल आर्थिक अवस्थाले गर्दा शैषिक सामग्री जुटाउन तथा अन्य अतिरिक्त क्रियाकलापहरू सञ्चालन गर्न बाधा पुगेको देखिन्छ ।

- ✓ **अभिभावकहरू चनाखो नहुनु :** बालबालिकाहरूको शैक्षिक प्रगतिबारे अभिभावकहरूको चासो कम हुनु तथा विद्यालयद्वारा समेत बालबालिकाहरूको स्थितिबारे अभिभावकलाई जानकारी नदिइनुले पनि शैक्षिक गुणस्तरमा नकारात्मक प्रभाव पारेको देखिन्छ ।

- ✓ **शिक्षक दरबन्दी कम हुनु :** दरबन्दीअनुसार शिक्षकको कमी हुनु तथा केही समयका लागि कुनै शिक्षकको अनुपस्थिति हुँदा कक्षाहरू खाली रहने गरेको देखिन्छ । यसरी शिक्षकहरू तालिममा जाँदा, सुत्केरी बिदा वा सञ्चित बिदामा रहँदा विद्यालयले अल्पकालित शिक्षकको व्यवस्था गर्न सक्ने प्रावधान रहेको छैन । एकातिर नेपाल सरकारबाट आवश्यक दरबन्दी उपलब्ध नहुनु अर्कोतर्फ स्थानीय निकाय एवम् व्यवस्थापन समितिले त्यसको आवश्यक व्यवस्था गर्न नसक्नु आदि कारणले गर्दा आवश्यक प्रतिफल प्राप्त गर्न सकिएको देखिँदैन ।

- ✓ **राजनीतिकरण हुनु :** विभिन्न राजनीतिक पार्टीहरूले शिक्षकहरूको संगठनहरू मार्फत शिक्षकहरूलाई आफ्नो पार्टीको स्वार्थ पूरा गर्न प्रयोग गरिरहेको देखिएको छ । राजनीतिक पार्टीहरूको दबावका कारण जिल्ला शिक्षा कार्यालयले त्यस्ता शिक्षकहरूमाथि अनुशासनको कारवाही समेत गर्न नसकेको पाइएको छ । यस बाहेक व्यवस्थापन समिति समेत शिक्षकहरूलाई आफ्नो दलगत स्वार्थ परिपूर्ति गर्ने साधनका रूपमा प्रयोग गर्दै आएको देखिएको छ ।

- ✓ **शिक्षकहरूमा प्रतिबद्धताको कमी :** शिक्षकहरूले शिक्षण पेशालाई आत्मसात गर्न नसक्नु तथा विद्यार्थीले प्राप्त गर्ने प्रतिफलको जिम्मेवारी लिन नसक्नु पनि शैक्षिक प्रगतिको बाधकको रूपमा देखा परेको छ । प्राय: पठन-पाठन समयमा नसिद्धिनु पनि मुख्य समस्याको रूपमा देखिएको छ ।

- ✓ **आधुनिक प्रविधिको प्रयोग नहुनु :** सूचना तथा प्रविधिको क्षेत्रमा आएका अत्याधुनिक परिवर्तन र सुविधाबाट बहुसंख्यक विद्यालयहरू बञ्चित हुनु पनि शैक्षिक विकासमा बाधा पुगेको देखिन्छ। प्राय: धेरै विद्यार्थी र शिक्षकहरू कम्प्युटर र इन्टरनेटको प्रयोगको सुविधाबाट बञ्चित रहेको छन्।

## ७.३ स्वास्थ्य

राजनितिक रूपमा ७ वडाहरूमा विभाजित यस गाउँपालिकामा धेरैजसो जनताले आवश्यकताअनुसारको स्वास्थ्य सेवा लिन सक्ने अवस्था रहेको छैन। गाउँपालिकामा ५ वटा स्वास्थ्य चौकी रहेका छन् तर आवश्यक भौतिक पूर्वाधार तथा दरबन्दीअनुसार स्वास्थ्यकर्मीहरू छैनन्। तथापी ग्रामीणस्तरमा उपचारात्मक स्वास्थ्य स्थिति कमजोर रहेको छ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको सर्भेक्षणअनुसार करिब आधाजति जनसंख्याले गैरसरकारी तथा निजी क्षेत्रबाट स्वास्थ्य सेवा लिएको देखिन्छ। आर्थिक स्थिति मजबुत भएका तथा पहूँचवाला व्यक्तिहरू मात्रैले यस किसिमको सेवा उपभोग गर्न सफल भएको पाइन्छ। स्थानीय समुदायहरू, स्थानीय गैरसरकारी निकायहरूका प्रतिनिधीहरूको अभिव्यक्तिअनुसार यस गाउँपालिकामा मातृ तथा शिशु मृत्युदर गम्भीर समस्याको रूपमा रहेको छ।

यस क्षेत्रमा आपतकालिन प्रसुती सेवा (Emergency Obstetric Care) को कमीको कारणले गर्दा उत्पन्न हुने परिस्थिति नै मातृमृत्यदर (Maternal Mortality) को सबैभन्दा प्रमुख कारण बनेको छ। समस्याको पहिचान गर्ने सन्दर्भमा ज्ञानको कमी, लक्षणहरूको (Symptoms) गम्भीरता सम्बन्धि बुझाइमा कमी, औषधी उपचार प्रणाली (Medical System) माथिको विश्वासमा कमी, स्वास्थ्य सेवाका लागि यात्रा गरिरहनुपर्ने दुरी सम्बन्धी कुराहरू, सेवाको लागत, परम्परागत विश्वास, गरिबी न्युन गर्ने सामाजिक, आर्थिक अवस्थाजस्ता विविध प्रकारका तत्वहरूको कारणले गर्दा आपतकालीन सेवामा कमी आउने गरेको देखिएको छ।

गाउँपालिकामा रहेको सामुदायिक अस्पतालमा विशेषज्ञ चिकित्सकहरूको (Medical Officers) संख्यामा कमी रहेको छ। दरबन्दीअनुसार डाक्टर लगायत स्वास्थ्यकर्मीहरू उपलब्ध हुन सकेको छैन। अस्पतालमा हालसम्म अवस्ट्रेटीसियन (Obstetrician) वा अनेस्थेसिओलोजिस्ट (Anaesthesiologist) छैनन् र पर्याप्त मात्रामा औषधीको आपुर्ति हुँदैन।

गाउँपालिकाको विभिन्न वडाहरूमा स्वास्थ्य चौकी वा उपस्वास्थ्य चौंकी रहेको देखिन्छ। स्वास्थ्य संस्थाहरूमा औषधीको कमी मुख्य समस्याको रूपमा रहेको देखिन्छ। दुर्गम वडाहरूमा बस्ने परिवारहरूले स्वास्थ्य सेवाका लागि धेरै समय खर्चिनु पर्ने बाध्यता छ भने वर्षातको समयमा अझ कठिनाई झेल्नु पर्ने अवस्था छ।

### ७.३.१ महिला स्वास्थ्य स्वयंसेविकाहरू (Female Community Health Volunteers)

सन् १९९० देखि तराईमा जम्मा ४०० जनसंख्याको आधारमा महिला स्वास्थ्य स्वयंसेवीकाहरू छनौट गर्ने प्रावधानअनुसार गाउँपालिकामा १९५ जना कार्यरत रहेका छन्। नेपाल सरकारको राष्ट्रिय स्वास्थ्य नीतिअनुसार

सन् २००० को प्रारम्भमा नै छनौट भएका महिला स्वास्थ्य स्वंयसेविकाहरूले उपचारात्मक, प्रबर्द्धनात्मक तथा प्रतिकारात्मक स्वास्थ्य सेवामा उल्लेखनीय काम गर्दै आएका छन्।

आ.व. २०४९/५० जनसंख्यार क्षेत्रफलको आधारमा हिमाली भेगमा २५० जनसंख्यामा १ जना, पहाडमा ३०० जनसंख्यामा १ जना र तराईमा १००० जनसंख्यामा १ जना महिला स्वयंसेविका रहने व्यवस्था गरिएको छ।

### ७.३.२ सुंडेनी (TBA)

हरेक वडाहरूमा एकजना सुँडेनीहरू राख्ने नेपाल सरकारको निति रहेको छ। परम्परागत रूपमा सेवा प्रदान गर्दै आएको सुँडेनीहरूले १२ दिनको आधारभुत तालिम प्राप्त गरिसकेका छन। तिनीहरूले MCHW बाट सुपरिवेक्षण समेत प्राप्त गरी हरेक ६ महिनामा स्वास्थ्य/उपस्वास्थ्य चौकीबाट पुनर्ताजगी तालिम समेत प्राप्त गरेका छन।

### ७.३.३ गाउँघर क्लिनीक र नियमित खोप

खोप तथा मासिक क्लिनिकहरू सञ्चालन गर्नको लागि हरेक गाउँपालिकाले विभिन्न स्थानहरूको पहिचान गर्दछ। गाउँपालिकाको विभिन्न स्थानमा गाउँघर क्लिनिक कार्यक्रम संचालन भएको पाइएको छ। यी स्थानहरूमा आश्विन महिना बाहेक क्लिनिकहरूलाई नियमित रूपमा सञ्चालन गरिएको देखिन्छ। यद्यपी तिनीहरूलाई खटाइएको कर्मचारीहरूको नियमित उपस्थिति भने कम पाइएको छ भने औषधीको आपुर्ति पनि उपलब्ध छैन। शारिरिक बृद्धिको लेखाजोखाजस्ता अन्य सेवाहरू जए र क्जए को तहमा मात्र उपलब्ध गराइन्छ। गाउँपालिकामा नियमित खोप कार्यक्रम नियमित रूपमा नै चालु रहेको छ तथा यसले ढाक्ने लक्षित वर्ग पनि बढ्दो क्रममा पाइएको छ। ६ किसिमका विभिन्न प्राणघातक रोगहरूबाट बचाउनका लागि बच्चा जम्नेको १ वर्षभित्र ११ वटा खोप पुरा लगाइसक्नु पर्दछ।

### ७.३.४ एच. आई. भी./एड्सको अवस्था

सन् १९८८ मा पहिलो संक्रमण भेटिएपछि नेपालमा एचआईभीको प्रकोप विस्तारै बालबालिकामा पनि फैलिन थालेको छ। बालबालिका पनि यो समस्याबाट प्रत्यक्ष वा अप्रत्यक्षरूपमा प्रभावित हुदै गएका छन्। हाल नेपालमा एचआईभी संक्रमित बालबालिकाको संख्या उल्लेख्य रहेको छ। राष्ट्रिय एड्स तथा यौन रोग नियन्त्रण केन्द्रका अनुसार २०७१ को साउन महिनासम्म नेपालमा भेटिएका जम्मा २२,९९४ एचआइभी संक्रमण मध्ये १६१८ जना १५ वर्ष मुनिका बालबालिकामा एचआइभी संक्रमण भेटिएको छ। भारतलगायतका अन्य मुलुकमा कामको खोजीमा जाने अभ्यास, बढ्दो रूपमा भइरहेको देह व्यापार, चेलीबेटी बेचविखन, सुईद्वारा लागुपदार्थको प्रयोग, अशिक्षा र गरिबीजस्ता सामाजिक समस्याले एचआइभीको प्रकोप बढाउनमा भूमिका खेलिरहेका छन्। जिल्ला एड्स समन्वय शाखाको तथ्याङ्कअनुसार रूपन्देही जिल्ला पनि एच.आई.भी./एड्सको जोखिममा रहेको छ।

### ७.३.५ सुरक्षित मातृत्वको अवस्थाको विवरण

बालबालिकालाई गर्भमा रहँदादेखि र जन्मेपछि स्याहार तथा रेखदेख गर्न सकिएन भने उनीहरू विभिन्न रोगबाट संक्रमित हुने जोखिम हुन्छ। गर्भमा रहँदा मूलत: आमाको उमेर, पोषण, आराम, मादक तथा सुर्तिजन्य पदार्थको सेवन लगायतका तत्वहरूमा बालबालिकाको स्वास्थ्य निर्भर रहन्छ। बालबालिका स्वस्थ जन्मनका लागि गर्भवती महिलाले कम्तीमा पनि चारपटक नियमित स्वास्थ्य जाँच गराउनुपर्दछ र आवश्यक खोप (टि.टि) तथा आइरन, भिटामिन चक्कीहरू नियमित सेवन गर्नुपर्दछ। कम उमेरमै गर्भवती हुँदा आमा र शिशु दुवैको स्वास्थ्यमा हानिनोक्सानी पुग्ने भएकाले सरकारले कानुनी रूपमा विवाह गर्ने न्यूनतम उमेर २० वर्ष तोकिदिएको छ। तर १७ प्रतिशत किशोरीहरू (१५ देखि १९ वर्ष उमेरका) गर्भवती भएका वा आमा भइसकेका हुन्छन् (नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११)।

सरकारले स्वास्थ्य सेवा विभागमार्फत सुरक्षित मातृत्व तथा नव शिशु स्वास्थ्यका लागि समुदायमा आधारित कार्यक्रम सञ्चालन गरिरहेको छ। यसले आमा र बालबालिकाको मृत्युदर घटाउन धेरे मद्दत पुर्‍याएको छ। तर पनि उक्त सेवाहरू कार्यक्रम केन्द्रित भएका कारण सबै लक्षित वर्गमा अझै पुग्न सकेको देखिँदैन। यस सम्बन्धी विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४८ : सुरक्षित मातृत्वको विवरण

| स्वास्थ्य संस्थाको नाम | पहिलो पटक एएनसी जाँच गर्ने | | प्रोटोकलअनुसार चार पटक एएनसी जाँच गर्ने | |
|---|---|---|---|---|
| | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती | २० वर्ष र सोभन्दा माथिका गर्भवती | २० वर्ष भन्दा कम उमेरका गर्भवती |
| अमवा स्वास्थ्य चौकी | १३५ | ५ | १ | ९१ |
| चिल्हिया स्वास्थ्य चौकी | ४८ | २३ | ७ | ५३ |
| छपिया स्वास्थ्य चौकी | २७० | ९ | ९ | ३३९ |
| हर्नैया स्वास्थ्य चौकी | ६८ | ५ | | ८३ |
| मैनहिया स्वास्थ्य चौकी | २०६ | | ३ | २०६ |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

### ७.३.६ खोपको विवरण

बालबालिका भविष्यका निर्माता हुन्। यसको लागि यिनीहरू स्वस्थ र निरोगी हुनु आवश्यक छ। बालक अवस्थामा उनीहरूलाई बी.सी.जी. एक पटक, डि.पि.टी. तीन पटक, दादुरा एक पटक, पोलियो र भिटामिन तोकिएको मात्रामा दिनै पर्दछ। बालबालिकाहरूको लागि पाँचओटै खोपहरू नियमित पुरा मात्रामा दिनु पर्दछ। नेपाल सरकारले राष्ट्रिय खोप कार्यक्रमलाई उच्च प्राथमिकतामा राखेको छ। खोप कार्यक्रम कम खर्चिलो तथा मितव्ययी रूपमा गरिने स्वास्थ्य क्षेत्रको एउटा प्रभावकारी प्रयत्न हो। खोप कार्यक्रमले उल्लेख्य रूपमा बालमृत्युदर घटाउन र विभिन्न रोगलाई रोकथाम गर्न सहयोग पुर्‍याएको पाइन्छ। जसले गर्दा सहस्राब्दी विकास लक्ष्यको

बालमृत्युदर घटाउने लक्ष्य (एम.जी.डी.-४) प्राप्त गर्न सहयोग पुगेको छ। यस गाउँपालिकाको खोप विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ४९ : खोप विवरण

| स्वास्थ्य संस्थाको नाम | बि.सि.जि. खोप पाएका बालबालिका | डी.पी.टी.-हेपाटाइटिस बी.-हिव तेस्रो खोप पाएका बालबालिका | दादुरा/रुबेला का खोप पाएका ९-११ महिनाका बालबालिका | २ ओटा टीडी पाएका गर्भवती महिला | २+ टीडी पाएका गर्भवती महिला |
|---|---|---|---|---|---|
| अमवा स्वास्थ्य चौकी | १५५ | १९२ | २०४ | ५९ | १४९ |
| चिल्हिया स्वास्थ्य चौकी | ६६ | ९६ | ९७ | १३ | ४५ |
| छपिया स्वास्थ्य चौकी | १७१ | २३६ | २४७ | ११७ | १२२ |
| हर्नैया स्वास्थ्य चौकी | ८८ | १०० | १०१ | ४१ | ५३ |
| मैनहिया स्वास्थ्य चौकी | १५३ | १७९ | १८६ | १८९ | १९० |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

### ७.३.७ बाल्यकालमा हुने रोगका जोखिम

५ वर्षमुनिका बालबालिकालाइ विभिन्न रोगले संक्रमण गर्ने उच्च सम्भावना रहन्छ। नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण, २०११ का अनुसार बाल्यकालमा हुने प्रमुख संक्रमण एवं मृत्युका कारणका रूपमा श्वासप्रश्वास सम्बन्धि रोग, निमोनिया, झाडापखाला, कडा जलबियोजन, मलेरिया, दादुरा र कुपोषण पर्दछन्। सरकारले ती रोगबाट बचाउन तथा रोगको रोकथाम गर्न, बाल्यकालमा हुने रोगहरूको समुदायमा आधारित एकिकृत व्यवस्थापन कार्यक्रम लागु गरेको छ। कार्यक्रमले यी रोगको एकिकृत व्यवस्थापन समुदायमै गर्दछ।

### ७.३.८ शिशु तथा ५ वर्ष मुनिका बाल मृत्युदर

नेपाल जनसांख्यिक तथा स्वास्थ्य सर्वेक्षण २०११ अनुसार शिशुमृत्यदर सन् १९९६ मा ७९ प्रतिहजार थियो भने सुन २००१ मा क्रमश: घट्दै ६४ प्रतिहजारमा पुगेको छ। सन् २००६ को उक्त सर्वेक्षणअनुसार ४८ प्रतिहजार पुगेको थियो। त्यस्तै सन् २०११ को सर्वेमा शिशु मृत्युदर ४६ प्रतिहजारमा झरेता पनि अघिल्लो सर्वेसँग तुलना गर्दा झिनो मात्रै अन्तर देखिएको छ।

### ७.३.९ बालपोषण सम्वन्धी विवरण

कुनै पनि ठाउँको पोषणको अवस्था त्यस ठाउँका बालबालिकालाई हेरेर सजिलै अनुमान लगाउन सकिन्छ। पोषित बालबालिकालाई कुनै पनि ठाउँको सामाजिक र आर्थिक विकासको सुचकको रूपमा हेर्न सकिन्छ। सरकारले पनि पोषणलाई प्राथमिकता दिई ५ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित रूपमा बालबृद्धि अनुमान गर्दै आएको छ। बालअधिकार सम्बन्धि महासंन्धी, १९८९ ले समेत बालबालिकालाई अवहेलना, वेवास्ता, हेलचेक्राइ, दुव्यर्वहार,

हिंसा लगायतबाट संरक्षण गरी खाना र पोषणको अधिकार सुनिश्चित गर्नुपर्ने उल्लेख गरेको छ। नेपालको संविधान (२०७२) ले पनि खाद्य सम्प्रभुतालाई मौलिक हकका रूपमा राखेको छ।

स्वास्थ्य र पोषण मानव जीवनको पहिलो महत्वपूर्ण आवश्यकता भएको र स्वस्थ नागरिकबिना राष्ट्रका अन्य विकास क्रियाकलापहरू प्रभावकारी हुन नसक्ने भएको हुँदा जनस्वास्थ्यको अध्ययन योजना तर्जुमा प्रक्रियाको एक महत्वपूर्ण हिस्सा हुन आउँछ। यस गाउँपालिकामा राष्ट्रिय नीति तथा कार्यक्रममा आधारित भई बाल स्वास्थ्य कार्यक्रम, परिवार स्वास्थ्य कार्यक्रम, व्यवस्थापन कार्यक्रम, प्राथमिक स्वास्थ्य सेवा पुनर्जागरण कार्यक्रम, रोग नियन्त्रण कार्यक्रम, स्वास्थ्य शिक्षा, सूचना तथा सञ्चार कार्यक्रम, महामारी तथा रोग नियन्त्रण कार्यक्रम तथा क्षमता विकाससम्बन्धी कार्यक्रमहरू सञ्चालन भई आएका छन्। स्वास्थ्य तथा पोषणसम्बन्धी कार्य गर्नका लागि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्थाहरू समेत कार्यरत रहेका छन्। कार्यक्रम सञ्चालनको सहयोगका लागि गाउँ गाउँमा स्वास्थ्य सञ्जाल विस्तार भएको छ।

तालिका नं. ५० : पोषण सम्बन्धी विवरण

| स्वास्थ्य संस्थाको नाम | ०-११ महिना सम्मका बालबालिकाको वृद्धि मापन | १२-२३ महिना सम्मका बालबालिकाको वृद्धि मापन | पहिलो पटक आइरन चक्की पाउने गर्भवती महिला | १८० आइरन चक्की पाउने गर्भवती महिला |
|---|---|---|---|---|
| अमवा स्वास्थ्य चौकी | ४१६ | ११६ | १७२ | ९३ |
| चिल्हिया स्वास्थ्य चौकी | ७७ | २२१ | ७२ | ५४ |
| छपिया स्वास्थ्य चौकी | ३२२ | २११ | २५६ | ३०९ |
| हर्नैया स्वास्थ्य चौकी | १०३ | १२१ | ९९ | ८४ |
| मैनहिया स्वास्थ्य चौकी | २३७ | १२९ | २०४ | २१० |

*स्रोत : जिल्ला स्वास्थ्य कार्यालय, २०७३*

## ७.४ खेलकुद तथा मनोरञ्जन

खेलकुद क्षेत्रमा स्वस्थ, प्रतिस्पर्धी जनशक्ति उत्पादन गरी गाउँपालिकाको चौतर्फी विकासलाई बल पुऱ्याउन सकिन्छ भन्ने मान्यताअनुसार यस गाउँपालिकामा खेलकुदको विकास भएको पाइन्छ। यसको लागि गाउँपालिकाले विभिन्न खुला स्थानहरू छोडेको छ। तर ती स्थानहरूमा खेलकुदको लागि केहीमात्र पूर्वाधार तयार भएको देखिन्छ। हाल स्थानीय तहमा पनि आ-आफ्ना कार्यक्षेत्र भित्र गतिशिल रहने गरी खेलकुद समिति/क्लबहरू गठन भएका छन्। विभिन्न तहमा विभिन्न प्रतिस्पर्धाहरूको आयोजना गरी खेलकुदको विकासमा योगदान पुऱ्याइरहेका छन्। यसका अतिरिक्त नेपाल सरकारद्वारा गठन हुने जिल्ला खेलकुद विकास समितिबाट पनि कतिपय राष्ट्रिय दिवसहरूमा खेलहरूको आयोजना गर्ने गरिएको छ। समग्रमा भन्नुपर्दा बालबालिका एवं युवा जनशक्तिको स्वास्थ्य शारिरीक विकासको लागि नभई नहुने खेलकुदको क्षेत्रमा अत्यन्त न्युन लगानी हुने गरेको देखिन्छ। विगतमा निर्मित खेलकुदसम्बन्धी पूर्वाधारहरूको मर्मत गर्न पनि निकै ठूलो लगानी गर्नुपर्ने आवश्यकता देखिएको छ। हालका

दिनहरूमा आएर निजी क्षेत्रहरूबाट पनि क्रिकेट, व्याडमिन्टनजस्ता केही खास खास खेलहरूमा लगानी गर्ने र प्रोत्साहित गर्ने क्रम सुरु भएको छ। यस क्रमलाई केन्द्रीय र स्थानीय सरकारले सहकार्य र साझेदारीको रूपमा विकसित गर्दै लैजानुपर्ने देखिन्छ।

## ७.५ नागरिक सुरक्षा सेवा

### ७.५.१ बृद्धबृद्धाहरूको अवस्था

जनगणना २०६८ को नतिजाअनुसार यस सियारी गाउँपालिकामा ६० वर्ष उमेर नाघेका ७.६८ प्रतिशत ( २९५६ जना) बृद्धबृद्धाहरू रहेका छन्। शारीरिक अशक्तताका कारण परिवारजनहरूको समेत पर्याप्त हेरचाह नपुग्ने यो समुदायको सामाजिक अवस्था अत्यन्त कष्टप्रद रहेको छ। बृद्धहरूको मनोरञ्जनका लागि कुनै विशेष स्थल वा कार्यक्रमको निर्माण वा तयारी देखिदैंन। पश्चिमा संस्कृतिको प्रभावले हाम्रो संस्कृतिको मुल मर्म र बृद्धजन तथा नयाँपुस्ताबीचको पारस्परिक सुमधुर सम्बन्धलाई तहसनहस पार्ने खतरा बढ्दै गएको छ। राज्यको तर्फबाट ७० वर्ष माथिका सबै जेष्ठ नागरिकहरूलाइ दिइने भनिएको बृद्ध भत्ता समेत सबैले पाउन सकेका छैनन्। यस गाउँपालिकामा अर्ध बृद्धावस्थाकै हाराहारिकोमा रहेको ६०-६४ वर्षको ३.०७ प्रतिशत (१,२६१ जना), ६५-६९ वर्षका २.०३ प्रतिशत (८३४ जना) र ७० भन्दा माथि र थप बृद्ध नागरिकहरूको लागि समेत राज्यले कुनै विशेष कार्यक्रम ल्याएको छैन। यस स्थितिलाई कसरी सहज बनाउने र गाउँपालिका रहेका जेष्ठ नागरिकहरूको अमुल्य अनुभवबाट नयाँ पीढीले कसरी अनुभव र शिक्षा प्राप्त गर्ने भन्नेबारे अध्ययन र योजना बनाउनुपर्ने देखिन्छ।

## ७.६ महिला तथा बालबालिका

### ७.६.१ महिला सम्बन्धी विवरण

गर्भवती महिलाहरूको नि:शुल्क वा न्यूनतम् शुल्कमा स्वास्थ्य परिक्षण गर्ने तथा महिलाहरूमा देखिने स्तन क्यान्सर र पाठेघर क्यान्सरको अग्रीम पहिचान र न्यूनिकरणका लागि विशेष पहल गर्नुपर्ने देखिन्छ। जिल्ला जनस्वास्थ्य कार्यालय एवं अन्य सम्बद्ध स्वास्थ्य संस्थाहरूसँग समन्वय गरी मातृशिशु स्वास्थ्य तथा क्षयरोग नियन्त्रणका क्षेत्रमा कार्यरत स्वास्थ्यकर्मीहरूका लागि स्थायित्व, वृत्तिविकास तथा पुर्नताजगीजस्ता कार्यक्रम ल्याई महिलाहरूका लागि लघु उद्यम व्यवसाय तालिम प्रदान गरी उद्यम व्यवसाय मार्फत आर्थिक रूपमा सबल बनाउनु पर्ने देखिन्छ। आर्थिक, सामाजिक, शैक्षिक तथा साँस्कृतिक सशक्तिकरण गर्दै नगर विकासमा महिलाहरूको समान सहभागिता गराउन अझैपनि थप प्रोत्साहन गर्नुपर्ने देखिन्छ। सामाजिक क्षेत्रमा उदाहरणीय कार्य गर्ने आमा समूह, टोल विकास संस्था, महिला समन्वय समिति तथा महिला सम्बन्धी संघसंस्थालाई संस्थागत विकासका लागि विभिन्न कार्यक्रम संचालन गर्न प्रोत्साहन गर्नु पर्दछ। महिला तथा बालबालिकाका लागि सामुदायिक कार्यप्रक्रियालाई वडाहरूमा विस्तार गर्ने तथा सामाजिक परिचालन प्रवर्द्धन कार्यलाई निरन्तरता दिई लक्षित समूहतर्फ सबै समूह र वर्गको सहभागिता हुने कार्यक्रमहरू सञ्चालन गरि समावेशी अवधारणा अनुरूप स्थानीय शासन र विकासमा महिलाको संलग्नता वृद्धि गर्न विभिन्न क्षमता विकासका कार्यक्रमहरू ल्याउनुपर्ने देखिन्छ।

### ७.६.२ बालश्रमको अवस्था

बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु बालश्रम हो। नेपालमा कानुनले बालबालिकाको उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरू तोकेको छ। १३ वर्ष उमेर नपुगेका बालबालिकाहरूलाई श्रमिकका रूपमा काममा लगाउन हुदैन भने १४ वर्षदेखि १५ वर्षसम्मकालाई खासखास क्षेत्रको हलुका र विशेष सुविधाका काममा लगाउन पाइन्छ। कुनै पनि बालबालिकालाई जोखिमपुर्ण काममा लगाउन पाइदैन। तथापी सुरक्षित वातावरणमा नयाँ-नयाँ कुरा सिक्ने, जान्ने, पढ्ने, बुझ्ने उमेरमा नेपालका धेरै बालबालिकाहरू बालश्रमिकका रूपमा काम गर्न बाध्य छन्। आफ्ना बालापनलाई कडा श्रमसँग साटिरहेका छन्। काम गर्नु पर्नाले शिक्षाबाट बञ्चित हुनुदेखि शोषण र दुर्व्यवहारबाट धेरै बालबालिका पिडित भएका छन्। नेपालमा बालश्रमका बारेमा विभिन्न विषयगत क्षेत्रहरूमा साना-ठुला अध्ययन भए तापनि आवधिक, एकिकृत, आधिकारिक तथ्याङ्क तथा जानकारीको भने अभाव छ। बालश्रममा नेपाली बालबालिकाको एक दु:खद यथार्थ हो ।

बालबालिकालाई श्रममा लगाइनु बालअधिकार विपरित कार्य हो। यसैगरी नेपालले राज्य पक्षका रूपमा अनुमोदन गरिसकेको संयुक्त राष्ट्रसंघका बाल अधिकार सम्बन्धि महासन्धि, १९८९, अन्तराष्ट्रिय श्रम संगठनको रोजगारीको न्युनतम उमेर सम्बन्धी महासन्धी नं १३८ तथा निकृष्ट प्रकारको बालश्रमसम्बनधी महासन्धी नं. १८२ तथा सिफारिश नं १९० ले पनि राज्यलाई बालश्रमविरुद्ध थप उत्तरदायित्व बहन गर्न प्रेरित गरेको छ।

सियारी गाउँपालिका नगरलाई बालमैत्री गाउँपालिकाको रूपमा विकसित गर्नका लागि सबै वडाहरूमा वडा बालक्लब गठन गरी बालमैत्री स्थानीय शासन पूर्ण रूपमा लागु गर्ने उद्देश्यले बालबालिका लक्षित कार्यक्रममा तोकिएको १० प्रतिशत बजेट बढाएर १५ प्रतिशत पुर्‍याउने लक्ष्य राखिएको छ। नगर क्षेत्रमा निकृष्ठ प्रकारको बाल श्रमको अन्त्य गर्न बालश्रम नराखेको कबुल गर्नेलाई मात्र गाउँपालिकाबाट सेवा प्रवाह गर्नुपर्ने व्यवस्था मिलाउने प्रावधान राख्नुका साथै १ वर्ष मुनिका बालबालिकाहरूलाई नियमित खोपको सुनिश्चित गरी पूर्ण खोपयुक्त गाउँपालिकाको रूपमा पनि अगाडी बढाउने उद्देश्य राखिएको छ।

### ७.६.३ संस्थागत स्याहारमा रहेका द्वन्द्व प्रभावित बालबालिका

केन्द्रीय बालकल्याण समतिले विभिन्न ४६ जिल्लामा गरेको अध्ययनअनुसार २४ जिल्लामा संस्थागतरूपमा द्वन्द्व प्रभावित बालबालिका रहेको पाइयो। ७४६ जनामा १२१ परिवार विहिन, बाबुमात्र भएका २६ जना बालबालिका, आमामात्रै भएका ४३६ जना र दुबै भएका १६३ बालबालिका छन्। सबैभन्दा बढी ४१६ जना र त्यसपछि काठमाडौंमा ९८ जना बालबालिका संस्थागत स्यहारामा रहेको छन्। उक्त बालबालिकाको अवस्थामा हेर्ने हो भने बालबालिकाकालाई संस्थागत स्याहारमा राख्नु अन्तिम विकल्पका रूपमा लिने गरेकोमा ती बालबालिकालाई बैकल्पिक स्याहार र सुरक्षाको व्यवस्था गर्नुपर्ने देखिन्छ।

### ७.६.४ बालसंरक्षण तथा संबर्द्धन समिति

बालबालिकाको जीवन रक्षा, संरक्षण, सहभागिता र विकास सम्बन्धी विभिन्न कार्यक्रम सरकारी र गैरसरकारी निकायका साझेदार संस्थाहरूको सहकार्यमा संचालन गर्न बाञ्छनिय भएकोले त्यस्ता कार्यक्रमलाई निर्देशित र नियमन गर्न नेपाल सरकार, महिला बालबालिका तथा समाज कल्याण मन्त्रालयले बाल अधिकार संरक्षण र संबर्द्धन कार्यक्रम (कार्यान्वयन) निर्देशिका, २०६५ जारी गरि लागु गरेको छ।

सोही जारी निर्देशिकाअनुसार पचहत्तरै जिल्लामा बालअधिकार संरक्षणार्थ विभिन्न संरचनाहरू गठन भई कार्यक्रमहरू लागु भएको देखिन्छ। जसमा १६६१ ओटा साविकका गाविहरूमा १६६१ ओटा गाउँ बाल संरक्षण तथा सम्बर्द्धन उपसमितिहरू गठन भएको देखिन्छ भने २७ नगरपालिकाहरूमा २७ ओटा नगर बालसंरक्षण तथा सम्बर्द्धन उपसमिति गठन भएको देखिन्छ। यी नगरपालिकाको ६३ ओटा वडाहरूमा वडा स्तरीय वडा बालसंरक्षण संबर्द्धन गठन भएको देखिन्छ। जसलाई वडास्तरमा विस्तार गर्नु पर्ने देखिन्छ।

### ७.६.५ बालक्लब

बालबालिकाहरू संगठित भई आफुसँग सरोकार राख्ने विषयमा छलफल गर्न, प्रतिनिधित्व गर्न र आफ्नै क्षमता विकास, सचेतना लगायत बाल अधिकारको संरक्षण प्रबर्द्धनमा विविध क्रियाकलाप गर्न नेपालमा बाल-समूह, बाल क्लव, बालअधिकार मञ्च आदिका रूपमा बालबालिकाहरू क्रियाशिल रहेका छन्। बालक्लब, बाल-सहभागिताको एक शसक्त माध्यमा बनेको छ। जसलाई बालबालिकासँग सम्बन्धित थुप्रै नीतिगत दस्तावेजहरूमा पनि उल्लेख गरिएको छ। बालबालिकाहरूलाई समुहमा आबद्ध गराउन र उनीहरूसँग सरोकार राख्ने विषयमा मत व्यक्तका लागि विभिन्न स्तरका नीति तथा योजना निर्माणदेखि कार्यान्वयन र अनुगमनसम्म बालक्लबको प्रतिनिधत्वलाई मान्यता दिइएको छ।

व्यक्तिगतरूपमा गाउँपालिकामा बालबालिकाको सहभागिता, सक्रियता र नेतृत्वमा गठन गरिएका बालक्लबहरूले बाल अधिकारसम्बन्धी चेतनामुलक कार्यहरू गरिरहेको छन्। बालक्लबहरूले संचालन गरेका कार्यक्रमहरूमा (१) जन्मदर्ता प्रचारात्मक अभियान, (२) विद्यलाय भर्ना अभियान, (३) बालश्रम न्युनीकरण कार्यक्रम, (४) बालसहभागिता अभिबृद्धि कार्यक्रम, (५) बालबालिकालाई प्रदान गरिने खोप प्रचार कार्यक्रम, (६) निशुल्क शिक्षा प्रचारात्मक र प्रबर्द्धनात्मक कार्यक्रम, (७) भयरहित वातावरणमा शिक्षा पाउने अधिकारबारे प्रचारप्रसार, (८) वातावरणीय सुधार कार्यक्रम, (९) अभिभावक चेतनाशिक्षा कार्यक्रम र (१०) बालविवाह उन्मुलन सम्बन्धी प्रचारात्मक कार्यक्रम प्रमुख रहेका छन्। यस गाउँपालिकामा बाल क्लबहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५१ : **बाल क्लबहरूको विवरण**

| साविकका गा.वि.स | बाल क्लबको संख्या | लिङ्ग | | जम्मा |
|---|---|---|---|---|
| | | छात्रा | छात्र | |
| **चिल्हिया** | ३ | ५८ | ४६ | १०४ |
| **हर्नैया** | २० | १३२ | १४६ | २७८ |
| **मनैहिया** | १० | ९७ | ६५ | १६२ |
| **प.अमुवा** | १२ | १२४ | १३३ | २५७ |
| **दयानगर** | २ | १३ | १५ | २८ |
| **जम्मा** | ४७ | ४२४ | ४०५ | ८२९ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.६.६ बालबालिका तथा महिला हिंसा

तालिका नं. ५२ : **भारतबाट उद्धार विवरण**

| विवरण | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|
| **महिला** | ४ | ७ | २७ | १९ |
| **बालिका** | ७ | ८ | ११ | ३ |
| **बालक** | २ | ५ | ६ | ५ |
| **जम्मा** | १४ | २० | ४४ | २७ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

तालिका नं. ५३ : **हराएर फेला परेका विवरण**

| विवरण | २०७०/०७१ | २०७१/०७२ | २०७२/०७३ | २०७३/०७४ |
|---|---|---|---|---|
| **महिला** | ७ | १२ | १३ | ८९ |
| **बालिका** | १२ | २ | २ | १८ |
| **बालक** | १० | १२ | ९ | ५८ |
| **जम्मा** | २९ | २६ | २४ | १५६ |

*स्रोत: गाउँ कार्यपालिकाको कार्यालय, २०७४*

## ७.७ अपाङ्गताको विवरण

खासगरी व्यक्तिहरूमा अपाङ्गता हुने कारण आयोडिनयुक्त नुनको प्रयोगको कमी, ग्रामीण क्षेत्रमा मुख नधुने समसयाका कारण उत्पन्न (Trachoma) रोग, दुर्घटना, जन्मजात, प्राकृतिक प्रकोप, कुपोषण, स्वास्थ्य उपचार नपाएर, द्वन्द्व वा युद्ध वा विस्फोटक पदार्थको प्रयोग आदि देखिएका छन्। जसलाई घटाउन प्रतिरोधात्मक र उपचारात्मक दुवै कार्यहरू गरिनुपर्दछ। नेपालले अपाङ्गता भएका व्यक्ति तथा बालबालिकाहरूको हक हित र अधिकारको संरक्षण एवं सम्बर्द्धन र विकास गर्न १९ वटा क्षेत्रलाई समेटी अपाङ्ग संरक्षण तथा कल्याण ऐन, २०३९ र अपाङ्गतासम्बन्धी कार्ययोजना, २०६३ तयार गरी कार्यान्वयनमा ल्याएको छ। त्यसै गरी २०६६ पुस १२ गते नेपालले अपाङ्गता भएका व्यक्तिहरूको अधिकारसम्बन्धी संयुक्त राष्ट्र सङ्घीय महासन्धी, २००६ लाई अनुमोदन गरेको छ।


२०६८ सालको जनगणनाअनुसार नेपालमा कुल जनसंख्याको १.९४ प्रतिशत (५,१२,३२१ जना) जनसंख्यामा कुनै न कुनै प्रकारको अपाङ्गता देखिएको छ। जसमध्ये शारिरीक अपाङ्गता ३६.३ प्रतिशत, दृष्टिबिहीन १८.५ प्रतिशत, मानसिक अपाङ्गता ६ प्रतिशत, बौद्धिक अपांगता २.९ प्रतिशत, बहु अपाङ्गतामा ७.५ प्रतिशत रहेको छ। यस सियारी मा अपाङ्गताको अवश्था बुझ्न तल तालिका र स्तम्भ् द्धारा प्रस्तुत गरिएको छ।

तालिका नं. ५४ : अपाङ्गताको विवरण

| लिङ्ग | शारिरीक अपाङ्गता | दृष्टी सम्बन्धी अपाङ्गता | श्रवण सम्बन्धी अपाङ्गता | श्रवण, दृष्टिविहीन अपाङ्गता | स्वरबोलाई सम्बन्धी अपाङ्गता | मानसिक अपाङ्गता | बौद्धिक अपाङ्गता | बहु अपाङ्गता | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| पुरुष | १२८ | ४० | ३० | ५ | ३४ | २९ | ९ | २१ | २९६ |
| महिला | ७७ | २९ | १८ | ३ | २५ | १७ | ६ | १६ | १९१ |
| जम्मा | २०५ | ६९ | ४८ | ८ | ५९ | ४६ | १५ | ३७ | ४८७ |
| प्रतिशत | ४२.०९ | १४.१७ | ९.८६ | १.६४ | १२.११ | ९.४५ | ३.०८ | ७.६० | १००.०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार सियारी गाउँपालिकामा अपाङ्गताको अवस्थालाई हेर्दा अपाङ्गता भएको जनसंख्या १.२७ प्रतिशत (४८७ जना) रहेको छ। जसमा शरिरीक अपाङ्गता भएका २०५ (४२.०९प्रतिशत), श्रवण तथा दृष्टिविहीन सम्बन्धी अपाङ्गता भएका ८ (१.६४ प्रतिशत), स्वर बोलाई सम्बन्धी समस्या भएका ५९ जना ( १२.११ प्रतिशत) देखिन्छन् भने दृष्टि सम्बन्धी अपाङ्गता भएका ६९ जना (१४.१७ प्रतिशत) र बौद्धिक अपाङ्गता भएका १५ जना (३.०९ प्रतिशत) रहेको देखिन्छ। साथै मानसिक अपाङ्गता ४६ जना (९.४५ प्रतिशत) र बहु अपाङ्गता ३७ (७.६० प्रतिशत) रहेका छन्। यसलाई तलको चित्रबाट स्पष्ट पार्न सकिन्छ।




माथिको तालिका र स्तम्भको अध्ययन गर्दा यस सियारी गाउँपालिकमा पनि आवश्यक निति तथा कार्यक्रमहरू ल्याउनु पर्ने देखिन्छ। सरकारले अपाङ्गता परिचयपत्र वितरण निर्देशिका समेत जारी गरी वितरण गरिरहेको छ। अपाङ्गता परिचयपत्र वितरण गर्नका लागि अपाङ्गता भएका व्यक्तिहरूलाई अपाङ्गताका आधारमा शारिरिक अपाङ्गता, दृष्टिविहीन र न्युन दृष्टियुक्त, स्वरबोलाइ सम्बन्धी अपाङ्गता, सुस्त श्रवण र बहिरा, श्रवण दृष्टिविहिनता, मानसिक अपाङ्गता बौद्धिक अपाङ्गता, बहुअपाङ्गता गरी सात किसिमले र गाम्भीर्यताका आधारमा तह क (रातो रङको परिचयपत्र), तह ख (नीलो रङको परिचयपत्र), तह ग पहेलो रङको परिचयपत्र र तह घ (सेतो रङको परिचयपत्र) गरी चार तहमा विभक्त गरी परिचय पत्र वितरण गर्ने कार्य सुरु गरिएको छ। हालसम्म यो समुदायको सामाजिक आर्थिक अवस्थामा परिवर्तन ल्याउन केही सामान्य आयमुलक र सिपमुलक तालिमहरू सञ्चालन गरिएता पनि यिनीहरूको आत्मविश्वासलाई बढाउन र समुदायबाट हुने गरेको उपेक्षाबाट मुक्त राख्न स्थानीय स्रोत साधान र निकायहरूमा यो समुदायको पहूँच पुऱ्याउन विभिन्न कार्यक्रम ल्याउनु पर्ने देखिन्छ।

## ७.८ खानेपानी तथा सरसफाई

गाउँपालिका स्वच्छ र सफा हुनुपर्छ। खानेपानी स्वच्छ जीवनको प्रमुख आधार हो। खानेपानी सुरक्षित नहँदा विभिन्न दुषित तथा असुरक्षित पानीबाट लाग्ने रोगको जोखिम हुन्छ। खानेपानी सुरक्षित राख्न त्यस ठाउँको वातावरण पनि सफा र स्वच्छ रहनु पर्दछ। खानेपानीमा प्रयोग गरिएको स्रोतको आधारमा गाउँपालिकाको स्वास्थ्य स्थिति निर्धारण गर्न सकिन्छ। सुरक्षित खानेपानीको प्रयोगबाट विभिन्न रोगको जोखिम न्युनीकरण गर्न सकिन्छ। सियारी गाउँपालिकाको खानेपानीको स्थिति बुझ्न तल गाउँपालिकाबासीहरूले खानेपानीमा प्रयोग गरेको स्रोतको विवरण देखाईएको छ।


### ७.८.१ परिवारले प्रयोग गर्ने पिउने पानीको मुख्य श्रोतको विवरण

तालिका नं. ५५ : परिवारले प्रयोग गर्ने पानीको मुख्य श्रोत

| धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार/ कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १०७९ | ५५३३ | ७ | ४ | ८ | ० | १३३ | २८ | ६,७९२ |
| १५.८९ | ८१.४६ | ०.१० | ०.०६ | ०.१२ | ०.०० | १.९६ | ०.४१ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

सियारी गाउँपालिकाको खानेपानीको प्रमुख स्रोत भूमिगत जलस्रोत भएकोले गाउँपालिकाको परिवारहरूले सबैभन्दा बढी ट्युवेल/हाते पम्प को पानी प्रयोग गरेको पाइएको छ जुन स्वास्थ्यको दृष्टिकोणमा त्यति सुरक्षित मानिदैन। गाउँपालिकामा ट्युवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या ५,५३३ ( ८१.४६ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने दोस्रोमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या १,०७९ (१५.८९ प्रतिशत) रहेको देखिन्छ भने खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी सबैभन्दा कम रहेको देखिन्छ। यसरी गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ। साथै तल स्तम्भ चित्रबाट स्पष्ट पार्न सकिन्छ।




### ७.८.२ खानेपानीको विवरण

तालिका नं. ५६ : खानेपानीको विवरण

| वडा नं. | धारा/ पाइप | ट्युबवेल/ हाते पम्प | ढाकिएको इनार/कुवा | खुला इनार /कुवा | मूल धारा | नदी/ खोला | अन्य | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | १९ | ८२ | ० | ५८२ | १ | १५ | ० | ४ | ७०३ |
| २ | ६ | १६४ | ८९ | ५०० | ० | ० | ० | ३ | ७६२ |
| ३ | २५ | २८९ | १४ | ६९५ | २ | ८५ | १ | ७ | १,११८ |
| ४ | १७१ | ६३९ | ० | ० | ० | ० | ११ | २ | ८२३ |
| ५ | २ | ३९१ | २ | ९ | ० | ० | १०५ | ० | ५०९ |
| ६ | ९ | ७७७ | ७ | २२३ | ० | ० | १५६ | ६ | १,१७८ |
| ७ | २९ | २२८ | ७ | ३२६ | १ | ० | १ | १० | ६०२ |

| जम्मा | ३४६ | ६,०४५ | १३० | ३,०६५ | ८ | १५३ | ३०१ | ६२ | १०,११० |
|---|---|---|---|---|---|---|---|---|---|
| प्रतिशत | ३.४२ | ५९.७९ | १.२९ | ३०.३२ | ०.०८ | १.५१ | २.९८ | ०.६१ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

राष्ट्रिय जनगणना २०६८ अनुसार यस गाउँपालिका विभिन्न वडाहरूका घरधुरीहरूले प्रयोग गर्ने खानेपानीको विभिन्न श्रोतको विवरण तालिकामा देखाइएको छ। समग्रमा यस गाउँपालिकामा ट्युवेल/हाते पम्प प्रयोग भएको छ तर वडागत रूपमा तुलनात्मक अध्ययन गर्दा खानेपानीको मुख्य स्रोतको रूपमा अन्य वडा को तुलनामा वडा नं. ४ मा धारा तथा पाइपको पानी प्रयोग गरेको देखिन्छ भने वडा नं. १ र ३ मा सबै भन्दा बढी खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी संख्या बढी रहेको पाइन्छ। जसको विस्तृत विवरण माथिको तालिकामा उल्लेख गरिएको छ।


### ७.८.३ शौचालयको विवरण

तालिका नं. ५७ : **शौचालयको प्रकार**

| | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्की) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **जम्मा** | ५० | २०६९ | ८५० | ३७९४ | २९ | ६,७९२ |
| **प्रतिशत** | ०.७४ | ३०.४६ | १२.५१ | ५५.८६ | ०.४३ | १०० |

*स्रोत: राष्ट्रिय जनगणना २०६८*

माथिको तालिकामा राष्ट्रिय जनगणना २०६८ अनुसार सियारी गाउँपालिकाको घरपरिवारले प्रयोग गर्ने शौचालयको प्रकारलाई उल्लेख गरिएको छ। गाउँपालिकामा सबैभन्दा धेरै घरपरिवार शौचालय विहिन रहेको देखिन्छ। कुल घरपरिवारको आधाभन्दा बढी अर्थात् ३,७९४ (५५.८६ प्रतिशत) घरपरिवारमा शौचालय नै नभएको देखिन्छ। यसैगरी शौचालय प्रयोग गर्ने घरपरिवारमा पनि सबैभन्दा बढी फ्लस भएको (सेप्टिक ट्याङ्की) शौचालय प्रयोग गरेको पाइन्छ। फ्लस भएको (सेप्टिक ट्याङ्की) शौचाल प्रयोग गर्ने घरपरिवारको संख्या २,०६९ (३०.४६ प्रतिशत),साधारण शौचालय प्रयोग गर्ने घरपरिवार संख्या ८५० (१२.५१ प्रतिशत) र फ्लस भएको (सार्वजनिक ढल) शौचालय प्रयोग गर्ने परिवारको संख्या ५० (०.७४ प्रतिशत) रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।




## ७.८.४ वडागत शौचालयको संख्याको विवरण


तालिका नं. ५८ : **वडागत शौचालय संख्याको विवरण**

| वडा नं. | फ्लस भएको (सार्वजनिक ढल) | फ्लस भएको (सेप्टिक ट्याङ्क) | साधारण शौचालय | शौचालय नभएको | उल्लेख नगरिएको | जम्मा |
|---|---|---|---|---|---|---|
| **१** | २ | ५१५ | ६१ | ३७८ | ४ | ९६० |
| **२** | ५ | १५५ | ३१ | ९३१ | ३ | १,१२५ |
| **३** | २ | ६० | ९० | ५८९ | ५ | ७४६ |
| **४** | ६ | २७४ | १३७ | ५६८ | १ | ९८६ |
| **५** | ३ | ३५० | ९० | ३४० | ० | ७८३ |
| **६** | १४ | २१६ | ४१४ | ३८९ | ४ | १,०३७ |
| **७** | १८ | ४९९ | २७ | ५९९ | १२ | १,१५५ |
| **जम्मा** | ५० | २,०६९ | ८५० | ३,७९४ | २९ | ६,७९२ |
| **प्रतिशत** | ०.७३ | ३०.४६ | १२.५१ | ५५.८६ | ०.४२ | १०० |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग, २०६८*

**राष्ट्रिय जनगणना २०६८ अनुसार गाउँपालिकामा कुल ६,७९२ घरधुरीमा २,९६९ घरधुरी अर्थात ४३.०९ प्रतिशत शैचालय भएको र ३,७९४ घरधुरी अर्थात् ५५.८६ प्रतिशत शैचालय विहिन देखिन्छ। प्रत्येक वडाका**

प्रत्येक घरधुरीमा भएको शौचालयको अवस्थालाई अध्ययन गर्दा सबैभन्दा बढी वडा नं. ६ मा कुल घरधुरी १,०३७ रहेकोमा ६४४ (५५.७६ प्रतिशत) घरधुरीमा शैचालय रहेको छ यस मध्ये ४१४ घरधुरीले साधारण शैचालयको प्रयोग गरेको देखिन्छ। सबैभन्दा कम शैचालयको प्रयोग वडा नं. २ मा कुल घरधुरी १,२१५ रहेकोमा १९१ (२५.६ प्रतिशत) घरधुरीमा शैचालय रहेको छ यस मध्ये १५५ घरधुरीले फ्लस भएको (सेप्टिक ट्याङ्क) शैचालयको प्रयोग गरेको देखिन्छ। शौचालयको प्रयोगमा सबैभन्दा बढी फ्लस भएको (सेप्टिक ट्याङ्क) शौचालय प्रयोग गर्ने घरपरिवारको संख्या नै बढी रहेको देखिन्छ। जसको विस्तृत माथिको विवरण तालिकामा उल्लेख गरिएको छ।




### ७.८.४ खुला दिशामुक्त क्षेत्र

गाउँपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको परिप्रेक्षमा वडा नागरिक मञ्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज, विपद व्यवस्थापन समिति तथा विभिन्न गैर सरकारी संस्थाको अगुवाई र सहकार्यमा हाल सियारी गाउँपालिकामा भएका सबै घरधुरीमा शौचालयको प्रवन्ध गरी खुला दिशामुक्त क्षेत्र घोषणा गरिएको छ।

## ७.९ फोहोर मैला व्यवस्थापन

गाउँपालिकालाई सधैँ सफा राखि वातावरण मैत्री घर, टोल, बस्ती, समाज बनाउने हेतुले राष्ट्रिय सरसफाई अभियानलाई निरन्तरता प्रदान गर्दै आएको परिप्रेक्षमा वडा नागरिक मन्च, नागरिक सचेतना केन्द्र, टोल विकास संस्था, टोल सुधार समाज र विपद व्यवस्थापन समितीको अगुवाई र सहकार्यमा टोल तथा वडास्तरमा विभिन्न अभियानको रूपमा संचालन भएको पाइन्छ।

# खण्ड ८ : वन तथा वातावरण

## ८.१ प्राकृतिक वन तथा वनस्पती

सियारी गाउँपालिकाको कुल क्षेत्रफल ६४.१७ वर्ग कि.मि. मध्ये १६.५० प्रतिशत वन क्षेत्रको रूपमा रहि आएको छ। जुन राष्ट्रिय वन, सामुदायिक वन तथा निजी वन क्षेत्रको रूपमा रहेको छ।

यस गाउँपालिकामा तराई क्षेत्रको मलिलो माटोले बनेको उर्वरा समतल भू-भाग रहेको छ। यो गाउँपालिका समुद्र सतहदेखी १०० देखि १२७ मिटर सम्मको उचाइमा रहेको छ। तिनाउ, सियारी, दानव घाँघर आदि यस गाउँपालिकाका महत्वपूर्ण नदीहरू हुन्।

सियारी गाउँपालिका प्राकृतिक सम्पदाको रूपमा वन जंगल रहेको छ। यहाँको जंङ्गलमा साल, सिसौ, खयर, टिक, करम, जामुन, आदि जातका रुखहरू पाईन्छन्। जडीबुटी तर्फ हर्रो ,बर्रो, चिराइतो, नागबेली, विजयसाल, खजुरपात, सर्पगन्ध, असुरो, निम जातका वनस्पतिहरू यहाँका महत्वपुर्ण वन सम्पदाहरू हुन्। त्यस्तै गरी बँदेल, चित्तल, स्याल, निलगाईजस्ता वन्यजन्तुहरू र कालिज, सारस, मयूर, काग, गिद्ध, चिलजस्ता पन्छीहरू यहाँ पाउन सकिन्छ। खनिज साधनतर्फ खास अन्वेषण नभएको कारणले प्राकृतिक गर्भमा कुनकुन खनिज साधनहरू छन् भन्ने कुरा एकिन साथ भन्न सकिने स्थिती छैन। ढुंगा, गिटि, वालुवा आदि यस गाउँपालिकाको प्रमुख आय श्रोतको रूपमा रहेको छ।

महत्वपुर्ण प्राकृतिक सम्पदाको रूपमा रहेको यस गाउँपालिकामा पाइने माटोमा एकरूपता नपाईता पनि दक्षिण तर्फको मैदानी भू-भागको अधिकांस क्षेत्र मलिलो पाँगो माटोले बनेको छ।

## ८.२ जैविक विविधता सम्वन्धी विवरण

सियारी गाउँपालिकाको पर्यावरणीय सन्तुलनका लागि पारिस्थितिक जैविक प्रणालीलाई सन्तुलितरूपबाट कायम राख्न वन, बनस्पती तथा प्राणीहरू बिचको स्थापित सम्बन्धलाई दिगोरूपमा कायम राख्न सजगता अपनाउनुपर्ने देखिन्छ। दिगो विकासका निम्ती पूर्वाधार विकासको क्रममा हुने विनासलाई न्युनीकरण गर्न नितान्त आवश्यक छ। वातवारणीय सन्तुलनले वनस्पती वा प्राणीहरूको क्रमिक ह्रास र विनास हुँदै अन्ततः लोप हुने अवस्था हुन सक्छ। विषम हावापानीमा विभिन्न जात जातिका प्राणी र बनस्पती रहेको यस गाउँपालिकामा वन संरक्षण र सम्बर्द्धनको कार्यमा स्थानीय बासिन्दाहरूको सहभागिता अपरिहार्य हुन पुगेको छ।

यिनै कुराहरूलाई मध्यनजर गरी २०४९ सालमा स्थानीय बासिन्दाहरूलाई आफ्नो दैनिक उपभोग्य वन पैदावरको उपलब्धता गराउने उद्देश्य राखी सामुदायिक वन दर्ता गर्ने कार्यको थालनी भएको पाइन्छ।

मानव जीवनको लागि जैविक विविधताको संरक्षण अपरिहार्य छ। दैनिक जिवनको लागि आवश्यक काठ, दाउरा, घाँसको लागि मात्र नभई पारिस्थितिक तथा जैविक प्रणालीको सन्तुलनको लागि समेत जैविक विविधताको महत्वलाई दृष्टिगत गरी हाल यस गाउँपालिकामा सामुदायिक वनजस्ता अवधारणाहरूलाई व्यवहारमा लागु गरिएको छ। यसै सन्दर्भमा वन वरिपरी बढिरहेको जनसंख्या, चोरी निकासी र आगामी दिनहरूमा उक्त वन क्षेत्रले मागेको आधारमा आपुर्ति गर्न नसक्ने वन पैदावरको हैसियतलाई विचार गर्दा यस क्षेत्रको जैविक विविधता व्यवस्थापन कार्य चुनौतीपूर्ण बन्दै गएको छ। हाल सामुदायिक वनहरू वन संरक्षण, सम्बर्द्धन तथा सदुपयोगमा सहभागिता भइरहेका छन्।

यस गाउँपालिकामा उष्ण प्रदेशीय जलवायु भएको कारण यस क्षेत्रमा साल, सिसौं, हल्लुडे, अमला, हर्रो, बर्रो, खयर, सिमल, विजयसाल, राजवृक्ष, आदि जातका विरुवाहरू पाइन्छन्।

यस गाउँपालिका क्षेत्रमा रहेका वनजंगलहरूले चितुवा, बँदेल, सालक, बनढाडे, बादर, बनमुसा, स्याल, बन बिरालो, खरायो, मलसाप्रो आदि प्रजातिका जीवहरूको लागि उपयुक्त वासस्थान उपलब्ध गराएको छ। गाउँपालिकामा रहेका वनक्षेत्र तथा विभिन्न खोलानालाहरूले विभिन्न प्रजातिका चराचुरुङ्गीहरू विशेषत: कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिबे, भ्याकुर, फिस्टो, रूपी, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस तथा विभिन्न घिस्रने जन्तुहरू गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, हरेउ, ढोडिया, सुनगोहोरो, छेपारो, अजिँगर, भित्ती, सर्प, गड्यौला, जुका, अन्य किटपतङ्ग आदिलाई बासस्थान प्रदान गर्दै संरक्षित गरेको छ। यद्यपी वनजंगल अतिक्रमणका कारण प्रकृती प्रदत्त यी जैविक र वनस्पतीय अमुल्य वन सम्पदाहरूको विस्थापन र विनाशको क्रम तिव्ररूपले बढ्दै गइरहेको छ। वर्षेनी वन क्षेत्र फडानी भई चुरे क्षेत्र नाङ्गा डाँडामा परिणत हुँदै जानु र अन्य वन क्षेत्र कृषियोग्य भुभागमा परिणत हुनु तथा वन्यजन्तुहरूको वासस्थान एवं वन्य प्रजातीमा ह्रास हुनु जैविक विविधता संरक्षणका निमित्त विकराल चुनौतीका रूपमा देखिएको छ।

## ८.३ गाउँपालिकामा पाईने वन्यजन्तु

### (क) वन्यजन्तु

यस गाउँपालिकामा पाइने प्रमुख वन्यजन्तुहरूमा चितुवा, चित्तल, दुम्सी, बँदेल, खिरखिरे, सालक, बनढाडे, मृग, घोरल, लङ्गुर, बादर, बनमुसा, स्याल, बन बिरालो, रतुवा, निलगाई, खरायो, मलसाप्रो, ढेडु आदि छन।

### (ख) चराचुरुङ्गी

सियारी गाउँपालिकामा थुप्रै प्रकारका चराहरू पाइन्छन् । यस गाउँपालिकामा पाईने चराचुरुङ्गीहरूमा कोइली, मैना, सुगा, ढुकुर, लुइँचे, गौथली, काग, भँगेरा, मयुर, हुटिट्याउँ, हुचिल, जुरेली, भद्रायो, चिल, बाज, कोटेरा, ठेउवा, बट्टाइ, चिब, रूपी, चखेवा, पिरौटा, भुँडिफोर, चिवे, गिद्ध, धनेश, कालिज, लाटोकोसेरो, चमेरो, हाँस, परेवा, कुखुरा, तित्रा, धोबी चरो, हाडफोरुवा, कऱ्याङकुरुङ, भद्राई, सारस आदि प्रमुख छन् ।

### (ग) घिस्रने जिवजन्तुहरू

यस गाउँपालिकामा पाइने घिस्रने जिवजन्तुहरूमा अजिँगर, भित्ती, गोमन, गनग्वाली, हरहरे, करेत, सिरिसे, धामन, वैरिकरेट, हरेउ, ढोडिया, सुनगोहोरो, अनेक प्रकारका सर्प तथा छेपारो, भातेमहुरा, गड्यौला, जुका, अन्य किटपतङ्ग आदि प्रमुख छन् ।

### (घ) जलचर तथा उभयचर जीवहरू

सेधरी, डिंरा, चरंगी, रावा, डरही, कूरसा, रोहहू, सौरी, सिंगी, मंगूरा, मैलवा, डोंगी, खेसटी, टेंग्रा, वामे, वक्काइन, ढोरी, हराट, परनी जातका माछाहरू, डल्फीन, ठोटेरा, गँगटा, भ्यागुता, विभिन्न प्रजातीका घुँघी आदि।

### (ङ) कीरा फट्याङ्ग्राहरू

मौरी, खागो, पुत्को, कठेउरी, गोब्रेकीरा, जुका, बिच्छी, खजुरो, झुसिलो, बारुलो, उडुस, अरिंगाल, शङ्खेकीरा, बच्छ्युँ, माकुरा, बअरिमोठे, डाँस, पतेरो, साङ्लो, लामखुट्टे सयौं प्रकारका किरा फट्याङ्गाहरू आदि ।

### (च) फूलका प्रजातिहरू

यस गाउँपालिकामा विभिन्न किसिमका फुल फुल्ने र एक दलिय वनस्पतीहरू पाइन्छ । सयपत्री, गोदावरी, मखमली, बाह्रमासे, गुलाव, लालुपाते, घन्टीफूल, तिउर, बाबरी, झालेफूल, पारिजात, लाहुरे चुवा, पलास, मसुन्डा आदि गाउँपालिकामा पाईने फुलका प्रजातिहरू हुन् ।

## ८.४ वनजंगल

सियारी गाउँपालिकामा समुन्द्र सतहबाट १०० देखि १२७ मिटरसम्मको भू-भाग रहेको छ । यो गाउँपालिका तराईको समथर भू-भागमा रहेको हुनाले यहाँ पाइने वनको किसिम र प्रजातिमा पनि विविधता पाईन्छ । उष्ण प्रदेशीय हावापानी भएको यस गाउँपालिकाको वन क्षेत्रमा थुप्रै प्रजातिका मिश्रित वन पाईन्छ । हावापानी, भौगोलिक अवस्थिति तथा प्रजातिको आधारमा यस गाउँपालिकामा विभिन्न किसिमका वनहरू जस्तै सालको वन, तराई हार्डउड, खयर सिसौं, चिरपाईन मिश्रत वन र झाडी बुट्यान रहेका छन् ।

### ८.४.१ सामुदायिक वन

स्थानीय बासिन्दालाई वन संरक्षण र उपयोगमा सहभागि बनाउने नेपाल सरकारको नीतिअनुसार यस गाउँपालिकामा जिल्ला वन कार्यालय मार्फत सामुदायिक वन उपभोक्ता समूह गठन गरी वन हस्तान्तरण गर्ने काम

पनि भइरहेको छ। वन ऐन, २०४९ तथा वन नियमावली, २०५१ ले व्यवस्था गरे बमोजिम सामुदायिक वनको संरक्षण, सम्बर्द्धन तथा व्यवस्थापनको सम्पूर्ण जवाफदेही सम्बन्धित वन उपभोक्ता समूहहरूलाई नै हुन्छ। यो कार्यक्रम शुरुमा लागू भएको बेला यसको उद्देश्य नाङ्गा डाँडा पाखाहरूमा हरियाली बढाउने र सर्वसाधारण जनतालाई, काठ, दाउरा र डालेघाँस लगायत वन पैदावारको आधारभुत आवश्यकता परिपुर्ति गर्ने रहेको थियो, तर अहिले यस कार्यक्रमको मुख्य उद्देश्यमा विपन्न परिवारहरूको गरिवी निवारण, जीविकोपार्जन, जैविका विविधताको संरक्षण, दिगो वन व्यवस्थापन, सुशासन, समावेसीकरण, लैङ्गिक समानता, विशेष गरि महिला, दलित तथा जनजातिको सहभागिताजस्ता नयाँ नयाँ सबालहरू समेत समावेश भएकोले यस कार्यक्रमले गरिवी न्युनिकरणमा समेत सहयोग पु¥याउन सक्ने विश्वास गरिएको छ। जिल्ला वन कार्यालयको प्राविधिक सहयोगमा समूहको स्वीकृत विधान तथा वन कार्ययोजना बमोजिम उपभोक्ता समूहको क्रियाकलापहरू संचालन तथा सामुदायिक वनको संरक्षण, सम्वर्द्धन, व्यवस्थापन तथा वन पैदावारको सदुपयोग हुने गरेको छ। गाउँपालिकामा आ.व. २०७२/७३ सम्ममा ४ सामुदायिक वनहरूलाई वन उपभोक्ता समूहमा हस्तान्तण गरिएको छ। विगतको समयमा थोरै जनसंख्याको तुलनामा प्रशस्त वन क्षेत्र भएकोले पनि वन संरक्षणभन्दा उपयोगमा मात्र जोड दिएको पाइन्छ तर गएको केही वर्षदेखि वन क्षेत्र वरिपरिका जनतामा नयाँ जागरण देखिएको छ। बढ्दो अतिक्रमण, लुकिचोरी हुने कटानी, चरिचरन, आगलागी आदि कारण र भैरहेको वन विनासले वनको अवस्था अत्यन्त संवेदनशील भएको छ। त्यसैले गर्दा वन क्षेत्रका बस्तीहरूमा वन संरक्षण समिति तथा वन उपभोक्ता समितिहरू गठन गरी वन संरक्षणका लागि स्थानीय प्रयास शुरु हुन थालेको छ। विगतका वर्षहरूको तुलनामा जनताको सहभागिताको परिणाम स्वरूप वनक्षेत्रहरू पुन: प्राकृतिक अवस्थामा रूपान्तरित हुन पुगेका छन्। सामुदायिक वनहरूमा विद्यमान संरक्षण र आफ्नो सामुदायिक वन प्रतिको लगावको परिणाम स्वरूप उजाड र मरुभूमिकरणतर्फ उन्मुख हुँदै खोला र खहरेहरूले ग्रसित भएका वनक्षेत्रहरू आज प्राकृतिक रूपमा संरक्षित भएका छन्। सामुदायिक वनका उपभोक्ताहरूसँग प्राविधिक ज्ञान र वनको उत्पादकत्व बढाउन आवश्यक पर्ने प्रविधिको अभाव खड्किएको छ। तसर्थ वन व्यवस्थापन कार्यलाई प्रभावकारी बनाउन सामुदायिक वनहरूलाई स्रोत, साधन र प्रविधियुक्त जनशक्तिको उपलब्ध हुनु जरुरी छ। उपभोक्ताहरूमा रहेका परम्परागत वन संरक्षण विधिहरूका अतिरिक्त नयाँ विधि र कार्यशैलीहरूको विकास गराउन जरुरी देखिन्छ। दक्षता अभिवृद्धिका निमित्त सामुदायिक वन उपभोक्ताहरूलाई तालिम, गोष्ठी, सेमिनार र अवलोकन भ्रमणका अवसरहरू प्रदान गर्नुपर्ने देखिन्छ।

बौद्धिक सम्पदा अधिकार (Patent right) का विषयमा र WTO सम्बन्धी अवधारणाहरूका विषयमा समुदायलाई आवश्यक जानकारी गराउनु अनुशिक्षण दिनुपर्ने देखिन्छ। गाउँपालिका र सामुदायिक वन उपभोक्ता समूहहरूको सहभागितामा सामुदायिक वनभित्र गैरकाष्ठ वनपैदावरको उत्पादनलाई प्रोत्साहित गर्न र विभिन्न तालिम गोष्ठी अध्ययन भ्रमणहरू गरिदै आएका छन्। यसले स्थानीय स्तरबाट वन व्यवस्थापनका सम्पूर्ण पक्षहरूलाई अघि बढाउन र वनक्षेत्रको उत्पादन बढाउन थप मद्दत मिल्ने देखिन्छ। सामुदायिक वनहरूको सुदृढीकरणका निमित्त जिल्ला वन कार्यालयको जनशक्ति मात्रले सम्भव नदेखिएकाले उक्त कार्यका निमित्त वनसँग आवद्ध विभिन्न गैससरकारी संस्थाहरूलाई गाउँपालिकामा परिचालन गर्नुपर्ने देखिन्छ।

माथि उल्लेखित तथ्यहरूको आधारमा हालसम्म गाउँपालिकाले काठ दाउराको बिक्री वितरणबाट आय गरेको देखिएता पनि वनहरूको परम्परागत उत्पादनमा ह्रास र परम्परागत प्राकृतिक स्रोतको दोहनले गर्दा भावी दिनहरूमा सुख्खा, ढलापडाको संकलनको स्थिति यही रहला भन्न सकिन्न। सामुदायिक वनहरूको क्रमिक हस्तान्तरण र वन संरक्षणका प्रभावकारी उपायहरूको अवलम्बनले प्राकृतिक पुनरुत्पादन क्रमश: बढ्दै जाने देखिन्छ। वनहरूबाट काठ र दाउराको परम्परागत उत्पादन लिने प्रवृत्तिमा परिवर्तन गर्दै जनतालाई गैरकाष्ठ पैदावारको उत्पादनतर्फ उन्मुख गराउनुपर्ने र वन्यजन्तुहरूको व्यवसायिक पालन लगायतका गतिविधिहरूबाट आय स्रोतहरूमा बृद्धि गर्न जनसहभागितामा विशेष जोड दिनुपर्ने देखिन्छ।

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। यस गाउँपालिकामा रहेका सामुदायिक वनहरूको विवरण तलको तालिकामा उल्लेख गरिएको छ।

तालिका नं. ५९ : सामुदायिक वनको विवरण

| क्र.सं. | सामुदायिक वन उपभोक्ता समूहको नाम | वडा नं. | क्षेत्रफल | घरधुरी |
|---|---|---|---|---|
| १ | श्री राम जानकी सामुदायिक वन उपभोक्ता समूह | ३ | ३ | ७९ |
| २ | वाउन्नकोठी सामुदायिक वन उपभोक्ता समूह | १ | १५७ | ५५८२ |
| ३ | समयमाई सामुदायिक वन उपभोक्ता समूह | ७ | ३.०३ | ८१ |
| ४ | हर्नैया प्रगतिशिल सामुदायिक वन उपभोक्ता समूह | ३ | ७.९८ | १४१ |

*स्रोत : जिल्ला वन कार्यालय, रूपन्देही २०७३*

वन विकास गुरुयोजना, २०४६ ले प्राथमिकतामा राखेको सामुदायिक वन विकास कार्यक्रममा यो गाउँपालिकाले अग्रणी भूमिका खेलेको छ। सियारी गाउँपालिकामा आ.व. २०७२/०७३ सम्ममा जम्मा ४ वटा सामुदायिक वनहरू उपभोक्तालाई हस्तान्तरण गरिएको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ।

### ८.४.२ धार्मिक वन

धार्मिक संघ/संस्थाको वरिपरि रहेको वन जंगल क्षेत्रहरू धार्मिक क्षेत्रको महत्त्व र सौन्दर्य बढाउने उद्देश्यले त्यस्ता धार्मिक वनको रूपमा हस्तान्तरण गरिन्छ। गाउँपालिका विभिन्न भागहरूमा रहेका धार्मिक स्थल धार्मिक वनको सम्भावना बोकेका क्षेत्रहरू भएतापनि त्यसको उचित संरक्षण र प्रर्वद्धन हुन नसकेको देखिन्छ।

### ८.४.३ सरकारद्वारा व्यवस्थित वन

यस गाउँपालिकामा भएको १०.९२ वर्ग कि.मि. वनक्षेत्रले ओगटेको छ। जिल्ला वन कार्यालय अन्तर्गत वन क्षेत्र रहेकोमा सामुदायिक वन र निजी वनको रुपमा स्थानीय उपभोक्ताहरूलाई हस्तान्तरण नगरिएको राष्ट्रिय वनको भाग नै सरकारद्वारा व्यवस्थित वनको रुपमा रहेको छ।

### ८.४.४ निजी वन

राष्ट्रिय वन क्षेत्र माथि पर्ने वन पैदावरको चापलाई कम गर्न नेपाल सरकारले अवलम्बन गरेको नीति अन्तर्गत सामुदायिक वन सँगै निजी वन कार्यक्रम समेत यस गाउँपालिकामा संचालन गरिएको छ। निजी वनमा रोपिएका मुख्य प्रजातिहरूमा सिसौं, लहरेपिपल, टिक, मसला, खयर, बाँसजस्ता प्रजातिहरू रहेका छन्।

## ८.५ वन संरक्षणका लागि चाल्नु पर्ने कदम

राष्ट्रिय, सामुदायिक र संरक्षित वनहरूलाई सघनीकरण गर्दै तिनीहरू भित्र गैरकाष्ठ पैदावार र बहुमुल्य जडिबुटीहरूको उत्पादन गर्नु नितान्त आवश्यक छ। राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारको विश्लेषण गरी गैरकाष्ठ पैदावारमा आधारित जडिबुटी प्रशोधन उद्योगको स्थापना तथा सञ्चालनतर्फ सरकारी तथा गैरसरकारी संघसंस्थाहरूको संलग्नता हुनु नितान्त आवश्यक देखिन्छ। गाउँपालिकामा जनसंख्याको चाप बढ्दै गएको र उन्नत जातका पशुहरूको तुलनामा स्थानीय अनुत्पादक पशुहरूको संख्या पनि उच्च रहेको देखिन्छ। यी अनुत्पादक पशुहरूको अनियन्त्रित चरिचरनको कारण राष्ट्रिय र संरक्षित वन क्षेत्रहरू अत्यधिक प्रभावित भएका छन् प्राकृतिक रूपबाट पुनरुत्पादन हुने गरेको पोथ्रा पोथ्रीहरू अनियन्त्रित चरिचरनले विनाश भइरहेका छन्। प्राकृतिक स्रोत र साधनहरूको दिगो उपयोगबाट नै मानव समाजको समुन्नत भविष्यको परिकल्पना गर्न सकिन्छ। जनताको सहभागिता र संलग्नतामा वन संरक्षणलाई सामुदायिक वन कार्यक्रम, कबुलियती वन कार्यक्रम र कृषि वन कार्यक्रम सञ्चालन गरी गरिब, असहाय, अपाङ्ग र महिला समुदायलाई हस्तान्तरण गर्नुपर्ने देखिन्छ। वनको हैसियतमा समेत सुधार ल्याउन सामुदायिक वन उपभोक्ता समूहहरूबाट हुन सक्ने सकारात्मक कार्यक्रमहरूलाई पहिचान गरी सहभागितात्मक सामुदायिक वन विकास कार्यक्रम अघि बढाउनु अत्यावश्यक देखिन्छ।

# खण्ड ९ : विकास सुचकांक र गरिबीको स्थिति

## ९.१ मानव विकास सुचकको विवरण (HDI)

मानव विकास सुचकले तीनवटा कुरालाई आधार बनाएको छ। जसमा आम्दानी, शिक्षा र सापेक्षित आयु छन्। यी तिनवटै परिसुचकलाई समावेश गरी मानव विकासको सुचक निर्धारण गरिएको छ। हरेक देश/ठाउ'का जनताको स्वास्थ्य स्थिति, शैक्षिक अवस्था, तथा जीवन स्तरको अवस्था मापन गरी स्तर निर्धारण गर्ने प्रयोजनको लागि संयुक्त राष्ट्रसंघको विकास कार्यक्रम (UNDP) ले विकास गरेको शिक्षा, स्वास्थ्य तथा प्रतिव्यक्ति आयका सूचकहरूको संयुक्त सूचकाङ्क नै मानव विकास सूचकाङ्क हो। UNDP नेपालले हालै नेपालका सबै जिल्लाहरूको मानव विकास सूचकाङ्कको मान समेटिएको नेपाल मानव विकास प्रतिवेदन, २०१४ सार्वजनिक गरेको छ। यो प्रतिवेदनअनुसार रूपन्देही जिल्लाको मानव विकास सूचकाङ्क ०.४३१ ( नेपालको ०.४९०) रहेको छ। अर्थात् रूपन्देही जिल्लाको मानव विकास सूचकाङ्क नेपालको राष्ट्रिय औषत भन्दा कम देखिन्छ। मानव विकास सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल काठमाण्डौं जिल्लाको मानव विकास सूचकाङ्क ०.६३२ रहेको छ भने दोस्रो स्थानमा ललितपुर मानव विकास सूचक ०.६०१ रहेको छ। पुच्छारमा रहेको बाजुरा जिल्लाको मानव विकास सूचकाङ्क ०.३६४ रहेको छ। मानव विकास सूचकाङ्कका अवयव सूचकहरू हेर्ने हो भने रूपन्देही जिल्लाको हरेक व्यक्ति बाँच्ने अपेक्षित औषत आयु (Life expectancy) ६९.५३ वर्ष र यसको सूचक ०.७४२ प्रौढ साक्षरता दर (Adult literacy) ४१.८९ प्रतिशत र यसको सूचक ०.४१९, शिक्षा आर्जनमा खर्चेको औषत समय (Mean years of schooling) २.९७ वर्ष र यसको सूचक ०.१९८ तथा कुल राष्ट्रिय प्रतिव्यक्ति आय (Per capital income) ९३८ अमेरिकी डलर र यसको सूचक ०.३७४ रहेको देखिन्छ। यसको विवरण तलको तालिकामा देखाइएको छ।

तालिका नं. ६० : **मानव विकास सुचकको विवरण** (HDI)

| क्षेत्र | स्वास्थ्य | | शिक्षा | | | | आम्दानी | | मानव विकास |
|---|---|---|---|---|---|---|---|---|---|
| | सापेक्षित आयु | | प्रौढ साक्षरता | | विद्यालय जाने मध्यम वर्ष | | प्रतिव्यक्ति आम्दानी (क्रय शक्ति) | | ज्यामितीय मध्यक |
| | मान | सुचक | मान | सुचक | मान | सुचक | मान | सुचक | |
| नेपाल | ६८.८० | ०.७३० | ५९.५७ | ०.५९६ | ३.९० | ०.२६० | ११६० | ०.४०९ | ०.४९० |
| रूपन्देही | ६९.५३ | ०.७४२ | ४१.८९ | ०.४१९ | २.९७ | ०.१९८ | ९३८ | ०.३७४ | ०.४३१ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४*

## ९.२ मानव गरीबी सूचकाङ्क (Human Poverty Index)

अपेक्षित औषत आयु ४० वर्ष वा सो भन्दा कम भएको जनसंख्याको प्रतिशत, प्रौढ निरक्षरता, सुरक्षित खानेपानी नपुगेको जनसंखयाको प्रतिशत तथा कुपोषित ५ वर्ष भन्दा मुनिका बालबालिकाहरूको प्रतिशतजस्ता सूचकहरूको संयुक्त सूचकाङ्कको रूपमा विकास गरिने मानव गरीबी सूचकाङ्कको स्थिति हेर्दा रूपन्देही जिल्ला मानव विकास सूचकाङ्कको स्थिति खासै राम्रो अवस्थामा रहेको देखिँदैन। रूपन्देही जिल्लाको मानव गरीबी सूचकाङ्क मान ४१.७२ (नेपालको ३१.१२) रहेको छ। यो सूचकाङ्कको मान जति कम भयो त्यति राम्रो मानिन्छ किनभने यो सूचकाङ्क नकारात्मक सूचकहरूको प्रयोग गरी निकालिन्छ। जस्तै: प्रौढ निरक्षरता दर। मानव गरीबी सूचकाङ्कको आधारमा सबैभन्दा माथिल्लो स्थानमा हुम्ला जिल्लाको मानव गरीबी सूचकाङ्क ४९.२६ रहेको छ भने पुच्छारमा रहेको कास्की जिल्लाको मानव गरीबी सूचकाङ्कक १६.५० रहेको छ। मानव गरीबी सूचकाङ्कका अवयव सूचकहरूमा रूपन्देही जिल्लाको प्रौढ निरक्षरता दर (Adult illiteracy rate) ५८.११ प्रतिशत, ४० वर्षसम्म पनि बाँच्न सक्ने अपेक्षा नगरिएको जनसंख्या (Percentage of people not expected to survive to age 40) ७.३१ प्रतिशत सुरक्षित खानेपानी नपुगेको जनसंख्या (Percentage without safe water) ११.८८ प्रतिशत तथा ५ वर्ष मुनिका कुपोषणबाट प्रभावित बालबालिकाको संख्या (Percentage of children under age five who are malnourished) ४३.६० प्रतिशत रहेको देखिन्छ।

*(स्रोत : नेपाल मानव विकास प्रतिवेदन ,२०१४, UNDP,NEPAL)*

## ९.३ मानव विकास र गरीबी

नेपालमा गरीबीको लघुक्षेत्र अनुमान, २०६८ अनुसार रूपन्देही जिल्ला न्युन समृद्धिस्तर भएका जिल्लाहरूको श्रेणीमा पर्दछ। ७५ जिल्लाहरू मध्ये यो जिल्ला २९ औं स्थानमा रहेको छ र गरीबीको दर २३.१४ प्रतिशत रहेको छ । जिल्लामा गरिबीको रेखामुनि रहेको संख्या १,७४,०७१ रहेको देखिन्छ । गरिबीको दरको आधारमा सबैभन्दा माथिल्लो स्थान ओगट्न सफल कास्की जिल्लाको गरिबीको दर ४ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको बाजुरा जिल्लाको गरीबीको दर ६४.१ प्रतिशत रहेको छ। जसको विस्तृत विवरण तालिकामा उल्लेख गरिएको छ ।

तालिका नं. ६१ : गरीबीको दरको विवरण

| गरिबीको स्थान | गरिबीको दर (प्रतिशत) | गरिबीको विषमता (प्रतिशत) | गरिबीको गहनता (प्रतिशत) | गरीबहरूको संख्या |
|---|---|---|---|---|
| २३ | २३.१४ (१.७६) | ४.६२(०.५) | १.३८ (०.१९) | १,७४,०७१ |

*स्रोत: नेपाल मानव विकास प्रतिवेदन, २०१४,*

## ९.४ गरिबी न्यूनीकरण

सहरी गरिबी न्यूनीकरणका लागि स्वरोजगर सृजना गर्ने, उद्यमशीलताको खोजी तथा प्रवर्द्धन गर्ने एवं विभिन्न सिपमूलक तथा क्षमता अभिवृद्धि हुने क्रियाकलापद्वारा विशेषत ग्रामीण प्रकृतिका वडाहरूमा रोजगारी सृजना गर्नेतर्फ कार्यक्रम केन्द्रित गरी नयाँ थप भएका वडाहरूमा विभिन्न शिपमूलक तालिम सञ्चालन गरी जीविकोपार्जनका कार्यक्रमलाई प्रोत्साहन गर्नु पर्ने देखिन्छ ।

## ९.५ समग्र विकास स्थिति

राष्ट्रिय जनगणना २०६८ अनुसार ३८,४६६ जनताको बसोबास भएको यस सियारी गाउँपालिकामा खास गरी सामाजिक रूपले पछिपरेका र आर्थिक रूपले विपन्न अवस्थामा रहेका गरिबीको रेखामुनि परेका जनताको जीवनस्तरलाई कसरी माथि उठाउने र सामाजिक भेदभाव रहित एवं आर्थिक रूपले सम-समुन्नत गाउँपालिकाको निर्माण कसरी गर्ने भन्ने चुनौतीलाई समयसापेक्ष रूपमा समाधान गर्न विगतदेखि वर्तमानसम्म गरिएका मानवीय प्रयासहरू र तिनबाट प्राप्त प्रतिफलको आधारमा जीवनस्तरमा भएको रूपान्तरणलाई नै अहिलेसम्मको मानवीय विकासको रूपमा लिन सकिन्छ। यसरी हेर्दा गाउँपालिकाबासीहरूको मानवविकास सुचकांक, लैंगिक समता सुचकांक, जनताको बाँच्ने औसत आयु, औसत ग्राहस्थ उत्पादन, औसत साक्षरतादर र औसत आम्दानीजस्ता विभिन्न आयामहरूलाई दृष्टिगत गर्नु आवश्यक हुन जान्छ। संक्षेपमा गाउँपालिकाको मानवीय विकासको स्थितिलाई हेर्दा जनताको यातायात सेवामा पहुँच अझै पनि बाह्रै महिना भरपर्दो गरी पुऱ्याउन सकिएको छैन। यसै गरी स्वास्थ्य सेवाको पहुँचमा खास गरी आदिवासी जनसमुदायको बसोबास र बाहुल्य रहेको भौगोलिक क्षेत्रमा थप सेवा प्रदान गर्नुपर्ने आवश्यकता विद्यमान छ। अस्पताल, स्वास्थ्य केन्द्र, स्वास्थ्य चौकी र उपस्वास्थ्य चौकी, स्थापित भए बमोजिम आवश्यक दक्ष स्वास्थ्यकर्मीहरूको प्रयाप्ता नहुँदा जनताको स्वास्थ्य सेवा पाउने स्थितिमा गुणात्मक परिवर्तन आएको देखिँदैन। केन्द्रीय तथ्याङ्क विभागको तथ्याङ्कअनुसार गाउँपालिकामा खानेपानीको आपूर्तिको लागि विभिन्न श्रोतको प्रयोग गरेको देखिन्छ। जसमा ट्युवेल/हाते पम्पको प्रयोग गर्नेको संख्या ५,५३३( ८१.४६ प्रतिशत) सबैभन्दा बढी रहेको छ भने दोस्रोमा धारा तथा पाइपको पानी प्रयोग गर्ने घरधुरी संख्या १,०७९ (१५.८९ प्रतिशत) रहेको देखिन्छ भने खुला इनार तथा कुवाको पानी प्रयोग गर्ने घरधुरी सबैभन्दा कम रहेको देखिन्छ। सामाजिक एवं मानव विकासको एक महत्वपूर्ण आयमको रूपमा रहेको शिक्षा क्षेत्रमा यो गाउँपालिका रूपन्देही जिल्लाका अन्य गाउँपालिकाको तुलनामा केहि पछाडि रहेको देखिन्छ। पछिल्लो राष्ट्रिय जनगणना, २०६८ अनुसार यस गाउँपालिकाको साक्षरता दर ६९.६४ प्रतिशत (नेपालको ६५.९४ प्रतिशत) रहेको छ। लैंगिक हिसाबले यो गाउँपालिका पनि अन्यत्र झैं केही विभेद रहेको पाईन्छ। जस्तै: यस गाउँपालिकाको कुल साक्षर मध्ये पुरुषको साक्षरता दर ८१.११ प्रतिशतको तुलनामा महिलाको साक्षरता दर ५९.१६ प्रतिशत मात्र रहेको छ। पुरुष र महिलाको साक्षारता दरमा लगभग २१.९५ प्रतिशतको फरक देखिन्छ। सबैभन्दा अग्रस्थानमा रहेको काठमाण्डौ जिल्लाको साक्षरता दर ८६.२५ प्रतिशत रहेको छ भने पुच्छारमा रहेको रौतहट जिल्लाको साक्षरता दर ४१.६९ प्रतिशत रहेको छ।

शिक्षा तर्फ र प्राथमिक शिक्षालाई सबै गाउँपालिकाबासीहरूको प्राथमिक अधिकारको रूपमा अझै पनि व्यावहारिक रूपमा स्थापित गर्न सकिएको छैन र अद्यावधिक स्कुल जाने उमेरका केही बालबालिकाहरूले स्कुल भर्ना भई पढ्न पाइरहेका छैनन्। पहिलो कुरा त स्थापित स्कुलहरूमा समेत कक्षाकोठाहरूको कमी हुनु र शिक्षक विद्यार्थी अनुपात कमी रहनु स्वयंमा विडम्बनापूर्ण स्थिति छ भने अर्कोतिर मावि र उच्च माविको शिक्षा पुरा गरेका

युवाहरूको समेत रोजगारीको प्रत्याभुति हुन सकेको छैन । माध्यमिकस्तरको शिक्षालाई व्यावसायिक नबनाएसम्म हाल शिक्षामा देखिएको निराशजनक स्थितिको अन्त्य हुने सम्भावना पनि देखिँदैन ।

यस गाउँपालिकाको जनसंख्या जसरी नेपालको जनसंख्या बढेको छ त्यही स्थितिले यहाँ पनि जनसंख्या बढिरहेको अवस्था देखिन्छ । जनसंख्या दोब्बर हुँदाको अवस्थामा जनतालाई गाँस, बास, शिक्षा र स्वास्थ्य सेवा साथै रोजगारीको व्यवस्था पनि दोब्बर गर्नुपर्ने देखिन्छ ।